सत्ता समीकरणमा छिमेकी छाया | महँगिए फिल्मी कलाकार

आइतबार • २३ पुस २०७४ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com

राष्ट्रिय साप्ताहिक

कस्ता प्रधानमन्त्री ?

फुल-टाइमर ✓

पार्ट-टाइमर ✗

shanker
JAGDAMBA STEEL
देशको मेरुदण्ड
RHINO
GUARANTEED DUCTILITY
Fe 500D
GUARANTEE
*नेपाल अधिराज्य भरी ५०० के.जी. भन्दा बढीको खरिदमा ढुवानीको व्यवस्था गरिएको छ ।
नेपालमा पहिलो पटक
Guaranteed Rebar
GUARANTEE CARD
Lowest Carbon
Less Impurities (S+P= 0.075)
Min. Elongation 16 %
हरेक खरिदमा पाउनुहोस् ग्यारेन्टी कार्ड
NS:191
IS : 1786
OYSTER
RHINO 500D 12
नेपालमा पहिलो पटक, नेपालकै लागि
Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

AMBE
GROUP

अम्बे सिमेन्ट

गुणस्तरीय पहिचान | मजबुत जडान | वर्षौंसम्मको शान

अम्बे सिमेन्ट

यो देशको शिर, उच्च राख्दै...

नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गुण ३८५

नेपालमा बनेको

ISO 9001:2008
CERTIFIED COMPANY

झंडु बाम,
अब ROLL ON मा पनि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
New Improved No.1
ZANDU
Balm
Fast Action
Fast Absorption
ZANDU
ZANDU
ROLL-ON
अब नयाँ झंडु रोल-अन
पनि बजारमा
उपलब्ध
छ
New Improved No.1
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
Balm
FAST ACTION
FAST ABSORPTION
अधिक दुखाईको लागि
सामान्य दुखाईको लागि
ZANDU
EXPERT IN LIFESTYLE DISORDERS
ULTRA POWER
Balm
For Strong Headache, Bodyache & Cold

कस्तो हुनुपर्छ भावी प्रधानमन्त्री ?

आवरण ३२

१४ विकृति
मदिरा : हिंसाको जड

१८ विसंगति
असफल विकासे मोडल

२३ नयाँ सरकार
छिमेकीको छाया

४० गीत-संगीत
उहिले थियो, अहिले छैन

५४ झल्याकझुलुक
दीपिकाको दोस्रो कहिले ?
हाँस्न नसकेका हसन

४२ फिल्म
भाउ बढ्यो, कलाकारहरूको

दृष्टिकोण : हस्त गुरुङ १६
म्यादी आन्दोलन किन ? २०
टिप्पणी : श्रेय पौडेल २२
विमर्श : अच्युत वाग्ले २८
परिभ्रमण : अजय दीक्षित ३८
परदेशबाट : विश्वास हमाल ४५

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुलुक (५४), फिल्म (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम

कपी डेस्क : ईश्वरी ज्ञवाली, गुरुङ सुशान्त, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौंमा मुद्रित, प्रकाशन मिति : १६ पुस २०७४, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

आफैँमाथि प्रश्न गरौँ

हुन त हामी नागरिकले नै चुनेर पठाएका हौँ तर प्रतिनिधिसभाका विजेताहरूमाथि *नेपाल*ले गरेको सर्वेक्षणको नतिजा हेर्दा आफैँमाथि अनेक प्रश्न गर्न मन लाग्यो *(राजनीति नै 'पेसा', ११ पुस)*। खास गरी हामी शिक्षित भनिएकाहरू नै कस्ता जनप्रतिनिधि छान्दा रहेछौँ भन्ने स्पष्ट देख्न पाइयो। त्यसो त, पार्टीहरूले उठाएका उम्मेदवारमध्ये नै छान्ने हो, त्यसबाहेकको विकल्प थिएन। तैपनि, आत्मा साक्षी राखेर भन्ने हो भने सबल र सक्षम नेतृत्व चुन्ने दूरदर्शी क्षमता हामीकहाँ रहेनछ। त्यसैले त ठेकेदारदेखि गुन्डागर्दीमा संलग्नसमेतलाई जिताउन पुग्यौँ। अरू त अरू, राजनीतिलाई नै पेसा मान्ने नेतृत्वबाट कस्तो सुशासनको अपेक्षा राख्न सकिन्छ ?

किनभने, जोकोहीलाई थाहा छ- राजनीति गरेर सीधा रूपमा पैसा आउँदैन। राजनीति कहिल्यै पेसा हुन सक्दैन।

वास्तवमा राजनीतिलाई पेसा बनाउनेहरूले नै आफ्नो परिवार पाल्न राजनीतिकै हतियार प्रयोग गरेर चोर बाटोबाट पैसा कमाइरहेका छन्। र, पनि हामी त्यही नेतृत्व प्रणालीको जयजयकार गरिरहेका छौँ। यसपटक त यस्तै भइहाल्यो तर यो सर्वेक्षणबाट हामीले सिक्नुपर्ने कुरा धेरै छन्। नत्र आफैँ मत हालेर जिताउने अनि तिनै नेतालाई आफैँ गाली गर्ने लाजमर्दो परिस्थितिको कहिल्यै अन्त्य हुन्न। यसका साथै त्यति बृहत् र निष्पक्ष सर्वेक्षण गरेकामा *नेपाल*लाई धन्यवाद। साँच्चै उक्त अंक संग्रहणीय छ।

● **सुमन चौलागाईं**
सन्तपुर, रौतहट

- हामी अझै निर्वाहमुखी कृषि प्रणाली अपनाइरहेका छौँ। कृषि पेसा अपनाउने सारा नेपाली किसान अझै गरिबीको रेखामुनि छन्। तर, नेताहरू भने आम्दानीको मुख्य स्रोत कृषि भन्छन्। अनि, सम्पन्न र विलासी जीवन बिताउँछन्। त्यही कृषि, जनताले गर्दा गरिब हुने तर नेताले गर्दा धनी हुने कति सम्भव कुरा हो ?

● **उषा राजवंशी**
विराटनगर-८, मोरङ

नसुहाउने कुरा

एमाले नेता माधवकुमार नेपालले केपी शर्मा ओलीलाई उपप्रधानमन्त्री बनाएर ठूलो गुन लगाएको दाबी गर्न सुहाउँदैन *('...ओली उपप्रधानमन्त्री बन्न सक्नुहुने थिएन', १६ पुस)*। एमालेभित्र पार्टी र राजकीय पद बाँडफाँट गर्ने क्रममा ओली उपप्रधानमन्त्री बनेका हुन्। यति सामान्य कुरालाई ठूलै उपकार गरेजसरी प्रस्तुत गर्नु र उपलब्धिका रूपमा व्याख्या गर्नु लाजमर्दो कुरा हो। नेता नेपालले एमालेको नेतृत्व गर्दा ओलीलाई ठूलठूला जिम्मेवारी दिएको भनेर डंका पिटेका रहेछन्। यो पनि उनको अतिशयोक्ति हो। ओलीबाट प्राप्त विदेश विभागको जिम्मेवारी पनि राम्रोसँग सम्हाल्न नसकेका नेपालले आजको ओलीको व्यक्तित्व आफ्नै कारणले निर्माण भएको हो भन्नु आफैँप्रति पनि व्यंग्य हो।

● **गणेश ढकाल**
पोखरा, कास्की

राष्ट्रपति नै दोषी

राष्ट्रियसभा निर्वाचनसम्बन्धी अध्यादेश दुई महिनादेखि शीतलनिवासमा अड्काएर राख्नु नै अहिलेको राजनीतिक 'डेडलक'को कारण हो *(राष्ट्रपतिको दुर्नियत, ११ पुस)*। राष्ट्रपतिले अध्यादेश जारी नगरेकैले राष्ट्रियसभा निर्वाचन प्रक्रिया अघि बढ्न सकेको छैन। उनले यो अध्यादेश समयमै जारी गरिदिएको भए राष्ट्रियसभा गठनसँगै नयाँ सरकार बनिसक्ने थियो। तसर्थ, नयाँ सरकार बनाउनमा प्रधानमन्त्रीभन्दा राष्ट्रपति नै मुख्य जिम्मेवार

छिन् । संविधानविपरीत यस्तो कार्य गर्ने छुट उनलाई छैन । राष्ट्रपति पनि कानुनभन्दा माथि हुन सक्दिनन् । यो चेतना जरुरी छ ।

● **गंगा पाठक**
माडी, चितवन

- सरकारले राष्ट्रपतिसमक्ष पेस गरेको राष्ट्रियसभा निर्वाचनसम्बन्धी अध्यादेशका विषयमा वाम गठबन्धन पहिलेबाटै असहमत थियो । संसद्मा प्रस्तुत विधेयकमा पर्याप्त छलफल हुने मौका नै नदिई हतार र हतास मनस्थितिमा अध्यादेश राष्ट्रपतिसमक्ष पठाइएकाले नै राष्ट्रिय सहमतिको वातावरण बन्न नसकेको हो । विशेष गरी स्थानीय तहको निर्वाचनमा कांग्रेसको पराजयपछि उसले राष्ट्रियसभाको निर्वाचन बहुमतबाट होइन, एकल संक्रमणीय पद्धतिबाट हुनुपर्छ भनी संशोधन प्रस्ताव दर्ता गराएर सहमतिको गन्तव्यमा बढिरहेको राष्ट्रिय राजनीतिको दिशामा भाँजो हाल्न खोजेको हो । समस्याको बीउ रोप्ने कामको थालनी यही विन्दुबाट भएको हो ।

● **विजय राई**
काँकडभिट्टा, झापा

निमुखालाई अन्याय

पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको स्तम्भमा समाजका निमुखा र निहत्था नागरिक कसरी न्याय पाउनबाट वञ्चित भएका छन् भन्ने वृत्तान्त रहेछ (*यसकारण हुँदैन न्यायमा निमुखाको पहुँच, ११ पुस*) । लामो समय वकालत गरी पछि न्यायाधीश हुँदै प्रधानन्यायाधीशसम्म हुँदाको अनुभवका आधारमा उनले हाम्रो न्याय प्रणालीको निर्मम चिरफार गरेकी छन् । उनीजस्ता प्रधानन्यायाधीश लामो समय न्यायपालिकामा हुनुपर्थ्यो तर छोटो कार्यकाल, त्यसमा पनि महाभियोग लगाएर हटाउन खोजियो । यसले पनि गरिब र कमजोर वर्गको पक्षमा हुनेलाई हाम्रो राजनीतिक नेतृत्व र बिचौलियाहरूको गिरोहले देखिसहँदैन भन्ने स्पष्ट पार्छ ।

● **नवीन नेपाल**
मन्थली, रामेछाप

सरल चैतन्य

समाज चिन्तक चैतन्य मिश्रको बहुआयामिक व्यक्तित्व अनुकरणीय लाग्यो (*समाजका सर्जन, ११ पुस*) । समाजमा व्याप्त राजनीतिक, आर्थिक र अन्य विविध क्षेत्रका समस्यालाई हेर्ने उनको दृष्टिकोण वैज्ञानिक छ । आफ्ना कमजोरीलाई नलुकाई व्यक्त गर्ने थोरै चिन्तकमा मिश्रको पनि नाम आउँछ । राजनीतिका कारण त्रिभुवन विश्वविद्यालयले सोचे अनुरूपको सफलता पाउन नसकेको भित्री रहस्य पनि मिश्रले छर्लंग पारिदिएका रहेछन् । पार्टी र विचारले मुलुकमा कोही पनि कम्युनिस्ट नरहेको उनको जिकिर यथार्थको नजिक छ । सरल जीवनशैली र उच्च विचार अँगाल्ने यस्ता व्यक्तिबारेको यो लेखनी साँच्चै गज्जब लाग्यो ।

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौं

अमरसिंह थापा मारिएका होइनन्



हस्त गुरुङले अमरसिंह थापासम्बन्धी दिएको तथ्य गलत छ (*मणि हराएको राजनीति, ९ पुस*) । 'सेनापति बडाकाजी अमरसिंह थापा सानो सैन्य टुकडी लिएर सतलज किनारामा अंग्रेजविरुद्ध युद्धरत थिए । आफू चेपुवामा पर्दै गएपछि उनले मुख्तियार भीमसेन थापासँग सैनिक सहयोग मागे । तर, अन्तिम समयसम्म पनि सहयोग नआएपछि उनी नाङ्गो खुकुरी लिएर अंग्रेजको तोप नष्ट गर्न जाइलागे । परिणाम : उनी मारिए' भनी गुरुङले उल्लेख गरेका छन् । तर, बडाकाजी अमरसिंह थापा लडाइँमा मारिएका होइनन् । अङ्ग्रेजसँगको लडाइँ टुंगिएपछि, सन्धि पनि भइसकेपछि दशहराको मेला भर्न भनी उनी जेठ १८७३ मा गोसाइँथान गएका थिए । जनै पूर्णिमाको मेला भरी काठमाडौं फर्कने उनको तयारी थियो । तर, जनैपूर्णिमाको १० दिनअगाडि नै १२ साउनका दिन शूलको व्यथाले उनको त्यहीँ निधन भयो । झन्डै ३४ वर्षअघि महेशराज पन्तले 'बूढाकाजी अमरसिंह थापा परलोक भएको कुरा परेका पाँचवटा तात्कालिक पत्र' २०४० सालमै *पूर्णिमा* पत्रिकामा प्रकाशित गरेका छन् । तात्कालिक धेरै दस्तावेजहरूले पनि यही कुरा प्रमाणित गर्छन् ।

● **रोशनी श्रेष्ठ**
थानकोट, काठमाडौं

K33 Hairhotel
कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com
त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

विदेशबाट

बूढीगण्डकीमा राजनीतिक स्वार्थ

आमनिर्वाचनको मुखैमा बूढीगण्डकी जलविद्युत् परियोजनाका लागि एक चिनियाँ कम्पनीलाई दिइएको अनुमति सरकारले रद्द गरेसँगै हजारौं स्थानीय जनतामा आफ्नो भविष्यबारे झन् बढी दोधार सिर्जना गरेको छ । १२ सय मेगावाट क्षमताको परियोजना बन्दा त्यस क्षेत्रका आठ हजारभन्दा बढी परिवारहरू विस्थापित हुनेछन् । उनीहरूले आफ्नो डुबान हुने क्षेत्रको प्रतिरोपनी पाँचदेखि आठ लाख रुपियाँका दरमा क्षतिपूर्ति पाउनेछन् । यद्यपि, त्यसअघि त्यहाँ जग्गा बिक्रीको कारोबार खासै नभएकाले उक्त रकम चल्तीको दरभन्दा बढी भइरहँदा समेत अन्यत्र त्यसै गरी बसाइ सर्न पर्याप्त हुनेछैन । स्थानीयहरूको गुनासो, सरकारले पैसा मात्रै नहेरेर उचित ठाउँमा यसै गरी पुनःस्थापना गरोस् ।

बूढीगण्डकी बाँधको अनुमति रोक्का गरे तापनि अब बन्ने 'चीनमैत्री' वाम सरकारले त्यसलाई उल्टाउने अपेक्षा गरिएको छ । रद्द गर्ने समयको नेतृत्वकर्ता नेपाली कांग्रेस पार्टी भारत-मैत्री मानिन्छ । एमालेका महासचिव ईश्वर पोखरेलले सरकारको नियत र कारण बुझेर उक्त खारेजीबारे पुनःविचार गर्न सकिने बताएका छन् । कांग्रेस नेता प्रकाशशरण महतले अनुमति पाएको गेजुवा कम्पनीको विगतबारे आफूले पहिले पनि प्रश्न उठाउँदाउठाउँदै पनि तत्कालीन सरकारले अपारदर्शी प्रक्रियाबाट अनुमति दिएको बताएका छन् । बेल्ट एन्ड रोड अवधारणा (बीआरआई) अन्तर्गत नेपालमा लगानी बढाइरहेको चीनका लागि यस निर्णयले चिन्ता बढाएको छ । साउथ चाइना मर्निङ पोस्टले एक नेपाली विज्ञलाई उद्धृत गर्दै लेखेको छ, 'चुनावको मुखैमा निर्णय उल्टाउनुले धेरैमा यस निर्णयका पछाडि राजनीतिक कारण हुन सक्ने सन्देह उत्पन्न गराएको छ ।' ◆

सुर-बेसुर

"संविधानले पहिलो पटक जननिर्वाचित प्रतिनिधिलाई न्यायाधीशको भूमिका दिएको छ । तपाईंहरू विभिन्न दलबाट जित्नुभएको छ । आफ्नो कार्यशैली निष्पक्ष भएको प्रमाणित गर्नुपर्छ । आफ्नो पार्टीलाई मात्रै न्याय दिने मनसाय नराख्नु होला ।"

गोपालप्रसाद पराजुली
प्रधानन्यायाधीश, सर्वोच्च अदालत
ईकान्तिपुर

तस्बिरमा इतिहास

हिलाम्मे हाइवे : ५४ वर्षअगाडि बनेपाबाट काठमाडौं आउने क्रममा हिलोमा फसेका सवारीसाधन ।

सोझै

तथ्यचित्र

नेपालमा बाल विवाह

साताका चर्चित

दीपेन्द्रनाथ शर्मा
सचिव, सहकारी विकास मन्त्रालय

दिलनाथ गिरी
मन्त्री, सहकारी विकास मन्त्रालय

मनलाग्दी रूपमा सचिव शर्मालाई सरूवा गर्न खोजेपछि पार्टी अध्यक्ष कमल थापासँग विवाद निम्तिंदा गिरी मन्त्री पदबाट बर्खास्तीमा परेकाले ।

विद्यासुन्दर शाक्य
मेयर, काठमाडौं महानगरपालिका

हरिप्रभा खड्गी
उपमेयर, काठमाडौं महानगरपालिका

पुरातात्त्विक सम्पदाको अवमूल्यन हुने गरी रानीपोखरीलगायतका धरोहरको पुन:निर्माण गरिरहेकाले ।

केपी–पीके लभ स्टोरी

कमरेड केपी ओली र कमरेड पुष्पकमल (पीके) दाहाल जोडीको अहिले जताततै चर्चा-परिचर्चा छ । कहिले कहाँ सँगै पुगे रे ! कहिले दुवै जना कौसीमा घाम ताप्दै गफ गरे रे ! कहिले अबेर रात एकअर्काको घरमा सुटुक्क पसे रे ! यस्तै-यस्तै यी दुई जोडीको समाचार अहिले अखबार, टेलिभिजन, रेडियोदेखि सामाजिक सञ्जालसम्म व्याप्त छ । कहिले कता त कहिले कता सँगसँगै नारिएर हिंड्ने यो जोडी अहिले हिट छ । लाग्छ, अब विश्वविख्यात जोडीहरू राम-सीता, मुना-मदन, लैला-मजनु, रोमियो-जुलियटजस्ताको नामभन्दा पनि माथि अब यो जोडीले नाम लेखाउनेछ । तर, हेर्न बाँकी छ, वाम एकता गरेर नेपाली कांग्रेसलाई भित्तामा पुऱ्याउन सफल जोडी केपी र पीकेको 'डिप लभ'को कहिले 'ब्रेकअप' हुने हो ?

■ **सूर्जे नेवाः**



अतृप्त आत्माहरू

आत्मा एक : अब पाँच वर्ष कसैले नचियाए हुन्छ । मेरो एकलौटी हो ।

आत्मा दुई : देख्लास्, तँलाई एक मिनेट मात्र बस्न दिए त !

आत्मा तीन : होइन, किन झगडा ! मिलीजुली बसौं, बाँडीचुँडी खाऔं न !

आत्मा चार : हो त, आलोपालो गरौं । टन्टै साफ् ।

आत्मा पाँच : कसरी हुन्छ, आलोपालो ? हात्ती र कछुवालाई बराबर भाग दिए हुन्छ ! हात्तीलाई हात्तीकै आहारा चाहिन्छ, कछुवालाई कुछुवाकै ।

■ **रुन्चे राइँलो**

महानर्तक जोडी

महानगर हुन के-के चाहिन्छ ? धेरैथोक चाहिएला । त्यसमध्ये अपरिहार्य हो, मनोरञ्जनका साधन । ताकि, महानगरवासीले 'बोर' अनुभूत गर्न नपाऊन् । आखिर जनताले बोर मान्न थाले भने विकासको के अर्थ ? त्यही भएर अब महानगरमा पब, डान्स बार पर्याप्त हुनुपऱ्यो । महानगर मदहोस बनोस् भनेरै भर्खरै निर्वाचित काठमाडौं महानगरका मेयर र उपमेयरले रानीपोखरीमा पुगेर नृत्य रिहर्सलको सुरूवात गरेका छन्, झाकझुक र पाकपुक शैलीको । रानीपोखरी पुनःनिर्माणको पावन साइतमा उनीहरूले यस्तो लोभलाग्दो नाच देखाए । यो हिपहप डान्स कम्ती रमाइलो थिएन । अहिले उनीहरू एक्लाएक्लै नाचेकाले दर्शकलाई केही अलिनो भएको छ । बरू, अब उनीहरूले चाँडै रानीपोखरी डान्सबार स्थापना गरेर यसलाई संस्थागत गर्नुपर्छ । जहाँ विद्यासुन्दर र हरिप्रभाको जोडीले यस्ता थुप्रै नाच चहकिलो स्वादमा प्रदर्शन गरोस् । त्यसपछि संसारभरका पर्यटक यहीं नआइरिने कुरै छैन । अग्रिम शुभकामना !

■ **लुकुवा बाजे**

जित कसको ? जोकरको !

५२ पत्ती हुन्छन् तासमा । जोकरचाहिँ दुइटा मात्रै । जोकरको विशेष क्षमता के भने उनीहरू जता पनि मिल्छन् । राजनीतिका एक्ला जोकर देखिएका छन्, उपेन्द्र यादव । मानौं, जित एक्का वा बास्साको नभएर जोकरकै भएको छ । उनले कांग्रेसको भोटले चुनाव जिते, अब उठबस हुन थालेको छ वाम गठबन्धनसँग । घरी केपी ओलीसँग बैठक गर्छन्, घरी पीके दाहालसँग छलफल गर्छन् । सुनिएको छ- कुरा ओलीसँग

गर्छन्, खबर प्रचण्डकहाँ पुऱ्याउँछन् । यो पनि सुनिएको छ कि मात्र एक अक्षर दायाँबायाँ भएकाले उनी भुक्किन्छन् रे ! केपीले बोलाएको हो कि पीकेले डाकेको ?

वाम गठबन्धनको झ्याली पिटाइबीच संघीय समाजवादी फोरमको 'साइज' यति बढेको छ कि उपेन्द्र यादव कुनै न कुनै दिन 'राइज' हुनेवाला अनुमान छ । त्यो उनको दौडधुपले पनि देखाउँछ । यी नेता अंकगणितीय महत्त्वका छन् । जनता जान्न चाहन्छन्- सरकारका पाँचवर्षे क्यालेन्डरमा उपेन्द्र के-के बन्छन् ? उपप्रधानमन्त्री बनेर केपी ओलीको भाषामा 'फेरि अर्कोपटक एसएलसी' दिन्छन् कि एकैचाटि प्रधानमन्त्रीमा दरखास्त हाल्छन् ? आगे नेताजीकै इच्छा । जित कसको ? जोकरको !

■ **लाल कुमाल**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

आँटी सरकार

शेरबहादुर देउवाजीको सरकार अस्ति नै ढलिसक्ने थियो तर राष्ट्रियसभासम्बन्धी विधेयकको एकल संक्रमणीय भेन्टिलेटरले यसलाई अझै बचाइरहेको छ । आश्चर्य र खुसीको कुरा के छ भने निर्वाचनमा त्यसरी पछारिएर घिटिकघिटिक हुँदा पनि देउवाजीको सरकारले पटक्कै हार मानेको छैन । आलोचकहरूले बुझे हुन्छ, आपत्‌विपत्‌मा घुँडा कमाउने र मरिन्छ भनेर अगाडि नै खुट्टा तन्काउने सरकार यो होइन । धुकधुकी रहुन्जेल पनि सक्रिय रहने जिउँदोजाग्दो, शक्तिशाली र क्रियाशील सरकार हो यो ।

उसो त यो कुनै चानचुने सरकार पनि होइन, सातपटक प्रधानमन्त्री हुने पक्का भएका नेताले नेतृत्व गरेको परिपक्व सरकार हो । जति घन्टा सरकारमा बसिन्छ, त्यति नै धेरै काम गरेर अर्कोपल्टको निर्वाचनमा दुई तिहाइ मत ल्याउने गरी काम देखाउनु छ । त्यसैले विकास निर्माणमा केही गर्न नसके पनि प्रजातन्त्रको रक्षाका लागि प्रतिपक्षको अधिकार स्थापित गर्न सरकार कम्मर कसेर लागेको छ । त्यसका लागि विभिन्न सरकारी निकायमा आफ्ना मानिसहरूलाई नियुक्त गरेर रिक्त पदहरू पूर्ति गर्ने महत्त्वपूर्ण कामहरू गरिरहेको छ । अरू केही समय पायो भने सातै प्रदेशका प्रमुख पनि नियुक्त गरेर मात्रै सत्ताको भार बिसाउन चाहन्छ यो सरकार । यति काम गर्न सके प्रतिपक्ष बलियो हुनेछ । प्रतिपक्ष बलियो हुनु भनेको सरकारलाई सतर्क गराउनु पनि हो । यसरी देउवा सरकारले भविष्यको सरकारलाई सतर्क गराउने र पथप्रदर्शन गर्ने काम पनि गरेको छ ।

घिटिकघिटिक सरकारले राजनीतिक नियुक्ति हुने दरबन्दीहरू अहिले नै पूर्ति गरिदिएर नयाँ सरकारलाई ती ठाउँमा कसैलाई नियुक्ति गरिराख्नुपर्ने झन्झटबाट मुक्त गरिदिएको छ । यस्ता झिनामसिना काममा नयाँ सरकारले अल्झिनु नपरोस् र वाम गठबन्धनले आफ्नो घोषणापत्र अनुसार द्रुत गतिमा विकास निर्माणका काममा लाग्न पाओस् भनेर देउवाजीले भएभरका दरबन्दी पूर्ति गरिदिएका हुन् । फेरि, ती ठाउँ खाली छाड्दा नयाँ सरकारले मान्छे भर्ना गर्ने बेला उनीहरूभित्रका गुटहरूबीचमा लडाइँ हुने थियो । नयाँ सरकार आलोचनाको पात्र बन्ने थियो । त्यसलाई पनि कामचलाउ सरकारले जोगाइदिएको छ ।

देउवाजी सरकार छाड्न आतुर भएको बताइरहेका छन् । तर, त्यसरी छाड्नुअघि उनी राष्ट्रियसभालाई पनि बलियो प्रतिपक्षसहितको सक्षम र जीवन्त बनाउन चाहन्छन् । नयाँ सरकारले एकलौटी राष्ट्रियसभा गठन गरेको भन्ने आक्षेपबाट उसलाई बचाउन चाहन्छन् । वाम गठबन्धनले यो कुरा बुझ्नुपर्छ । राष्ट्रपतिकोमा अड्किबसेको राष्ट्रियसभा गठनसम्बन्धी विधेयक जस्ताको तस्तै जारी भए देउवाजीले आठ-दस जना आफ्ना मान्छेलाई नियुक्त गर्न पाउनेछन् । यसरी उनी ठाउँठाउँमा योग्य मानिसहरूलाई नियुक्त गरेर देशको विकासमा आफ्नो भागबन्डासहित सहभागी हुन र वाम गठबन्धनसँग सहकार्य गर्न चाहन्छन् ।

यसरी जताबाट हेर्दा पनि यी नियुक्तिहरू आलोचनाका विषय होइनन् । कामचलाउ बेलामा पनि रातारात नयाँनयाँ नियुक्तिहरू गरिरहन सक्नु सरकारको आँटको, सामर्थ्यको र इच्छाशक्तिको कुरा हो । हामीले खोजेको यस्तै आँटी सरकार हो । यस्ता नियुक्तिहरूको विरोध गर्नुभन्दा आगामी सरकारले पनि योभन्दा आँट देखाएर काम गरोस् । मुलुकको विकास निर्माण गर्दै गरौंला, आफ्ना मान्छेहरूलाई ठाउँठाउँमा भर्ना गर्ने, जागिर खुवाउने इत्यादि काममा नयाँ सरकारले पनि आँट गरेर काम गरेमा हाम्रो प्रशासन स्वच्छ, सक्षम र इमानदार हुने र मुलुकको विकास पहिलाजस्तै तीव्र गतिमा हुने निश्चितै छ ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
the kathmandupost
escalate
BRAND
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16



स्वर सम्राट्को संगत

वि सं २०१६ मा त्रिचन्द्र कलेजमा आईए पढ्दाको समकालीन साथी हो, नारायणगोपाल गुरुवाचार्य । ०१० सालमा एसएलसी पास गरेर त्रिचन्द्र कलेजमा आईएस्सी पढ्दै गर्दा स्वास्थ्य समस्याले गाँजेपछि मेरो पढाइ छुटेको थियो । त्यसपछि फेरि आईएमा भर्ना भएर पढ्न थाल्दा नारायणगोपालसँग संगत हुन पुग्यो ।

नारायणगोपाल त्रिचन्द्र कलेजमा पढ्दा बेन्चलाई नै तबला मानेर बजाउँथ्यो । त्यसरी बेन्च ठटाएर उसले गाएका मोहम्मद रफीका गीत सुन्दा हामी ज्यादै आनन्दित हुन्थ्यौँ । शिक्षक अनुपस्थित रहेका बेला नारायणगोपाल यसरी नै गीत गाएर विद्यार्थीलाई मनोरञ्जन दिन्थ्यो । यत्तिकैमा कतिखेर ऊसँग दोस्ती बढ्यो, पत्तै भएन ।

केही कुरा नयाँ गर्नुपर्छ भन्ने सोचको व्यक्ति थियो ऊ । छोटो समयमै हामीबीच ज्यादै आत्मीय सम्बन्ध बन्यो । सहपाठीकै कुरा गर्दा नातिकाजी, हिरण्यलाल श्रेष्ठ, दीपक अर्याल पनि सँगसँगै पढ्थे । त्यसबेला म गीत/कविता खुबै लेख्थेँ । नारायणगोपालको संगत नभएको भए सायद म गीतकार कम, कवि ज्यादा भएर निस्किन्थेँ होला ।

हाम्रो ठूलो भारदार खलक हो । मेरा एउटा काका राग गाउँथे, अर्को काका तबला बजाउँथे । मानशमशेर थापा हारमोनियममा गत बजाउँथे । हरेक साँझजसो झन्डै तीन-चार घन्टा हाम्रो घरमा संगीत महफिल जम्थ्यो । म आफैँ पनि ग्रामोफोनमा उत्तिकै गीत सुन्थेँ । त्यसरी हुर्केकाले पनि होला, संगीतप्रति ममा अलग्गै किसिमको लगाव थियो । नारायणगोपालमा पनि त्यस्तै जुनून थियो ।



त्रिचन्द्र कलेजमा सामान्य चिनजान भएपछि हामी कलेज समयमै कहिले भागेर त कहिले छुट्टी मागेर पनि बीचमै हिँडिदिन्थ्यौँ । त्यसरी हिँड्ने क्रममा कहिले उसको घर किलागल पुग्थ्यौँ त कहिले मेरो घर कमलपोखरी । जहाँ गए पनि हामी गीत लेख्न र गाउनमै अभ्यास गरिरहेका हुन्थ्यौँ । त्यसैमा डुबिरहेका हुन्थ्यौँ । पढाइभन्दा हाम्रा लागि त्यो विशेष चीजजस्तो लाग्थ्यो ।

त्रिचन्द्र कलेजमा त्यतिबेला बीसी मल्ल राजनीतिशास्त्र पढाउँथे । एक दिन हामीले उनलाई एउटा कागजको टुक्रामा दुवैको रोल नम्बर लेखेर 'टाउको दुखेकाले बिदा पाऊँ' भन्यौँ । उनले कक्षामै 'एकैचोटि दुवै जनाको टाउको दुख्यो !' भनेर हँसाए । हामी नाजवाफ भयौँ । तर, यति हाँसोमजाकका बाबजुद पनि उनले हामीलाई छुट्टी दिए । मल्ल हामीलाई विशेष माया गर्थे ।

त्यही कलेजमा पढ्दै गर्दा नारायणगोपालले *रेडियो नेपाल*मा स्वर परीक्षा दियो र उत्तीर्ण पनि भयो । त्यसपछि उसले पहिलो गीत कसको गाउला भन्ने कौतूहल धेरैमा थियो । ०१४ मै नेपाल राष्ट्रिय पुस्तकालयद्वारा आयोजित गायन प्रतियोगितामा मैले आफ्नै रचना र संगीतमा गाएको 'दुनियाँ बैगुनी हुँदामा, बित्यो जिन्दगी रुँदामा...' गीत प्रथम भई स्वर्णपदक प्राप्त गरेको थिएँ ।

यो सबै पृष्ठभूमि नारायणगोपाललाई थाहा नहुने कुरै भएन । सायद त्यही कारण हुनुपर्छ, उसले मलाई भन्यो, 'लोकलयमा आधारित एउटा यस्तो गीत रचना गरि दे, जुन श्रुतिमधुर र कर्णप्रिय होस् । त्यही गीत गाएर औपचारिक रूपमा म गायनयात्रामा प्रवेश गर्न चाहन्छु ।' हिन्दी गीतको एकछत्र राज र प्रभुत्व रहेको त्यसबेला नेपाली गीत रचना गर्ने विरलै थिए । मानिसहरूमा हिन्दीजत्तिकै नेपाली गीत पनि लोकप्रिय हुन सक्छ भन्ने विश्वास नै थिएन । हिन्दी गीतको स्तरमा आधुनिक नेपाली गीतको स्तर उकास्न र नेपाली गीतको महत्त्व बुझाउन निकै गाह्रो थियो । यही परिस्थितिमा म गीत लेखन र ऊ संगीत तथा गायनमा हाम फाल्ने निर्णय गरेर नेपाली संगीत यात्रामा निस्किएका थियौँ ।

त्यतिबेला म भर्खर २० वर्षमा पाइला टेक्दै थिएँ । धेरै सोचविचार गरेँ र गीत लेखेँ, 'गाजलु आँखा मोहनी रूप हँसिलो मुहार...।' नारायणगोपाललाई यो गीत खुबै मन पऱ्यो । उसले आफ्नै संगीतमा मेरो त्यो गीत पहिलोपटक *रेडियो नेपाल*बाट गायो । स्वर परीक्षा उत्तीर्ण गरेपछि सर्वप्रथम उसले गाएको गीत त्यही थियो र मेरो प्रथम प्रसारित गीत पनि त्यही ।

त्यो गीतले उसलाई मात्र होइन, मलाई पनि एउटा उचाइमा पुऱ्याइदियो । यसपछि नारायणगोपाल र मेरो सम्बन्ध झन् नजिक भयो । विसं ०१८ मा नारायणगोपालले पहिलोपटक ६ वटा गीत गाउने अफर पायो, इन्द्रेणी रेकर्डबाट । उसले मसँग सल्लाह गऱ्यो, 'म ६ वटै तेरा गीत गाउँछु ।'

मैले रातदिन केही नभनी गीत लेखेँ : 'आँखाको भाका आँखैले...', 'स्वर्गकी रानी मायाकी खानी...', 'कुञ्जमा गुञ्जियो स्वर कोयलीको ...', 'भो भो नसोध अब केही मलाई...', 'मधुमास यो दिलको बाग...' र 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो ...।' दुईवटा तारादेवीसँग युगल गायो भने अरू उसले एकल गायो । तर, 'मधुमास यो दिलको बाग..' 'स्याम्पल' गीत *रेडियो नेपाल*को स्टुडियोमा बसेर सुनिरहँदा डिस्क एक्कासि भुइँमा खसेर फुटेपछि नारायणगोपाल आफैँ दार्जीलिङ गएर रेडियोकी रानी भनेर चिनिने दिलमाया खातीलाई लिएर कलकत्ता पुग्यो र मेरै 'विछोडको पीडा नसकी खप्न दसैंको बेलामा..' बोलको गीत युगल गाएको थियो ।

यी गीत पनि ज्यादै लोकप्रिय भए । यीमध्ये कुनै पनि गीत पहिल्यै धुनमा रचिएको थिएन । गीत तयार भएपछि मात्र नारायणगोपालले संगीत भरेर गाएको हो । 'ए कान्छा ठट्टैमा यो बैंस जान लाग्यो...' बोलको गीत श्रोताको फर्माइसका आधारमा तीन वर्ष लगातार पुरस्कृत भयो ।

नारायणगोपाललाई स्वर सम्राट् बनाउन धेरैको योगदान छ । तीमध्ये सुरुका दिनमा उसले गाएका मेरा यी गीतको पनि कम योगदान छैन ।

(थापा प्रसिद्ध गीतकार हुन् ।)

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

मदिराले मौलाएको हिंसा

बढ्दो सामाजिक विकृतिको जड रक्सी सेवन र यसको कारोबार

वसन्तप्रताप सिंह/चैनपुर

आँखामा हाले पनि नबिझाउने उनका पतिले रक्सी सेवनपछि उनीसँग शत्रुको जस्तै व्यवहार गर्न थाले । अरू बेला शान्त भएर बस्ने तर रक्सी पिएका बेला जे हातमा छ, त्यसैले आक्रमण गर्ने भए उनी । शरीरभरि घाउ नै घाउ हुन्थे । तैपनि, केटाकेटीको मुख हेरेर चित्त बुझाउँथिन् उनी । जँड्याहा पतिका कारण दुई वर्षकी काखे छोरीसहित बिचल्लीमा परेकी सम्झना बोहरा (नाम परिवर्तन), २५, भन्छिन्, "पछिपछि त केटाकेटी पनि मेरा होइनन्, कोसँग लागेकी छस् भनेर झकुर्न सुरु गरे । मर्नुभन्दा बहुलाउनु जाती भनेर घर छोडेर भागेँ ।"

कानुनी उपचारका लागि केही समय एक गैरसरकारी संस्थाको संरक्षणमा बसेकी उनी अहिले छोरीसहित माइतीमा छन् । मदिराका कारण परिवार बर्बाद भएकी उनी बझाङकी एक प्रतिनिधि महिला पात्र हुन् । यस्ता कथाव्यथा यहाँ अनगिन्ती छन्, जो यो समाजमा सामान्यझैँ भएका छन् ।

विसं ०६३ मा मदिराको खुला बिक्री-वितरण सुरु भएयता धेरै महिला र बालबालिकाको बिचल्ली भएको छ। कतिसम्म भने महिलामाथि हुने विभिन्न खाले हिंसामध्ये ८० प्रतिशत घटना त मदिरा सेवनकै कारणले हुने गरेको प्रहरी तथ्यांक छ । जस्तो : साउनदेखि कात्तिकसम्म मात्र महिलाविरुद्ध हिंसाका ४६ वटा घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता छन् । तीमध्ये अधिकांश घटनाका पछाडि मदिरा नै कारण रहेको छ । "हत्या, बलात्कार, सम्बन्ध-विच्छेददेखि दैनिक हुने गरेका कुटपिटका घटनाका पछाडिको अधिकांश कारणमा रक्सी नै देखिन्छ," प्रहरी नायब उपरीक्षक (डीएसपी) ऋषिराम कँडेल भन्छन्, "श्रीमान् जँड्याहा र हिंसा गर्ने भएकै कारण पछिल्लो समय आत्महत्या गर्ने महिलाको संख्या पनि बढिरहेको छ ।"

जिल्ला प्रहरी कार्यालयको तथ्यांक अनुसार गत वर्ष महिला हिंसासम्बन्धी दर्ता भएका १ सय ४१ उजुरीमध्ये दुई जनाको हत्या र दुई जनाको बलात्कार भएको छ भने सात महिलाले आत्महत्या गरेका छन् । ०७२/७३ मा दर्ता भएका महिलासँग सम्बन्धित ९६ घटनामध्ये तीनवटा बलात्कार, ६ जनाको आत्महत्या, दुईवटा मानव बेचबिखनका घटना भएका छन् । यस्तै, ६७ जनाले घरेलु हिंसा भोग्नुपरेको र एक जनाको हत्या भएको प्रहरीको तथ्यांक छ ।

महिलामाथि भएका हिंसाका घटनाहरू यो तथ्यांकमा अत्यन्तै न्यून आएको र खास गरी ग्रामीण क्षेत्रमा महिलाहरू मदिराका कारण मौलाएको हिंसा भोग्न बाध्य रहेको महिला अधिकारकर्मीहरूको भनाइ छ । महिला अधिकारकर्मी जयन्ती जोशी भन्छिन्, "रक्सी सेवनका कारण जति घटना हुन्छन्, त्यसको १० प्रतिशत पनि प्रहरी वा महिला

तस्विरहरू : बसन्तप्रताप सिंह

मदिरा निषेधको माग गर्दै चैनपुरमा प्रदर्शनकारीहरू र मदिराको नशामा श्रीमानले निर्घात कुटपिट गरेपछि हात भाँचिएकी मष्टा गाउँपालिकाकी सुमित्रा सार्की (दायाँ)

अधिकारकर्मीसम्म पुग्दैनन् ।" घरबार बिग्रने डरले धेरैजसो पीडित महिलाहरू घटनालाई बाहिर ल्याउन चाहँदैनन् । जोशी थप्छिन्, "सार्वजनिक भएका अधिकांश घटना पनि गाउँमै मिलापत्र गराइन्छ । प्रहरी र हामीकहाँ आउने भनेको गाउँमा मिल्न नसकेका घटना मात्रै हुन् ।"

बझाङीहरूको मदिरासँगको संगत लामो छैन । ०४६/४७ तिरबाटै बझाङमा घरेलु मदिराको उत्पादन सुरु भइसकेको थियो । सरकारबाट अनुमति लिएर दैलेखका ललित शाही भन्ने व्यक्तिले बझाङमा मदिराको उत्पादन थालेका थिए ।

ललित डिस्टिलरी नाम दिइएको भए पनि घरेलु प्रविधिबाटै उत्पादन हुने यसका मदिराले आमनागरिकसम्म सहज पहुँच पायो । त्यसपछि गाउँतिर पनि घरेलु प्रविधिबाट मदिरा उत्पादन सुरु भयो । ०५३ सम्म आइपुग्दा त मदिरा संस्कृतिको रूपमा नै स्थापित हुन पुग्यो । त्यतिन्जेल बझाङका सबैजसो ठाउँमा ब्रान्डेड र घरेलु रक्सी छ्यापछ्याप्ती भइसकेको थियो ।

छोटो समयमै मदिराजन्य विकृतिहरू यसरी फैलियो कि यहाँको सामाजिक जीवन नै अस्तव्यस्त हुन थाल्यो । व्यापक दबाबपछि ०५४ मा तत्कालीन जिल्ला विकास समितिले बझाङ जिल्लालाई मदिरा निषेधित क्षेत्र (ड्राइ एरिया) घोषणा गर्‍यो ।

कानुनी रूपमा बेचबिखनमा प्रतिबन्ध भए पनि मदिरा पारखीहरू भित्रभित्रै आफ्नो आवश्यकता पूरा गरिरहेकै थिए । प्रहरी प्रशासनको आँखा छलेर गाउँगाउँमा उत्पादन भएको घरेलु मदिरा जताततै बिक्री भइरहेको थियो । डोटी र डडेल्धुराबाट अवैध तरिकाले ब्रान्डेड मदिरा पनि भित्रिने क्रम रोकिएको थिएन ।

खुला रूपमा बिक्री-वितरण र सेवन गर्न नपाइने भएका कारण तुलनात्मक रूपमा मदिराका कारणले हुने विकृतिहरू भने त्यतिबेला कम रहेको अनुभव सुनाउँछन्, नागरिक समाजका अगुवा धर्मजंगबहादुर सिंह । भन्छन्, "मदिरा व्यापार गर्ने र सेवन गर्नेलाई भेट्नेबित्तिकै कारबाही हुन्थ्यो, अहिलेको जस्तो छाडा पारा थिएन ।"

०६३ मा दोस्रो जनआन्दोलन सफल भएसँगै त्यही जेठमा बसेको सर्वदलीय सर्वपक्षीय बैठकले व्यापारीहरूको दबाबमा पुरानो निर्णयलाई उल्ट्याउँदै बझाङमा मदिराको सेवन र बिक्री-वितरणलाई पुनः खुला गरिदियो ।

त्यतिखेर यहाँ सडक यातायातको पहुँच पुगिसकेको थिएन । व्यापारीहरूले हवाईजहाज चार्टर गरेर मदिरा ल्याउँथे । दैनिकजसो दुईदेखि तीनवटा विमान मदिरासहित चैनपुर विमानस्थलमा अवतरण हुन्थे । आर्थिक वर्ष ०६३/६४ मा मात्र बझाङमा १५ करोड रुपियाँभन्दा बढीको ब्रान्डेड मदिरा हवाईजहाजमार्फत भित्रिएको तत्कालीन बझाङ उद्योग वाणिज्य संघका अध्यक्ष ओमजंगबहादुर सिंह बताउँछन् ।

मदिरा खुला भएसँगै पुनः यसले सामाजिक विकृतिको रूप लिन थाल्यो । घरेलु हिंसादेखि हत्या, बलात्कारजस्ता जघन्य अपराधका घटनाहरू अप्रत्याशित ढंगले बढ्न थाले । सबै घटनाका पछाडि कुनै न कुनै रूपमा मदिरा जोडिन थाल्यो । ०६४ यता मदिरा सेवन गरेकै कारण प्रतिवर्ष पाँचदेखि दस जनाको भीरबाट लडेर मृत्यु भएको प्रहरीको तथ्यांक छ । यस वर्ष पनि अत्यधिक मदिरा सेवन गरेकै कारण दुई जनाको ज्यान गइसकेको छ । "अहिले बढिरहेको सामाजिक विकृतिको जड नै मदिरा हो," सांस्कृतिक तथा ऐतिहासिक विषयका जानकार विष्णुभक्त शास्त्रीको निष्कर्ष छ ।

मदिराले सामाजिक जनजीवनमा नै गम्भीर असर गरेपछि बझाङी महिलाहरू र नागरिक समाजले मदिरा बिक्री-वितरणमा रोक लगाउन दबाब बढाए । त्यस क्रममा नारा-जुलुस र धर्नासम्म भयो । व्यापक जनदबाबपछि ०६९ को जिल्ला परिषद्ले मदिरा बेच-बिखनमा फेरि प्रतिबन्ध लगाउने निर्णय गर्‍यो । तर, दुर्भाग्य ! कार्यान्वयनचाहिँ भएन ।

अर्को वर्ष ०७० मा पनि दबाबपछि जिल्ला परिषद्ले मदिरा प्रतिबन्ध गर्ने अघिल्लो परिषद्को निर्णय कार्यान्वयन गर्ने भन्यो । तर, त्यो निर्णय आजसम्म पनि कार्यान्वयन हुन सकेको छैन ।

केही गाउँमा प्रहरीको सहयोग लिएर स्थानीय आमा समूह, युवा क्लबहरूले मदिरा बिक्री-वितरणमा रोक लगाएका त छन् । तर, त्यो पनि खासै प्रभावकारी देखिएको छैन ।

मदिरा नियन्त्रणका लागि प्रहरीले महिला बालबालिका एकाइमार्फत स्थानीयहरूलाई जागरुक गर्ने काम गरिरहेको भए पनि आफूहरूको एकल प्रयासले मात्र यसलाई नियन्त्रण गर्न असम्भव रहेको प्रहरीको भनाइ छ । "कसैले गैरकानुनी काम नगरुन्जेलसम्म प्रहरीले कारबाही गर्न मिल्दैन," डीएसपी कँडेल भन्छन्, "मदिरा बेचबिखन र सेवनलाई पूर्ण रूपमा व्यवस्थित गर्ने हो भने राजनीतिक इच्छाशक्ति नै आवश्यक हुन्छ ।" ◆

सदरमुकामबाट गाउँतर्फ मदिराको ढुवानी

एक अर्बको कारोबार

बझाङ जिल्लामा वर्षमा झन्डै ८० करोड रुपियाँको हाराहारीमा मदिरा आयात हुने गरेको उद्योग वाणिज्य महासंघ, बझाङका पूर्वअध्यक्ष एवं मदिराका थोक बिक्रेता जगत मल्ल बताउँछन् । यसबाहेक वार्षिक करिब २० करोड रुपियाँभन्दा बढीको मदिरा गैरकानुनी रूपमा तिब्बतबाट आयात हुने गरेको अनुमान छ ।

हस्त गुरुङ

संघीय हात्तीको डगमग डेग

आजभन्दा १ सय ३ वर्षअघि सन् १९१४ मा प्रथम विश्वयुद्ध सुरु हुँदा त्यसबेलाको महाशक्ति राष्ट्र ग्रेट ब्रिटेनलाई नेपाल सरकारले ३७ हजार पाउन्ड नगद र २० हजार पाउन्ड बराबरको हातहतियार तथा खरखजानाको सहायता गरेको थियो। यही देशमा आज आन्तरिक खर्च चलाउन पनि ऋण माग्नुपर्ने अवस्था आएको छ । 'ऋणं कृत्वा घृतम् पिवेत्' अर्थात् 'ऋण गरेर भए पनि घिउ खाऔँ' भन्ने चार्वाकको प्रसिद्ध अधिभौतिकवादी सिद्धान्तमा नेपालको संघीयताको पहिलो पाइलो परेको छ। देशवासीले संघीयताको घिउ खान ऋण लिन पर्ने भएको छ। नेपाल सरकार विदेशी साहूहरूको दैलामा हात फैलाउँदै हिँड्न थालेको छ। देशको अर्थतन्त्र विश्व बैंकको शरणमा परेको छ । संघीय नेपालको पहिलो निर्वाचित सरकार नै विदेशी साहूको खटनपटनमा चल्नुपर्ने अवस्था आएको छ। सारमा, संघीयताको हात्ती हिँडाउने डेग डगमगाउन थालेको छ।

तर, हाम्रा नेताहरूको चमकदमक र विलासी जीवन कम भएको छैन । उनीहरू ठूलठूला विकासका गुड्डी हाँक्दै छन् । जनता नेतावृन्दको मङ्गल गायनमा मस्त छन् । यतिको विरोधाभास अन्य कुनै पनि देशमा देख्न पाइँदैन । भिल्लको देशमा भकारी रित्याएर नाचगान गर्ने संस्कृति थियो रे ! त्यही संस्कृति नेपालको राजनीतिमा पसिसकेको रहेछ। नेताहरू विकासे डम्फू बजाउँदै छन्। त्यही कराल तालमा हामी बेढंगसँग नाचिरहेका छौँ।



सबै नेपालीलाई चेतना होस्, हामी भकारी रित्याएर राम-रमाइलो गर्दैछौँ । भिल्लहरू जस्तै अलमस्त नागरिक भइसकेका छौँ। कुनै बेला भिल्लहरूको अविजेय राज्य थियो, आज तिनको नाम-निसाना छैन। तिनलाई साहूले खाइदिए, पचाइदिए। हामी पनि त्यही बाटो हिँड्दै छौँ। यो बाटोले हामीलाई भिल्लहरूकै स्थानमा पुऱ्याउनेछ। त्यो समयको अन्तराल कति हुनेछ, बताउन सकिने अवस्था नभए पनि भविष्यको परिणाम भने अहिल्यै बताउन सकिन्छ। अर्थात्, दुःखको समय अब धेरै टाढा छैन।

नेता, भारी र भकारी

संविधान बनाउनुभन्दा अगाडि नै गरिनुपर्ने हिसाब-किताब अहिले सञ्चारमाध्यममार्फत आएको छ । देशका अर्थशास्त्रीहरू राजनीतिक झोपडपट्टीका शरणार्थी हुन पुगेकाले अक्करमा आइपुगेपछि अर्थ मन्त्रालय छटपटाएको छ । अगाडि बढौँ त रसातल छ, पछाडि फर्कौं त सबै बाटाहरू बन्द भइसकेका छन् । तर, समृद्धि प्राप्तिको महान् यात्राको सातु-सामलले देशको आयुको हिसाब दिन थालिसकेको छ। नेताहरूको करबलले दबाएर राखिएका आधारभूत तथ्यहरू अहिले सार्वजनिक भएका छन्। संघीयता कार्यान्वयन गर्न चाहिने चालू खर्च नै देशले धान्न नसक्ने अवस्था आएको त्यसैको प्रमाण हो । देशको राजस्व र आन्तरिक ऋणले धान्न नसक्ने भएपछि सरकारले संघीयता कार्यान्वयनका लागि भनेर ऋण जुटाउन दातृ निकायहरूसँग गुहार गर्नु वास्तवमै हाम्रो अर्थतन्त्र चर्मराएको दृष्टान्त हो।

स्थानीय तहको पूर्वाधार निर्माण र चालू खर्चका लागि पनि देशको ढुकुटीमा धनको अभाव भएको छ । संघीयताका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र स्थानीय तहको क्षमता विकासका लागि पनि ऋण लिनुपर्ने भएको छ । स्थानीय तहलाई दिनुपर्ने अनुदान, प्रदेश तथा स्थानीय तहको पूर्वाधार निर्माण तथा भूकम्प र बाढी-पहिरोपीडितका लागि उपलब्ध गराउनुपर्ने उद्धार खर्च दिने क्षमतासमेत देशको ढुकुटीमा छैन। प्रदेश संरचना निर्माण र स्थानीय तहको व्यवस्थापनका लागि हरेक वर्ष करिब ३ खर्ब ५० अर्ब रुपियाँ आवश्यक पर्ने हिसाब निस्किएको छ। तर, देशसँग त्यो रकम जुटाउने क्षमता छैन। यसै कारण नेपाल सरकार विश्व बैंकको शरणमा परेको हो। विश्व बैंकले अन्य साहूहरूलाई ऋणका लागि समन्वय गरिदिने आश्वासन दिएको छ । यतिको लज्जास्पद स्थिति यसअघि कहिल्यै सुन्नुपरेको थिएन। अहिले हामी त्यहाँ पुगेका छौँ, जहाँबाट ऋणको बोझले थिचिँदै थिचिँदै गएर एक दिन हाम्रो अनुहार नै छोपिने स्थिति आउन सक्छ। यस्तो विकराल अवस्थाको आकलन गर्न नसक्ने हल्लाखोरहरूलाई हामीले नेता मान्नुपरेको छ।

सातवटै प्रदेश र स्थानीय तहको सेवा सञ्चालनका लागि आठदेखि दस खर्ब रुपियाँ आवश्यक परिसकेको छ । राजस्वले धान्न नसकेपछि ६ प्रतिशत चर्को व्याजमा १ खर्ब १० अर्ब रुपियाँ आन्तरिक ऋण उठाइसकिएको छ । अब तत्कालै १० खर्ब रुपियाँ ऋण नलिए, ४५ अर्ब खर्च गरेर सम्पन्न गरेको तीन तहको स्थानीय निर्वाचनबाट बनेको संघीय संरचना पहिलो वर्षदेखि नै हलचल गर्न नसक्ने अवस्थामा पुग्नेछ । यसबाहेक अब तत्कालै सात प्रदेशका लागि एक-एक अर्बका दरले सात अर्ब रुपियाँ निकासा दिनुपर्ने अवस्था छ । कर्मचारी समायोजन गर्न 'गोल्डेन ह्यान्डसेक' योजनाका लागि पनि ५० अर्ब चाहिएको छ । भूकम्पपीडितहरू टहरा र प्लास्टिकको ओतमा बसिरहेकै छन् । तिनको उद्धारका लागि पनि ऋण लिनुपर्ने अवस्था छ । बाढीपीडितका लागि ५० अर्ब चाहिएको छ । तर, चुनावी राजनीतिको धडधडीले यस्ता महत्त्वपूर्ण विषयहरू ओझेलमा परिरहेका छन् ।

स्थानीय सरकारको सामान्य खर्च सञ्चालनका लागि सरकारले सबै स्थानीय तहलाई एक तिहाइ रकम दिनुपर्ने भएकाले पहिलो र दोस्रो चौमासिकका लागि ७५/७५ अर्ब रकम वितरण गरिसकेको छ । यो रकम सरकारले केन्द्रमा खिच्न नपाउने व्यवस्था छ । त्यसैले करिब डेढ खर्ब रुपियाँ स्थानीय तहको खातामा निष्क्रिय भएर बसेपछि सरकारले आर्थिक वर्षको पाँच महिनाभित्रै ६ प्रतिशत व्याजमा १ खर्ब १० अर्ब रुपियाँ आन्तरिक ऋण लिनुपरेको थियो । यसमध्ये ७२ अर्ब विकास ऋणपत्र र बाँकी 'ट्रेजरी बिल्स'बाट ऋण लिइएको हो । यो रकम पनि खर्च भइसकेको छ । अब देशले आन्तरिक स्रोतबाट उठाउन वा ऋण लिन पाउने रकम ३५ अर्ब मात्र बाँकी छ । वैदेशिक सहायता १६ अर्ब र वैदेशिक ऋण १८ अर्ब गरी जम्मा ३४ अर्ब मात्र लिन बाँकी छ । यी दुवै रकम संघीय हात्तीको मुखमा जिरासमान हुनेछ । किनभने, सरकारको नियमित खर्च नै ३ खर्ब ५४ अर्ब पुगिसकेको छ र यो बढ्ने क्रममा छ । किनभने, देशमा नेता र तिनको सुविधाको भारी बढ्दैछ । स्थानीय, प्रादेशिक र संघीय सरकारका मन्त्रिपरिषद् र तिनका सेवामा खटिने कर्मचारीतन्त्रको भारी बोकेर हिँड्न सक्ने अवस्थामा देशको अर्थतन्त्र छैन । भकारीभित्रको दानापानी त रित्तिइसकेको छ, अब भकारी नै रित्याउने वा बन्धकी राख्ने खेल सुरु भएको छ ।

> **प्रत्येक नेपालीले खाने गरेको रोटीको एक चौथाइ भाग मात्र आफ्नो कमाइको अंश हो । अर्थात्, हामी २५ पैसा कमाएर एक रुपियाँ खर्च गर्दैछौं ।**

आफ्नो कमाइको रोटी

आगामी आर्थिक वर्षको बजेट १२ खर्बभन्दा बढी हुने अनुमान छ । जसमा देशको राजस्वको अंश ३ खर्बजति मात्र हुनेछ । बाँकी रकम आन्तरिक ऋण, वैदेशिक सहायता र दातृ संस्थाहरूको ऋण हुनेछ । यो तथ्यांकलाई सरल तरिकाले भन्ने हो भने प्रत्येक नेपालीले खाने गरेको रोटीको एक चौथाइ भाग मात्र आफ्नो कमाइको अंश हो । अर्थात्, हामी २५ पैसा कमाएर एक रुपियाँ खर्च गर्दैछौं । हाम्रो खानाको रोटीको तीन चौथाइ अंश ऋणको पिठो हो । यति कुरा हाम्रा नेताले बुझिदिए, देश र देशवासी ऋणको आहालमा डुब्ने थिएनन् ।

देशको आन्तरिक खर्च पनि ऋणबाट चल्नुपर्ने अवस्था आउनु भनेको मुलुकको आर्थिक हालत दुरावस्थामा पुगेको संकेत हो । सबै नेता तथा नागरिकले हेक्का राख्नैपर्ला कि आफ्नो कमाइले पेट भर्ने जोहो गर्न नसक्ने अवस्था आउनु धिक्कारको जुनी बाँच्नु बराबर हो । यसमा प्रथम धिक्कारको पात्र सरकार हुनेछ भने दोस्रो पात्र नागरिक स्वयं हुनेछन् । यस्ता कुराको ख्याल नगरी ठूलठूला बोझ उठाउन खोज्नु, त्यही बोझको दबावमा पारेर देश, समाज र आफूलाई समाप्त पार्न खोज्नु हो । संघीयताको हात्तीले भरपेट खान पाएन भने त्यसले उधुम मच्चाउने छ ।

अर्थतन्त्रमाथि दुर्व्यवहार

१ फागुन ०५२ पछि माओवादीहरूले राज्यसत्तामाथि धावा बोले । यिनले राज्यसत्तामा आफ्नो नियन्त्रण कायम गर्ने सिलसिलामा देशको भौतिक पूर्वाधार र आर्थिक व्यवस्था भताभुंग र लथालिंग पारिदिए । यसअघि ००७ मा क्रान्ति हुँदा नेपाली कांग्रेसले पनि देशको अर्थतन्त्रमाथि दुर्व्यवहार गरेको थियो । तर, त्यो साह्रै सानो अंशमा थियो । ०४६ को क्रान्तिमा देशको अर्थतन्त्र र पूर्वाधारमाथि धावा बोलिएन, दुर्व्यवहार गरिएन । तर, त्यसपछि बनेका सरकारहरूले देशको अर्थतन्त्रको मेरुदण्ड नै भाँचिदिए । उद्योग, कलकारखानाहरू मासिदिए । रोजगारी हरण गरिदिए । अनि, युवाहरू विदेश पलायन हुन थाले । तैपनि, खेतबारीमा अनाज उम्रँदै थियो । दुई छाक खानाका लागि बेसाउन परेको थिएन ।

०५६ देखि माओवादीहरूले विध्वंश मच्चाउन थालेपछि गाउँका युवाहरू माओवादी र सेनाको सिकार हुन थाले । अनि, खाडी मुलुकतिर जाने युवाहरूको लस्कर बढ्न थाल्यो । खेतबारी उजाडिए । माओवादीहरूले देशको अर्थतन्त्रको रक्तनली नै चुँडाइदिएपछि बेसाहा नखाने कोही भएनन् । यसको भर्पाइ गर्न सकिने वैकल्पिक आधार दिन सक्ने अवस्थामा देश रहेन । देशले सम्पूर्ण ताकत गुमाएको बदलामा गणतन्त्र र संघीयता पायो । यो बोझ थाम्न परेकाले देशको अर्थतन्त्र तंग्रिन अझै धेरै समय लाग्न सक्छ । त्यसबेलासम्म ऋणको बोझले देश थचक्क हुन सक्छ ।

फारो गरौं, ऋण नलिऔं

दोस्रो विश्वयुद्धमा देश तहसनहस भएपछि जापानले नागरिक खानपानको एउटा विशेष नियम बनाएको थियो, जो बुद्धको व्यावहारिक शिक्षाबाट झिकिएको थियो । जस्तो : प्रत्येक नागरिकले बुद्धको दानपात्रमा खाना खाने, जसमा तीन गाँस खाना अटाउँछ, जो वयस्क मानिसको शरीरलाई पर्याप्त हुन्छ । त्यसपछि एक कचौरा नुनिलो सुप (झोल) खाने । अर्थात्, सबैभन्दा पहिले खाना बचत गर्ने । खानामा आत्मनिर्भर हुन खेती गर्ने । यति मात्र गरियो भने आफू पनि बाँचिन्छ र देशलाई पनि ऋणमा डुब्नबाट बचाउन सकिन्छ । संघीय, प्रादेशिक तथा स्थानीय सरकारले यति मात्र गराउन सके भने ती जय-जयकारका पात्र हुनेछन् । संघीय हात्तीको मुखमा देशको अर्थतन्त्र जिरा समान बनिरह्यो भने संघीयताको आयु पनि छोट्टिनेछ । यसतर्फ सतर्क रहनु जरुरी छ । तसर्थ, फारो गरेर बाँचौं, विदेशी साहूको ऋण नलिऔं । ◆

उपभोक्ताको काम, छलछाम

अपनत्व महसुस भएर गुणस्तरीय काम हुने आशा गरिएको विकासे मोडल निष्प्रभावी

मनोज पौडेल

- कपिलवस्तु, कृष्णनगरदेखि गणेशपुर सडक खण्डको कालोपत्रे भत्किएर तलको माटो देखिन्छ । आधा मिटरभन्दा बढी भागमा कालोपत्रे भत्केर बाढीले बगाएजस्तो देखिन्छ । निर्वाचन पूर्वाधार क्षेत्र विकास कोषको तीन करोड रूपियाँ लागतमा यस सडकको पाँच किलोमिटर कालोपत्रे गरेको एक वर्ष पनि पुगेको छैन । तर, सडकको ठाउँठाउँमा खाल्डा छन् ।
- जेठमा बुद्धभूमि नगरपालिकाको नयाँबस्तीस्थित घोराही नालामा जसवरिया बाँधको पक्की नाली बनाउन सुरु भयो । तर, यो नाली बनिनसक्दै असारमा भत्कियो । यसलाई बनाउन पनि निर्वाचन पूर्वाधार क्षेत्र विकास कोषको ३० लाख रूपियाँ र चार लाख रूपियाँबराबरको जनश्रमदान खर्च भएको थियो ।
- वरहा-वरही सडक निर्माण उपभोक्ता समितिले बाटो ग्राभेल गरी ६ लाख २५ हजार रूपियाँ भुक्तानी माग्यो । जिल्ला प्राविधिक कार्यालयले मूल्यांकन गर्दा भने मुस्किलले पाँच लाख रूपियाँको मात्र काम भएको भेटियो ।

उल्लिखित सबै निर्माण स्थानीय स्तरमा गठित उपभोक्ता समितिले गरेका हुन् । काममा स्थानीय जनताको अपनत्व र जिम्मेवारी भएपछि काम बलिया हुन्छन् भन्ने अवधारणाका साथ सरकारले उपभोक्ता समितिको अग्रसरतामा विकास निर्माण कार्य गर्ने नीति ल्याएको हो, ०६९ देखि । तर, माथिका उदाहरणले त्यस्तो देखाउँदैन । "उद्देश्य अनुरूप काम हुन सकेन," स्थानीय विकास अधिकारी (एलडीओ) चन्द्रकान्त न्यौपाने नै स्वीकार्छन् ।

यद्यपि, उपभोक्ता समितिहरू भने यो कुरा स्वीकार्दैनन् । घोरही नाला निर्माण उपभोक्ता समितिका अध्यक्ष अब्दुल कयुम प्राविधिकको प्रत्यक्ष रेखदेखमा नाला बनाइएको भए पनि निर्माणलगत्तै आएको बाढीले बगाउँदा समस्या आएको बताउँछन् । भन्छन्, "यसमा हाम्रो गल्ती छैन । प्रयास गरेका थियौँ, सफल भइएन ।" वरहा-वरही सडक निर्माण उपभोक्ता समितिका सदस्य रमेश चौधरी पनि आफूहरूले सक्दो राम्रो काम गर्न खोजेको दाबी गर्छन् ।

उपभोक्ता समितिमार्फत हुने निर्माण कमसल प्रकृतिको हुने गरे पनि सरकारले भने जिल्लाको ठूलो विकास हिस्सा यस्तै मोडलबाट फर्स्योट गर्दै आएको तथ्यांकले देखाउँछ । आर्थिक वर्ष ०७२/७३ र ०७३/७४ मा कपिलवस्तु जिल्ला विकास समितिका ९८ प्रतिशत काम उपभोक्ता समितिमार्फत सम्पन्न भए । तर, जिल्ला प्राविधिक कार्यालयले मूल्यांकन/निरीक्षण गर्दा त्यसमध्ये ८० प्रतिशत काममा निर्धारित मापदण्ड पूरा नगरिएको भेटियो । जिल्ला प्राविधिक कार्यालयका इन्जिनियर राजेश सैनी भन्छन्, "उपभोक्ता समितिहरू बजेट अनुसार काम सम्पन्न गरेको भन्दै भुक्तानी माग्न आउँछन् । तर, हामीले मूल्यांकन गर्दा कम काम गरेको वा गुणस्तरहीन काम गरेको भेटिन्छ ।" यस्तो भएपछि धेरै ठाउँमा विवाद हुने गरेको छ । तीनपटकसम्म प्राविधिक

उपभोक्ता समितिले निर्माण गरेको कपिलवस्तुको कृष्णनगर-गणेशपुर सडक खण्ड

पठाए पनि मूल्यांकनको नतिजा एउटै आउने गरेको छ ।

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ ले उपभोक्ता समितिबाट काम गराउने नीतिको व्यवस्था गरे पनि त्यसको तरिकाबारे केही उल्लेख छैन । त्यही भएर उपभोक्ता समितिले थोरै काम गरेर धेरै रकम भुक्तानी खोज्ने गरेको सैनीको अनुभव छ । काम राम्रो हुन्छ भनेर ल्याइएको उपभोक्ता समितिको अवधारणाका कारण स्थानीय निकायले अनावश्यक झन्झट बेहोर्नुपरेको छ । एलडीओ न्यौपाने भन्छन्, "परिणाममुखी काम नहुँदा धेरै समय यस्तै विवादमा अल्झनु परिरहेको छ । कार्यालयका नियिमित कामलाई छाडेर उजुरी तथा गुनासो सुन्न, झैँझगडा मिलाउनतिर लाग्नुपरेको छ ।"

पहुँचवालाको पल्ला भारी

यो मोडलमा गरिने विकासका काममा उपभोक्ता समितिबीच नै झैँझगडा हुने गरेको छ । विडम्बना ! यस्तो झगडामा राजनीतिक व्यक्तित्वहरू नै जोडिएका हुन्छन् । यसको ताजा उदाहरण हो, थुन्हियाको चिसापानी कल्भर्ट निर्माण । यस कामका लागि दुईवटा उपभोक्ता समिति बने, तत्कालीन सभासद्द्वय अभिषेकप्रताप शाह र नरसिंह चौधरी पक्षधर । उपभोक्ता समितिको विवाद सुल्झाउन एक महिनाभन्दा बढी लाग्यो । शाह पक्षधर उपभोक्ता समितिले आर्थिक वर्ष ०७२/७३ र ०७३/७४ को काम अनुगमन गर्दा गुणस्तरहीन भनेर चौधरीले जिल्ला समन्वय समितिमा उजुरी दिए । तर, त्यो उजुरी दराजमै थन्कियो । पूर्वसभासद् चौधरी भन्छन्, "सभासद्को उजुरी त सुनुवाइ भएन भने अरूको उजुरी सुनिएला भनी कसरी आश गर्ने ?"

उपभोक्ता समितिमार्फत काम गराउने चलनले निर्माणका काममा पहुँचवालाहरूको एकभन्दा बढी उपभोक्ता समिति बन्ने गरेका छन् । गत दुई आर्थिक वर्षमा जयनगरा-पकडी पुरानो हुलाकी सडकदेखि सन्तघाटसम्मको सडक कालोपत्रे गर्न दुईवटा समिति बने । उपभोक्ता पृतम पाण्डेले आफ्ना मानिस समितिमा नराखे काम गर्न नदिने अड्डी लिएपछि कामै सुरु भएन । पाण्डेले आफ्ना छोरालाई समितिमा राख्न चाहेका थिए । नभन्दै पाण्डेका छोरा समितिमा नराखी समस्याको गाँठो फुकेन । अन्ततः निवर्तमान सभासद् अतहर कमालले पाण्डेका छोरालाई समितिको सचिव बनाएर विवाद मिलाइदिए ।

तस्बिरहरू : मनोज पौडेल

कपिलवस्तुको बुद्धभूमि नगरपालिकास्थित घोराहीमा उपभोक्ता समितिद्वारा निर्मित जसवरिया नाली

समितिमा बस्न यसरी मरिहत्ते गर्नुको कारण आफ्नो क्षेत्रको राम्रो विकास गर्नु भने पक्कै होइन । समितिमा बस्दा प्राप्त हुने आर्थिक लाभले यस्तो खिचातानी जन्माएको हो । सांसदलाई पनि कार्यकर्ता पाल्नुपर्छ । निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतका सबै काम गर्न गठित समितिमा सभासद्ले आफ्ना कार्यकर्ता राख्ने गरेका छन् ।

आर्थिक वर्ष ०७२/७३ र ०७३/७४ मा सभासद्ले खर्च गर्न पाउने ५० करोड रुपियाँका सबै योजना उपभोक्ता समितिमार्फत सम्पन्न भए । त्यस्तै गाविस र जिविसका इलाका स्तरीय सडक, कृषि सडक, साना सिँचाइ, पुलपुलेसा, विद्यालय भवन बनाउने काम पनि उपभोक्ता समितिबाटै गरिए । ३० करोड रुपियाँभन्दा बढी लागतमा सञ्चालित ग्रामीण खानेपानीका कार्य सम्पन्न गर्न पनि उपभोक्ता समिति नै सक्रिय रहे । यी दुई वर्षमा सानाठूला गरी दुई हजारवटा काम उपभोक्ता समितिमार्फत भए ।

सरकारले उपभोक्तालाई ६० लाख रुपियाँसम्मको काम गर्ने अधिकार दिएको छ । तर, सांसदका योजना र जिविसका योजना ६०/६० लाख रुपियाँको प्याकेज बनाई बढी रकमको काम पनि उपभोक्तालाई दिने गरिएको छ ।

बेलगाम उपभोक्ता समिति

उपभोक्ताले गरेका काममा कुल लागतको १० देखि २० प्रतिशत बराबर जनश्रमदान गर्नुपर्छ । तर, व्यवहारमा यसो गरिँदैन । जिल्ला प्राविधिक कार्यालयका एक इन्जिनियरका भनाइमा जनश्रमदान गर्ने भनेर काम लैजान्छन् । तर, सबै उपभोक्ताको सहभागितामा समिति नबन्दा स्थानीयबीच विवाद हुन्छ । जनश्रमदान गर्न कोही तयार हुँदैनन् । अनि, श्रमदान गर्ने रकम पनि सरकारले दिने रकमबाटै मिलाउन खोज्छन् । त्यही भएर काम कमसल हुन्छ ।

विकास निर्माणमा ठेकेदारले गुणस्तरहीन काम गरेको खण्डमा सरकारले कारबाही प्रक्रिया अघि बढाउँछ । त्यसकारण ठेकेदारहरू बढी जिम्मेवार बन्ने सम्भावना रहन्छ । तर, उपभोक्ता समितिले फत्ते गरेका काम गुणस्तरहीन भएमा कारबाही गर्ने प्रस्ट कानुनी प्रावधान नै छैन, जसले गर्दा उपभोक्ता समितिहरूले मनलाग्दी गर्न छुट पाएका छन् । एलडीओ न्यौपाने भन्छन्, "उपभोक्ता समितिहरूलाई लगाम लगाउने कानुनी व्यवस्था ल्याउन आवश्यक छ ।" उपभोक्ता समितिले गरेका काम ६ महिनाभित्र बिग्रे-भत्केमा उनीहरूले मर्मत गर्नुपर्ने प्रावधान छ । यत्ति हो, उनीहरूलाई हुने कारबाही । तर, कपिलवस्तुमा यो पनि लागू भएको छैन ।

समन्वय समिति योजना शाखाका नायब सुब्बा नारायण रेग्मीका अनुसार उपभोक्ता समितिहरू कानुनी रूपमा बाँधिएका हुँदैनन् । त्यही भएर सम्झौता गर्न प्रायः ढिलो आउँछन् । उनीहरूसँग प्राविधिक ज्ञान पनि हुँदैन । रेग्मी भन्छन्, "लगत अनुमान अंग्रेजी भाषामा लेखिएको हुन्छ । सबै उपभोक्ताले बुझ्न सक्दैनन् । यसको मार योजनामा पर्छ ।"

उपभोक्ता समितिलाई जिम्मेवार बनाउने कुरामा जिल्ला समन्वय समिति पनि मौन छ । समन्वय समितिका प्रतिनिधिको उपस्थितिमा उपभोक्ता समिति गठन गर्ने प्रावधान भए पनि प्रायः यस्ता काम टाठाबाठाको अगुवाइमा गुपचुप हुने गरेका छन्, जसलाई समन्वय समितिले सजिलै मान्यता दिन्छ । विवाद आए मात्र सोधखोज हुन्छ ।

जवाफदेही नबनाई विकास निर्माणका काम धमाधम बाँड्ने प्रवृत्तिले उपभोक्ता समितिवाला विकासको मोडल नै असफल बन्ने खतरा बढेको छ । कपिलवस्तु निर्माण व्यवसायी संघका अध्यक्ष चन्द्रशेखर श्रेष्ठ भन्छन्, "नराम्रो काम गर्ने उपभोक्ता समितिलाई कानुनी कारबाही गर्ने व्यवस्था हुनुपर्छ । अनि, मात्रै उनीहरू पनि कामप्रति जवाफदेही बन्छन् ।" ◆

सन्दर्भ

म्यादी आन्दोलन किन ?

विप्लव समूहले घुसपैठ गरेको आशंका

■ **तुलाराम पाण्डे**/मान्म

करिब दुई महिना सँगसँगै चुनावी सुरक्षामा खटिएका म्यादी प्रहरीको बिदाइ गर्न ७ पुसमा बिहानैदेखि तयारी भइरहेको थियो । ५५ दिन संगत गरेर सुरक्षामा सहयोगी बनेका म्यादी बिदाइ भएर घर फर्किने तरखरमा थिए । त्यसैको चाँजोपाजो मिलाउन प्रहरी कार्यालयमा अनुभवको प्रमाणपत्र बनाउनेदेखि बिदाइ समारोहको बन्दोबस्त मिलाउन नायब प्रहरी उपरीक्षक (डीएसपी) सुवासचन्द्र बोहरा आफैं खटेका थिए । तर, यही दिन पूर्व भइसकेका म्यादी प्रहरीले जिल्ला प्रहरी कार्यालयमा आक्रमण गरे । बचाउमा प्रहरीले गोली चलाउँदा एक जना म्यादी प्रहरीको ज्यान गुम्यो ।

प्रहरीसरह सुरक्षाको जिम्मा लिएर खटिएका म्यादीलाई बिदाइ गर्न प्रहरीले बिहान ८ बजे नै नेपाल टेलिकम नजिकैको गणको खुला चौरमा जम्मा गरेको थियो । प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा कालीकोटमा जनपद, सशस्त्र, म्यादी र नेपाली सेना गरी २ हजार ५ सय ७५ जना सुरक्षाकर्मी परिचालित थिए । धेरैजसो स्थायी सुरक्षाकर्मी दोस्रो चुनावमा सुरक्षार्थ गएपछि कालीकोटको सुरक्षाको पूरै जिम्मा म्यादीले लिएका थिए ।

जागिर सकिने दिन भएर होला, अघिल्लो दिनसम्म तोकिएको समयमा एक मिनेट पनि तलमाथि नहुने गरी हाजिर हुने म्यादीहरू त्यस दिन एक-एक गरी आउन थाले । सबै आइपुग्दा ११ नै बज्यो । उनीहरूलाई कमान्ड गर्ने प्रहरीले पनि छुट्टिने दिन किन किचकिच गर्नु भनेर खासै केही भनेनन् । आएकालाई चौरमा बसालियो ।

सबै जम्मा भएपछि प्रहरी सेटमा डीएसपी बोहरासहितलाई छिटो आउन आग्रह गरियो । बिदाइका लागि जिल्ला प्रहरी प्रमुख डीएसपी बोहरासहित अरू सुरक्षा निकायका अधिकारीसमेत सभास्थल पुगे । त्यहाँ म्यादीलाई अबिरसहित प्रमाणपत्र वितरण गरियो । त्यहाँ उनीहरूसँग केही म्यादीले फोटो पनि खिचाए । म्यादी प्रहरी जयन्ती शाहीले बिदाइ गीत गाएर सबैलाई भावुक बनाइन् ।

डीएसपी बोहरालगायत अरू सुरक्षा निकायका अधिकारीले पनि म्यादीलाई सम्बोधन गरे । म्यादी भएर कमाएको पैसा होटलमा खाएको तिर्दै सकिएको गुनासो नआएको भने होइन । "केही केटाहरू हामी आजदेखि पब्लिक भइसक्यौं, यिनीहरूले भनेको किन मान्ने भन्दै हल्ला गर्न थालिसकेका थिए," खाडाचक्र-३ का म्यादी प्रहरी पदमराज पाण्डे भन्छन् । म्यादीले अन्य जिल्लामा बढी रकम पाएको तर आफूहरूलाई कम दिइएकाले आन्दोलन गर्नुपर्छ भनेर खासखुस भइरहेको थियो । यो सुनिरहेका डीएसपी बोहराचाहिँ पहिलो किस्तामा २४ हजार र दोस्रो किस्तामा करिब ३५ हजार रुपियाँ खातामा गइसकेको बताएर कार्यालयतर्फ लागे ।

लगत्तै आधाजसो म्यादी 'घर जान हतार छ' भन्दै हिँडे । केही 'एकछिन सल्लाह गरौं' भनेर त्यहीं बसे । उनीहरूले मोबाइलमा विभिन्न व्यक्तिसँग 'माथिबाट आएको पैसा कति हो' भनेर सोधे । यतिबेलासम्म ३ बजिसकेको थियो । केही खाजा खाने भन्दै बजारका होटलमा पसिसकेका थिए । उनीहरूले खाजासँग मदिरा पनि पिएको प्रहरीको दाबी छ । चुनावको अवधिभर कडाइ गरिएको मदिरा चुनावपछि खुकुलो भइसकेको थियो । उनीहरूलाई कसैले 'तिमीहरूको पैसा जिल्ला प्रहरीले काटेको छ, आन्दोलन गर्नु' भनेपछि एकाएक जिल्ला प्रहरी कार्यालयमा जाइलाग्न आएको सुरक्षा अधिकारीहरूको भनाइ छ ।

म्यादीलाई सम्झाइबुझाइ गरेर प्रहरीको कन्ट्रोल रुममा पुग्नेबित्तिकै असिनाझैं ढुंगामुढा हुन थालेपछि अवस्था असामान्य भयो । एकछिन अघिसम्म सुरक्षाकर्मीको भूमिकामा रहेका म्यादीले यसो गर्लान् भन्ने त कल्पनै थिएन । डीएसपी बोहरा भन्छन्, "गोली हानेर ज्यान लिने उद्देश्य होइन, अप्रिय घटना भयो ।" तर, अधिकारकर्मी मोहनराज सुवेदी पूर्वसूचना नदिएरै प्रहरीले एक्कासि गोली हानेको बताउँछन् । रास्कोट-२ का म्यादी प्रहरी विवेक ऐडी गोली लागेर भुइँमा लडे । उनलाई उठाउन जानेलाई पनि प्रहरीले अश्रुग्यास हानेर लैजान नदिएको आरोप आफन्तको छ । टाउकोमा गोली लागेर अत्यधिक रक्तश्राव भएर अन्तिम अवस्थामा मात्र उनलाई अस्पताल पुर्‍याइएको थियो, जहाँ डाक्टरले उनको मृत्यु भइसकेको जवाफ दिएका थिए ।

म्यादी प्रहरीको आन्दोलन र प्रहरीको गोली लागेर ज्यान गुमाएका विवेक ऐडी (इन्सेटमा)

म्यादी उचाल्न विप्लव माओवादीको हात रहेको यहाँका प्रमुख जिल्ला अधिकारी र डीएसपी दुवै जनाको दाबी छ । चुनावअघिदेखि नै विप्लवले विभिन्न अवरोध सिर्जना गर्ने प्रयास गरे पनि सफल नभएकाले अन्त्यमा म्यादी प्रयोग गरेको प्रजिअ बद्रीनाथ गैरे बताउँछन् । डीएसपी बोहरा पनि यस्तै भन्छन्, "केहीले मदिरा पिए, त्यही अवसर छोपेर घुसपैठ गर्ने (विप्लव समूह)ले प्रयोग गरिदियो ।" कालीकोटको म्यादी आन्दोलन न्यायका लागि लडाइँ भएकाले आफ्नो पार्टीको ऐक्यबद्धता भए पनि प्रहरी प्रशासनले आफ्नो कमजोरी ढाकछोप गर्न विप्लव माओवादीलाई आरोप लगाएको त्यसका स्थानीय नेता मुनिलाल ऐडीको प्रतिक्रिया छ । यद्यपि, म्यादी प्रहरीको सेवा-सुविधामा कुनै अनियमितता नभएको प्रतिवेदन गृह मन्त्रालयमा बुझाइसकिएको छ । ◆

KANTIPUR
कान्तिपुर टेलिभिजन
अब हाई-डेफिनिसनमा
DOWNLOAD KANTIPUR TV APP
GET IT ON Google Play
Available on the App Store
/KANTIPURTELEVISIONNETWORK | WWW.KANTIPURTV.COM

टिप्पणी



श्रेय पौडेल

पहिचानको राजनीति र ताजा जनादेश

दोस्रो चरणको प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको सेरोफेरो पारेर इलाम जाने मौका मिलेको थियो । केही वर्षअघिको लिम्बूवान आन्दोलनताका आगो ओकलिरहेको इलाम चुनावी रमझममा मस्त रहेछ ।

झापाको चारआली हुँदै इलामको कन्याम, फिक्कल, गोदक र इलाम बजार पुग्नजेल बाटो छेउका धेरै ठाउँमा लिम्बूवानसम्बन्धी नाराहरू देखियो । तर, तीभन्दा बढी देखिए- झलनाथ खनाल र सुवास नेम्वाङका चुनावी रंगीन पोस्टरहरू । अर्को प्रमुख पार्टी नेपाली कांग्रेसका प्रचार सामग्री भने निकै कम थिए । झन् पहिचानका आधारमा संघीयता खोज्नेका पोस्टरहरू त न्यून मात्रै ।

एक सातासम्म बिहान-बिहान सहिद रत्न बान्तवालाई पञ्चायत प्रहरीले समातेको भनिएको भालुढुंगानजिकको एक लिम्बुनी दिदीको चिया पसल चहार्दा जहिल्यै पुराना नेपाली गीत बजिरहेका हुन्थे । पर्यटकीय स्थल माइपोखरीको ठीक अगाडि एउटा सुनुवार जोडीको विवाहमा गाउँलेहरू रातैभरि नेपाली गीतमा नाचिरहेको भेट्यौं । त्यहाँ लिम्बू भाषा वा अन्य जनजातिका भाषा चल्तीमा थिएनन् । नेपाली नै बोलिन्थ्यो, सुनिन्थ्यो, गाइन्थ्यो । इलामका सापेक्ष रूपमा सुगम ठाउँमा बोलिने भाषा मात्रले कुन भाषा चल्तीमा छ भनेर तय गर्न त नमिल्ला । तर, कम्तीमा इलामको केन्द्रवरिपरिका नगरपालिका र गाउँपालिकामा नेपाली भाषा नै प्रचलनमा रहेको देखियो ।

भाषा नै पहिचानको राजनीतिको ऐना त होइन तर धेरैमध्ये एउटा महत्त्वपूर्ण मापक भने पक्कै हो । सीके लालजस्ता विद्वान्हरूले पहाडका जनजातिलाई केन्द्रीय सत्ताले २ सय ५० वर्षसम्मै 'को अप्ट' गरेको भन्ने गरेका छन् । यत्तिका वर्षसम्म जनजातिमाथि राज्यले आफ्नो भाषा, संस्कृति, धर्म र सौन्दर्य थोपऱ्यो । आखिरमा अहिले उनीहरू नेपाली बोल्छन्, दौरा-सुरुवाल, ढाका टोपीमा गर्व गर्छन् र दसैं-तिहार मान्छन् । यसकारण, राज्यसत्ताले पहिलेदेखि स्थापित गर्दै आएको नेपालीपनको घेरामा मधेसीको तुलनामा जनजाति जनता भने केही हदसम्म परेका छन् । तसर्थ, पहाडी राष्ट्रवादमा आर्य-खस वर्चस्वसँगै पहाडी जनजाति पनि एउटा खम्बाका रूपमा उपस्थित भएका हुन् कि ?

एमालेले पहाडी राष्ट्रवादलाई प्रधानता दिँदै आफूलाई पहिचानका आधारमा संघीयताको विपक्षमा राखेको हो । यद्यपि, चुनावमा उसले पहाडमा सशक्त उपस्थिति देखायो । जनजाति मत प्रभावशाली हुने क्षेत्रहरूमा पनि एमालेको बलियो पकड देखियो भने पहिचानवादी शक्तिहरूको उपस्थिति दयनीय रह्यो । परिणामत: पहिचानको राजनीतिले जनजातिमाझ भविष्यमा कस्तो भूमिका खेल्ला भन्ने प्रश्न महत्त्वपूर्ण भएको छ ।

यस चुनावमा जनजाति जनसंख्याले आफ्नो प्रतिविम्ब बृहत् पहाडी राष्ट्रवादमै देख्ने तत्कालको आधार भारतीय नाकाबन्दीले तयार गरेको हो । त्यो नाकाबन्दी मधेसी आन्दोलनको पृष्ठभूमिमा भएको थियो । त्यसयताका दु:ख त सबै नेपाली जनताले पाए । कष्ट साँधेर भए पनि नाकाबन्दी सहन गर्न मधेसी जनतासँग त एउटा राजनीतिक एजेन्डा थियो । तर, मधेसी आन्दोलनसँग ऐक्यबद्धता नभएका पहाडी खस-आर्य र जनजाति जनताले नाकाबन्दीलाई निरपेक्ष भारतीय हेपाइका रूपमा लिए । फलत: भारतीय हस्तक्षेपविरोधी एउटा बृहत् पहाडी राष्ट्रवादको निर्माण भयो ।

इलामको सट्टा वीरगन्ज वा जनकपुरका चिया पसलमा बिहान जाने हो भनेचाहिँ नेपालीको सट्टा भोजपुरी, मैथिली वा हिन्दी गीतहरू बज्ने गर्छन् । त्यहाँ बज्ने गीतजस्तै मधेसको राजनीति पनि पहाडभन्दा पृथक् छ । त्यसैले वीरगन्ज, जनकपुरलगायत अधिकांश तराईले अर्कै सन्देश दियो यसपालि । विशेष गरी प्रदेश-२ मा मधेसकेन्द्रित दलहरूको जोडदार उपस्थिति रह्यो । पछिल्लो मधेस आन्दोलनको राप र ताप अझै पनि मधेसी जनतामा कायम रहेछ भन्ने आधार राजपा र संघीय समाजवादी फोरमले पाएको मतबाट देखिन्छ । जबकि, लाखौं मधेसीको मानव साङ्लोलाई दुई-चार जना बाटोमा उफ्रिएको रूपमा पनि चित्रण गरिएकै हो । तर, लोकतन्त्रको धड्कन, निर्वाचनमा खेलको नियम अनुसार मधेसी एजेन्डाले मत ल्याएपछि कसैले नजरअन्दाज गर्न सक्ने विषय भएन ।

त्यसैले अहिले नेपालमा उत्पीडित समूहको पहिचानको मागलाई राजनीतिक रूपमा कायम राख्न मधेसी मात्रै सफल साबित भए । जसरी मधेस आन्दोलनको जनउभार संगठित राजनीतिक शक्तिमा परिणत भयो, त्यसको दाँजोमा लिम्बूवान, खुम्बूवान र नेवा: राज्यको सपना देख्नेहरूका राजनीतिक समूहहरू खासै संगठित हुन सकेनन् र जनसमुदायलाई आफ्ना एजेन्डामा आकर्षित पनि गर्न सकेनन् । उता मुख्यधारको माओवादीले १६ बुँदे सहमतिअघि पहिचानका मागहरूलाई बोकेको थियो भने त्यो सहमतिपश्चात् पहाडी जनजाति अगुवाहरूले राष्ट्रिय स्तरमा आफ्नो राजनीतिक प्रतिनिधि गुमाउन पुगे । त्यसपछि उनीहरूले केन्द्रीय सत्तासँग मधेसले जस्तो आँखामा आँखा जुधाएर आफ्ना कुरा भन्ने हैसियत राख्न सकेनन् ।

अबको केन्द्रीय सत्ताले जनजातिहरूलाई सत्तामा कसरी समावेश गर्छ, उनीहरूको भाषिक-सांस्कृतिक अधिकारलाई कत्तिको बढावा दिन्छ, विकास-निर्माणलाई कत्तिको विकेन्द्रित गर्छ र राजनीतिक नियुक्तिहरूलाई कत्तिको समावेशी बनाउन सक्छ भन्ने प्रश्न अर्थपूर्ण छन् । किनभने, यी प्रश्नको उत्तरका आधारमा जनजाति आन्दोलनको भविष्य निर्क्योल हुनेछ । मधेसमा भने मधेसवादी दलहरूले संवैधानिक रूपमै पाएको वर्चस्वलाई केन्द्रीय सत्ताले स्वीकार गर्नुको अर्को उपाय छैन । पहिचानको राजनीतिको अन्तिम मसाल, मधेसले केन्द्रसँग संविधान संशोधन, भाषिक-सांस्कृतिक अधिकार र राजनीतिक नियुक्तिहरूमा आफ्नो समुदायको प्रतिनिधित्वलाई स्थापित गर्न कस्तो भूमिका निर्वाह गर्छ, त्यसले नै मधेसको भावी राजनीतिको दिशा तय गर्नेछ । ◆

वाम गठबन्धनको भूराजनीतिक तरंग

नयाँ सत्ता समीकरणमा उत्तरी र दक्षिणी छिमेकीको चासो

रामबहादुर रावल

४ पुस : नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली चिनियाँ नाका रसुवागढी भ्रमणमा । उक्त नाकालाई चार लेनको बनाउने, त्यहींबाट चिनियाँ रेलसमेत नेपाल भित्र्याउने भाषण ।
५ पुस : भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको टेलिफोन । ओलीलाई बधाई र शुभकामना ।

१० र २१ मंसिरमा सम्पन्न प्रदेश र प्रतिनिधिसभाको निर्वाचनबाट वाम गठबन्धनले विजय हासिल गऱ्यो। त्यसमा पनि नेकपा एमाले सबैभन्दा ठूलो दल बन्यो । यसअघि संसद्को सबैभन्दा ठूलो



दल रहेको नेपाली कांग्रेसले अनपेक्षित पराजय बेहोर्‍यो । संक्रमणकालको समापन र संविधान कार्यान्वयनमा महत्त्वपूर्ण फड्को मानिएको निर्वाचन हुँदा पनि नेपालका दुवै छिमेकी लामो समय प्रतिक्रियाविहीन रहे ।

वाम विजयपछि आगामी प्रधानमन्त्रीका रूपमा समेत हेरिएका एमाले अध्यक्ष ओली अकस्मात् ४ पुसमा चीनसँगको एक मात्र अन्तर्राष्ट्रिय नाका रसुवागढी भ्रमणमा निस्किए । त्यहाँ उनको उपस्थिति मात्रै अर्थपूर्ण थिएन, केही सांकेतिक अभिव्यक्तिसमेत दिए उनले । एक, तातोपानी, सिन्धुपाल्चोकको नाकासमेत बन्द गरेर रसुवागढीलाई अन्तर्राष्ट्रिय नाका बनाउने चिनियाँ प्राथमिकतामा ओली सहमत छन् । दुई, ओलीको आगामी विदेशनीतिको प्राथमिकतामा चीन हुनेछ ।

ओलीको रसुवागढी भ्रमणकै भोलिपल्ट अर्थात् ५ पुसमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली नेताहरूलाई टेलिफोन गरे । प्रधानमन्त्री शेरबहादुर देउवालाई चुनाव सम्पन्न गराएकामा र एमाले अध्यक्ष ओलीलाई विजय हासिल गरेकामा मोदीले बधाई दिए । वाम गठबन्धनकै अर्का नेता एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई पनि मोदीले बधाई ज्ञापन गरे ।

यी घटनाक्रमले के संकेत गर्छ भने नेपालमा सम्पन्न निर्वाचन र त्यसको परिणामबाट अनपेक्षित मौनता साँधेको दक्षिणी छिमेकीलाई भावी प्रधानमन्त्रीका रूपमा हेरिएका ओलीको उत्तरी सीमा भ्रमणले मौनता तोड्न बाध्य पार्‍यो । २१ मंसिरको साँझबाटै मतगणना सुरु भए पनि २२ मंसिरमा जनमत वाम गठबन्धनतर्फ ढल्किएको प्रारम्भिक मत परिणाम आइसकेको थियो । २ पुसमा त निर्वाचनको सम्पूर्ण मतगणना सम्पन्न भई आगामी संसद्मा कुन शक्तिको हैसियत के हुने भन्नेसमेत स्पष्ट भइसकेको थियो । अरूबेला स-साना, नियमित र सामान्य घटनाक्रममा समेत प्रतिक्रिया दिइहाल्ने छिमेकी यस्तो अवस्थामा मौन बसेको थियो, जतिखेर नेपाल संक्रमणको समापन र संविधान कार्यान्वयनको महत्त्वपूर्ण फड्को मार्दै थियो । नेपाल-चीन-भारत त्रिदेशीय मामिलाका अध्येता रूपक सापकोटा भन्छन्, "वाम गठबन्धनको विजयले चिनियाँलाई उत्साहित बनाएको छ भने भारतीय पक्षलाई थप सशंकित ।"

बदलिँदो नक्सा

दक्षिणी छिमेकी प्रतिक्रियाविहीन हुनुका खास कारण थिए । एक, यो निर्वाचनको परिणाम अनपेक्षित थियो । नेपालका लागि पूर्वभारतीय राजदूत रणजित रायका अनुसार दुईवटा ठूला वामशक्ति सँगै निर्वाचन लड्दा विजय हुनु त स्वाभाविक थियो तर यो विजयको जुन 'म्याग्निच्युड' देखियो, त्यो भारतका लागि अनपेक्षित हो *(हेर्नूस्, द वायरसँग रायको कुराकानी, १६ डिसेम्बर २०१७)* । भारतले आफ्नो मित्रशक्ति ठानेको नेपाली कांग्रेसले यो हदसम्मको पराजय बेहोर्छ भन्ने आकलन दक्षिणका विश्लेषकहरूको थिएन ।

अर्को भारतका लागि बेचैनी पैदा गर्ने अर्को पक्ष थियो, वाम गठबन्धनले हासिल गरेको मतको आधार । गठबन्धनले आफ्नो संगठन, आर्थिक समृद्धि र राजनीतिक स्थायित्वको नाराका आधारमा मात्रै यो मत पाएको थिएन । ओली नेतृत्वको सरकारले भारतीय नाकाबन्दीविरुद्ध लिएको अडान, चीनसँग गरेका रणनीतिक समझदारीसँगै हासिल गरेको 'राष्ट्रवादी' छविको प्रभाव पनि थियो, जसलाई भारतीय सञ्चारमाध्यमले भारतविरोधी भावनाका रूपमा चित्रित गर्दै आएका छन् ।

यति मात्र होइन, वाम गठबन्धनको स्पष्ट बहुमत आइसकेपछि पनि वैकल्पिक सत्ता समीकरणका प्रयास नभएका होइनन् । खासगरी वाम गठबन्धनकै घटक माओवादी केन्द्रका शीर्ष नेताले वैकल्पिक समीकरणका लागि खुट्टा उचालेपछि यस्तो प्रयास भएको हो । आफूलाई रोक्न दक्षिणी शक्तिले त्यो खेल खेलेको बुझाइका आधारमा ओलीले रसुवागढी भ्रमण तय गरेका थिए । नभन्दै मोदीको टेलिफोनसँगै नेपालको राजनीतिक आकाशमा मडारिएका आशंकाका बादल हट्ने लक्षण देखिएका छन् । भारतीय संस्थापनले नरुचाएको नतिजा भए पनि प्रधानमन्त्री मोदीले नेपाली जनताको फैसला अनुसार बन्ने आगामी वाम नेतृत्वको सरकारसँग सहकार्य गर्न आतुर रहेको सन्देश दिएका छन् । मोदीको टेलिफोन सन्देशमा ओलीको सत्तारोहणमा तत्काल दिल्ली बाधक नबन्ने, बरू पर्ख र हेरको रणनीति अख्तियार गर्ने संकेत छ ।

अर्को जनमतविपरीतका गठबन्धन निर्माण भएमा त्यसको अपजस दिल्लीले नै बेहोर्नु सक्ने पक्षतर्फ भारतीय संस्थापन सचेत देखिन्छ । तसर्थ, दिल्लीका नेपाल नीति निर्माणमा प्रभाव राख्ने अधिकारी एवं कूटनीतिज्ञहरू ओलीप्रति सन्तुलित टिप्पणी गरिरहेका छन् । विगतमा सत्ताबाट ओलीको बहिर्गमन भारतका लागि शुभ खबर भन्ने भारतीय सञ्चारमाध्यमहरूले दिल्लीले ओलीसँग कसरी सम्बन्ध पुनःस्थापित गर्न सक्छ

५ पुसमा उत्तरी नाका रसुवागढी पुगेका केपी शर्मा ओली

भन्ने आशयका सामग्रीलाई स्थान दिएका छन् ।

नेपालविरुद्ध नाकाबन्दी हुँदाका भारतीय राजदूत रायले ओलीलाई नेपालका असल मित्र, कुशल प्रशासक र परियोजनाको नाम नलिई एउटा जलविद्युत् आयोजना (सम्भवतः महाकाली)सम्बन्धी समझदारी निर्माणमा प्रमुख भूमिका निर्वाह गरेका नेताका रूपमा चित्रण गरेका छन् भने अर्का पूर्वभारतीय राजदूत राकेश सुदले २८ डिसेम्बरमा *द हिन्दु* पत्रिकामा लेख नै लेखेर 'स्मार्ट नेता'को संज्ञा दिएका छन् ।

सुदले ओलीको नौ महिने प्रधानमन्त्री कालको अप्रिय स्थितिबाट दुवै पक्ष बाहिर आउनुपर्ने र दिल्लीले ओलीको विश्वास जित्नुपर्ने उल्लेख गरेका छन् । चीनको धेरै नजिक जाँदा दिल्लीका निम्ति प्रिय नहुने भन्दै उनले चेतावनीको भाषा प्रयोग गरे पनि दिल्लीको संस्थापनलाई समेत ओलीसँग सम्बन्ध बढाउन प्रशस्त 'टिप्स' दिएका छन् । सामरिक मामिला अध्येता गेजा शर्मा वाग्ले भन्छन्, "दिल्लीका धेरै कूटनीतिज्ञ यतिखेर निराशाको अभिव्यक्ति दिइरहेका छन् । संविधान निर्माण प्रक्रिया र नाकाबन्दीसम्ममा परम्परागत भारतीय प्रभाव रहेन । अब चीन-मैत्री विदेश नीति हुँदा भारतको परम्परागत भूमिका थप घट्ने भएकाले यस्तो अभिव्यक्ति आएजस्तो छ ।"

सशंकित दिल्ली

वाम विजयले भारतीय संस्थापनमा बढाएको प्रमुख आशंका पछिल्ला वर्षहरूमा चीनले नेपालमा बढाएको सक्रियता हो भन्ने हरेक भारतीय विश्लेषकका अभिव्यक्तिमा उल्लेख हुन्छ। त्यसमाथि वामपन्थी शक्तिहरूप्रति उत्तरी सहानुभूति र सम्बन्धले दिल्लीका नीति निर्माताहरूमा चिसो पस्नु स्वाभाविक छ । विगतमा प्रचण्डकै समर्थनमा बनेको ओली नेतृत्वको सरकारले भारतीय नाकाबन्दी चलिरहेकै बेला चीनसँग पारवहन-यातायात सम्झौता गरेको थियो र अहिले वाम गठबन्धनका हर्ताकर्ता पनि यिनै दुई नेता छन् । भारतले अहिलेसम्म सकारात्मक प्रतिक्रिया नजनाएको चिनियाँ महत्त्वाकांक्षी परियोजना बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई), जो उसको विदेश नीतिको महत्त्वपूर्ण अंग पनि हो, मा प्रचण्ड नेतृत्वकै सरकारले हस्ताक्षर गरेको छ । नयाँ बन्ने वाम गठबन्धनको सरकारले बीआरआईकै फ्रेमवर्कभित्र नेपालका रणनीतिक महत्त्वका पूर्वाधार तथा विकास आयोजना बनाउने निर्णय गर्न सक्छ भन्ने आशंका दक्षिणी शक्तिमा रहेको छ ।

पछिल्ला केही वर्षयता दिल्ली-काठमाडौँ सम्बन्ध तनावपूर्ण र उतारचढावयुक्त रह्यो। त्यो तनावको सुरुआत २५ जेठ ०७२ मा तत्कालीन संसद्का चार प्रमुख शक्ति कांग्रेस, एमाले, माओवादी र मधेस क्षेत्र मताधार भएको मधेसी जनअधिकार फोरम लोकतान्त्रिक (हाल कांग्रेसमा विलय)बीच सम्पन्न १६ बुँदे सहमति थियो। त्यही सहमतिका आधारमा ३ असोज ०७२ मा संविधान जारी भयो । ७ मंसिर ०६२ मा नयाँ दिल्लीमा सम्पन्न १२ बुँदे समझदारीबाट सुरु भएको नेपालको शान्ति प्रक्रिया र संविधान निर्माणका हरेक घटनाक्रममा साक्षी वा सहजकर्ता रहँदै आएको दिल्लीले १६ बुँदे सहमतिमा त्यो भूमिका पाएन । तसर्थ, उक्त समझदारीको जगमा विकसित भएका घटनाक्रमलाई उसले केवल 'नोटिस' मात्र गर्‍यो, साथ र समर्थन दिएन। संविधान जारी भएपछि त नाकाबन्दीको तहसम्म पुग्यो ।

यी सबै घटनाक्रमले नेपालमा आफ्नो प्रभाव र प्रभुत्व गुमाउँदै गएको ठानेको थियो, भारतीय संस्थापनले। प्रचण्ड र त्यसपछि देउवा सरकारको उदयले आफ्नो प्रभाव पुनःस्थापित भएको उसको ठम्याइ थियो। तर, वाम गठबन्धन निर्माण भारतका निम्ति अप्रत्यासित थियो । देउवा सरकारकै साझेदार दल माओवादीले विपक्षी एमालेसँग चुनावी सहकार्य मात्र होइन, पार्टी नै एकता गर्ने घोषणा त झनै अनपेक्षित भयो। चुनावको नतिजाले साउथ ब्लकलाई झनै झस्काइदियो ।

भारत-चीन : नयाँ परिवेश

त्रिपक्षीय मामिलाका जानकारहरूका अनुसार दोक्लम प्रकरणपछि भारत-चीन सम्बन्ध पनि नयाँ चरणमा प्रवेश गरेको छ । पहिला चीनले दक्षिण एसियाका जुनकुनै मुलुकसँग सम्बन्ध-सम्पर्क राख्दा भारतलाई विश्वासमा लिने नीति अख्तियार गरेको थियो । दोक्लम प्रकरणपछि चीनले त्यो नीति त्यागेको छ र भारतीय लबजका आधारमा दक्षिण एसियासँगको व्यवहार निर्धारण गर्न छाडेको छ ।

त्यसो त चीनको महत्त्वाकांक्षी परियोजना बीआरआईमा भारतको अरुचिका कारण पनि यी दुई मुलुकको सम्बन्धमा बदलाव आएको छ । चीनले पाकिस्तानसँग मिलेर बनाउन लागेको आर्थिक करिडोर भारत-पाक विवादित क्षेत्रमा पर्ने भन्दै भारतले असहमति जनाउँदै आएको छ । र, उसले बीआरआईलाई भूराजनीतिक जटिलताका रूपमा पनि व्याख्या गर्दै आएको

छ । बेइजिङमा आयोजित बीआरआई सम्मेलन नै बहिष्कार गरेको भारतले यसप्रति नेपालको व्यवहार रुचाएको छैन ।

बीआरआई सम्मेलनको दुई दिनअघि मात्र प्रचण्ड सरकारका उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महराले त्यो चिनियाँ पहलकदमीमा सहभागी हुने प्रतिबद्धतापत्रमा सही गरेका थिए । भारत जति नै सशंकित भए पनि अब नेपाल, पाकिस्तानलगायत दक्षिण एसियाका मुलुकहरूसँग सहकार्य गर्दा चीनले भारतको आशय बुझ्न आवश्यक नठान्न सक्छ । सापकोटा भन्छन्, “भारतले चाहेको वा नचाहेको अवस्थामा पनि चीनले अब दक्षिण एसियाका कुनै पनि मुलुकसँग सघन सहकार्य गर्नेछ ।”

ढुक्क छैन, चीन

अब बन्ने वाम सरकारले लिन सक्ने चीन-मैत्री नीतिप्रति दिल्ली जति सशंकित छ, चिनियाँ पक्ष पनि यो गठबन्धन स्थायित्वको मानक बन्छ भन्नेमा ढुक्क छैन । नेपालको अस्थिर र तनावपूर्ण राजनीतिको प्रभाव आफ्नो सुरक्षा संवेदनशील क्षेत्र तिब्बतमा असर पर्ने चिनियाँ चिन्ता पुरानै हो । त्यसमाथि बीआरआईमार्फत नेपालको बाटो हुँदै दक्षिण एसिया प्रवेश गर्ने योजनामा समेत अवरोध सिर्जना हुन सक्ने कारणले पनि चीनले नेपालमा स्थिर सरकार, स्थिर शक्ति र स्थिर नीतिको अपेक्षा गरिरहेको छ ।

राजसंस्थाको अन्त्यसँगै चीनले नेपालमा विश्वसनीय मित्रशक्तिको समेत खोजी गरिरहेको छ । त्यसका निम्ति पनि उसले वाम शक्तिहरूतिरै नजर लगाइरहेको बुझ्न सकिन्छ, पछिल्लो एक दशकमा वामपन्थी दलका नेताहरूको सघन चीन भ्रमण र आतिथ्यबाट । नेपालमा

“

७० वर्षदेखि किचिएको हाम्रो राष्ट्रिय आत्मविश्वास यतिखेर उठेको छ । चुनावको नतिजा सरकारमा अनुवाद हुनेबित्तिकै हामी नेपालको भूराजनीतिक नक्सा बदलिएको ठाउँमा हुनेछौं ।

टीका ढकाल
राजनीतिक विश्लेषक

”

विश्वसनीय र स्थिर शक्तिको निम्ति वाम एकता आवश्यक रहेको कुरामा समेत हरेक पटकका भेटघाट र भ्रमणमा चिनियाँ पक्षले जोड दिँदै आएको छ । आमनिर्वाचनबाटै वाम शक्तिले अपत्यारिलो विजय हासिल गरेपछि चिनियाँ पक्षमा झनै नेपालप्रति जिज्ञासा बढेको छ ।

तैपनि, चिनियाँ पक्षमा आशंकाका आधारहरू प्रशस्त छन् । एक, प्रचण्डको अस्थिर र अविश्वसनीय चरित्र । दुई, नेपालका प्रायः राजनीतिक शक्तिहरूले चीनलाई भारतसामु देखाउने तुरुपका रूपमा प्रयोग गर्ने प्रवृत्ति । तीन, अन्य शक्तिराष्ट्रको दबाबका कारण आफ्नो अडानमा टिक्न नसक्ने सम्भावना । तसर्थ, नेपालको सन्दर्भमा अझै पनि त्रिदेशीय समझदारी होस् भन्ने नै चिनियाँ अपेक्षा छ, जसले नेपालमा स्थिरता सम्भव हुन सकोस् । सापकोटा भन्छन्, “वाम गठबन्धनको सरकारले चीनसँग साँच्चै सहकार्य गर्ने हो भने भारतले नेपालसँगको सम्बन्धका आधारमै पुनःविचार गर्न सक्छ । त्यो अवस्थाको सामना नेपालले कसरी गर्छ भन्ने पनि विचारणीय छ ।”

चिनियाँ प्राथमिकतामा नेपाल

गत ३० साउनमा चिनियाँ उपप्रधानमन्त्री वाङ याङ पाकिस्तानको ७०औँ स्वतन्त्रता दिवसमा सहभागी भएर नेपाल आए । तीन दिन



भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङसँग केपी शर्मा ओली

काठमाडौंमा रहँदा उनले प्रधानमन्त्री शेरबहादुर देउवा र सरकारी टोलीसँग मात्र भेटवार्ता गरेनन्, विपक्षी दल एमालेका अध्यक्ष ओली र सत्ता-साझेदार माओवादीका अध्यक्ष प्रचण्डलाई पनि बेग्लाबेग्लै भेटे । उनले त्यतिखेर गरेका राजनीतिक वार्ताहरूको विषयवस्तु के थियो भन्ने तत्काल त सार्वजनिक भएन तर चुनावको मुखैमा घोषणा भएको वाम गठबन्धनको पृष्ठभूमि खोज्दै जाँदा त्यहाँ पुग्न सकिन्छ ।

बीआरआईको पक्षमा वातावरण निर्माण गर्नु वाङ याङको प्रमुख उद्देश्य थियो । दोक्लम प्रकरणमा भारत-चीन आमने-सामने रहेकै बेलामा उनी नेपाल आएका थिए र भारतीय उच्च अधिकारीहरूको बाक्लो आवागमन नेपालमा भइरहेको थियो । ओलीलाई विस्थापित गर्ने गठबन्धनका खेलाडी देउवा सरकारको नेतृत्व गरिरहेका थिए । देउवाका पालामा चीनले आफ्नो महत्त्वाकांक्षी योजनाको पक्षमा कुनै पहलकदमी हुने अपेक्षा चिनियाँ पक्षमा कम थियो । तसर्थ, आसन्न चुनावमार्फत दीर्घकालीन सहकार्य गर्न सकिने विश्वसनीय शक्तिको प्रतीक्षा गर्नु एउटा विकल्प थियो । चार जना उपप्रधानमन्त्रीमध्येका एक एवं चिनियाँ कम्युनिस्ट पार्टीका प्रभावशाली पोलिटब्युरो सदस्य याङको भ्रमणले नेपाल कति प्राथमिकतामा छ भन्ने पनि देखिँदैछ ।

गत वर्ष नै हुने भनिएको चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमण सत्ता गठबन्धनमा आएको गडबडीसँगै त्यत्तिकै तुहिएको थियो । अब बन्ने सरकारले अनुकूल वातावरण सिर्जना गर्न सकेमा आउँदो अक्टोबरसम्म उनी नेपाल भ्रमणमा आउन सक्ने गरी उनको कार्यतालिका बनेको छ । त्यति नै खेर रेल, जलविद्युत्, दूरसञ्चार, विमानस्थललगायत ठूला विकास आयोजनाहरूसम्बन्धी महत्त्वपूर्ण समझदारी हुने र सहयोगको पनि घोषणा हुने गरी गृहकार्य भइरहेको माओवादी नेता नारायणकाजी श्रेष्ठ बताउँछन् । “नेपालमा राजनीतिक स्थायित्व र आर्थिक समृद्धि होस् भन्ने चिनियाँ सद्भाव देखिन्छ । त्यसनिम्ति नेपालको पूर्वाधार निर्माण तथा आर्थिक विकासमा चीन सहयोग गर्न तयार छ,” उनी भन्छन्, “त्यसो त दक्षिणी मित्रराष्ट्र भारतसँग पनि वाम गठबन्धनको सरकारले दीर्घकालीन महत्त्वका विकास आयोजनाहरूमा साझेदारीका निम्ति पहल गर्नेछ ।”

चिनियाँ कम्युनिस्ट पार्टीको १९औँ राष्ट्रिय महाधिवेशनले अघि सारेको चिनियाँ विशेषतासहितको समाजवादलाई आफ्नो सिमानाबाहिर लैजाने र त्यसको पहिलो प्रयोग नेपालमा गरिने हो कि भन्ने आशंका पनि एकथरीमा नभएको होइन । तर, चीनले सोझै राजनीतिक र प्रशासनिक तहमा हस्तक्षेप गर्ने नभई पूर्वाधार विकास तथा वाणिज्य सम्बन्धका माध्यमबाट प्रभाव विस्तार गर्ने नीति अख्तियार गर्दै आएको छ । यति हुँदाहुँदै पनि वाणिज्य तथा विकास आयोजनामार्फत चीनले नेपालमा प्रभाव विस्तार गर्न खोजेको छ । योसँगै उसले आफ्नो व्यापार र प्रविधि मात्रै नेपालमा फैलाउने छैन, राजनीतिक र सैन्य उपस्थितिसमेत बढाउन सक्नेछ भन्ने आशंका अन्य शक्ति राष्ट्रहरूमा रहेको छ ।

पश्चिमा दृष्टि

सन् २०१४ मा तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाले अमेरिका एक्लैले अब विश्वव्यापी पहरेदारी गर्न सक्दैन भनेर ‘पिभोट टू एसिया’ नीति अघि सारेका थिए । आफूजस्तै क्षेत्रीय शक्तिको पहिचान गर्ने र तिनको प्रभाव क्षेत्रलाई मान्यता दिने यो विदेश नीतिलाई डोनाल्ड ट्रम्पले निरन्तरता मात्रै दिएका छैनन्, अझ बलियो गरी लागू गर्न खोजेका छन् । दक्षिण एसियामा भारतको प्रभाव र प्रभुत्व स्वीकार गर्ने अमेरिकी नीतिको सिकार बारम्बार नेपाल हुँदै आएको छ । यसको पछिल्लो संस्करण नेपालविरुद्धको भारतीय नाकाबन्दी नै मान्न सकिन्छ ।

यसैगरी अमेरिकी संयोजनमा दक्षिण कोरिया, जापान, अस्ट्रेलिया र भारतको चतुष्कोण बनेको छ, जसको उद्देश्य चिनियाँ विस्तारलाई रोक्ने नै हो । तसर्थ, नेपालमा भारत र चीनको स्वार्थ बाझिनुको कारण पश्चिमा शक्तिराष्ट्रहरूको प्रभावमा उत्पन्न ध्रुवीकरण पनि हो । नेपाललाई भारतीय आँखाले हेर्ने र चीनको कमजोर कडी मानिने तिब्बत प्रभावित गर्ने गरी नेपालमा गतिविधि गर्ने पश्चिमा रवैयाका कारण भूराजनीतिक जटिलता निम्तिने गरेको छ । यहाँको राजनीतिक वातावरण आफू अनुकूल हुँदा मौन बस्ने र प्रतिकूल हुँदा मानव अधिकारको मुद्दा उठाउने दोहोरो मापदण्ड पनि पश्चिमाहरूको देखिन्छ । त्यस्ता चलखेल र भूराजनीतिक चेपुवाको सामना गर्न सक्ने बलियो र स्थिर सरकार चिनियाँ अपेक्षा हो ।

चीनसँगको सहकार्यमार्फत व्यापार, पारवहन तथा विकासका अन्य आयामलाई हामीले एउटै मुलुकप्रति निर्भर नभई विविधीकरण गर्न सक्यौं र स्थिर सरकार सुनिश्चित गर्न सक्यौं भने चाँडै प्रगति गर्ने राष्ट्रको रूपमा स्थापित हुन सकिने राजनीतिक विश्लेषक टीका ढकाल बताउँछन् । भन्छन्, “७० वर्षदेखि किचिएको हाम्रो राष्ट्रिय आत्मविश्वास यतिखेर उठेको छ । जहाँ पुगेका छौं, नयाँ फड्को मार्न सक्ने ठाउँमा छौं । चुनावको नतिजा सरकारमा अनुवाद हुनेबित्तिकै हामी नेपालको भूराजनीतिक नक्सा बदलिएको ठाउँमा हुनेछौं ।” ◆

विमर्श

अच्युत वाग्ले

कसले ब्युँताउँछ कां

सात दशक लामो आफ्नो इतिहासमा नेपाली कांग्रेसले सम्भवतः सबभन्दा अपमानपूर्ण चुनावी पराजय भोगेको छ । यो हार कांग्रेसभित्र र बाहिरका, सायद कसैलाई पनि आश्चर्यजनक र अप्रत्यासित भने लागेको छैन । अनुमानको मात्रामा अलि तलमाथि भयो होला । यो पराजय अवश्यम्भावी थियो । कांग्रेसको अहिलेको अवस्था, सम्भावित पुनःजागरण र भविष्यबारे चासो राख्नेहरू यो पार्टीभित्रभन्दा बाहिर धेरै देखिएका छन् । यो पार्टीलाई पुनः राष्ट्रिय राजनीतिको निर्णायक शक्ति बनाउन कसले र कसरी पहल गर्ला भन्ने चासो आमजनता र राजनीतिक वृत्तमा उत्तिकै छ ।

कांग्रेस सहजै ब्युँतिएर आउन सकेन भने मुलुकको अर्थराजनीति, लोकतन्त्र र संघीयतामा दीर्घकालमा कस्तो प्रभाव पर्ला भन्ने अनुमानहरू पनि धेरै कोणबाट भइरहेका छन् । कांग्रेस बिरामी भएर अस्पतालमा छ भनेर त यसका प्रभावशाली भनिएका नेताहरू नै भनिरहेका छन् । जब बिरामीलाई ब्युँताउनु छ भने सबभन्दा पहिलो चरण त रोगको पहिचान (डायग्नोसिस) नै हुन जरुरी छ । त्यसपछि मात्र उपचार विधि र उपचार गर्ने विशेषज्ञ पात्रहरूको खोजी हुने हो ।

पार्टी पुनर्जीवनका उदाहरण

रोग पहिचानको चर्चाभन्दा पहिले संसारका केही ताजा उदाहरण हेरौं । मुलुकको इतिहासमा निर्णायक रहेका राजनीतिक पार्टीहरूले अहिले नेपाली कांग्रेसले जस्तै हार बेहोरेका र तिनलाई ब्युँताइएका उदाहरण छन् । अहिले सिन्जो आबेले नेतृत्व गरेको जापानको लिबरल डेमोक्रेटिक पार्टी सन् १९५५ मा जन्म भएयता सन् १९९४-९५ मा एक वर्ष मात्र सत्ताबाहिर बसेको थियो । यो दृष्टान्त सन् १९९० यताको कांग्रेसको अवस्थासँग झन्डै मिल्छ । तर, यसले सन् २००९ को संसदीय चुनावमा ४ सय ८० मध्ये १ सय १९ सिट मात्र जित्यो । यो उसको सबभन्दा लज्जास्पद हार थियो । तर, अहिलेका प्रधानमन्त्री आबेले पार्टीलाई नयाँ जीवन दिए । सन् २०१२ यता संसद्मा यस दलको प्रचण्ड बहुमत छ । र, आबे दोस्रो विश्वयुद्धपछि सबभन्दा लामो समय पदमा बस्ने तेस्रो जापानी प्रधानमन्त्री भएका छन् । उनको 'आबेनोमिक्स' विश्व बहसमा छ ।

यस्तै पुनःजागरणको अर्को उदाहरण बेलायतको लेबर पार्टीको छ । सन् १९८० को दशकभरि बेलायत चमत्कारी व्यक्तित्वकी धनी मार्गरेट थ्याचरको नेतृत्वमा थियो । कन्जरभेटिभ पार्टीको हालीमुहाली रहेको त्यतिबेला लेबर पार्टीको अस्तित्व नै संकटमा परेको थियो । सन् १९८० को दशकको बीचमा पहिलोपटक सांसद बनेका ३० वर्षे टोनी ब्लेयर र उनीभन्दा दुई वर्ष जेठा गोर्डन ब्राउनले 'न्यु लेबर, न्यु ब्रिटेन'को अवधारणा अघि सारे । १९९४ पछि यो दल सत्तामा फर्कियो र १७ वर्ष लगातार सत्तामा रह्यो । ब्लेयर र ब्राउनबीच भएको अनुमान गरिएको गोप्य सहमति अनुरूप दुवै प्रधानमन्त्री भए । अहिले फेरि यसको भूमिकाको प्रभावकारितामाथि प्रश्न उठेको छ ।

धेरै प्रयास गर्दा पनि ब्युँतिनै मुस्किल परेका पार्टीका उदाहरण पनि छन् । इटालीका धनाढ्य सिल्भियो बर्लोस्कोनीको दल त्यस्तैमध्ये



एउटा हो । उनले सन् १९९४ मा मूलतः कम्युनिस्ट गठबन्धनले सोभियत शैलीको तानाशाही निम्त्याउने डर देखाएर विकल्पका रूपमा फरवार्ड इटाली नामको नयाँ दल खोलेका थिए । सन् २००९ मा त्यसलाई उनले पुनः नामकरण गरे, दी पिपल अफ फ्रिडम । उनी विभिन्न रंगका गठबन्धन बनाएर चारपटक प्रधानमन्त्री पनि भए, शेरबहादुर देउवाजस्तै । तर, उनको पार्टीको भविष्य सुनिश्चित गर्न त्यसले तात्त्विक फरक परेन ।

ग्रेस ? कसरी ?

रोग र उपचार

नेपाली कांग्रेससहित यी सबै राजनीतिक पार्टीहरू संकटमा पर्नुका मुख्य कारणहरू आश्चर्यजनक रूपले समान देखिन्छन् । र, ती कारण वा रोगलाई सीधै सम्बोधन गरेर मात्र पुनर्जीवन प्राप्त हुन सक्छ । वास्तवमा कांग्रेस मात्र होइन, अहिले पहिचान र भावी कार्यदिशाका दृष्टिमा हाँसको हिँडाइ न कागको हिँडाइको अवस्थामा पुगेका माओवादी केन्द्रजस्ता दलहरूका लागि पनि समान 'प्रेस्क्रिप्सन' नै लागू हुन्छ । नेपाली कांग्रेसलाई केन्द्रविन्दुमा राखेर हेर्दा यसलाई कम्तीमा पाँचवटा रोगले एकैपटक सताएको छ : १. नीतिविहीनता, २. जर्जर संगठन, ३. नेतृत्व शून्यता, ४. प्राधिकारको दुरुपयोग, र ५. ऐँजेरु पार्टी बनाउने कसरत ।

कांग्रेसको जे अस्तित्व र जनसमर्थन बाँकी छ, त्यो उसको बहुदलीय लोकतन्त्रका अनुयायी हुनुको बृहत् दार्शनिक आधारले बचाइराखेको हो । तर, चुनावी जित र जनताका समस्या समाधानका लागि दार्शनिक आधारले मात्रै पुग्दैन । मुलुक र जनताका जल्दाबल्दा समस्यालाई प्रत्यक्ष सम्बोधन हुने नीतिहरू, जनतालाई अनुभूत हुने गरी अद्यावधिक हुन सक्नुपर्छ । आबेले सन् २००८ को विश्व आर्थिक संकटपछि आर्थिक दुश्चक्रबाट भयभीत जापानलाई आश्वस्त पार्न तीन सूत्रीय नीति (मौद्रिक खुलापन, आर्थिक प्रोत्साहन (स्टिमुलस) र संरचनागत सुधार) अघि सारे । त्यही 'आबेनोमिक्स' हो, जसले काम गरेको छ । र, पार्टीलाई भर्खर नयाँ जनमतका साथ फेरि सत्तामा पुऱ्याएको छ । बेलायतमा ब्लेयर-ब्राउन जोडीले पार्टीको विधानमा मुख्यतः एउटा शब्दावली मात्र परिवर्तन गरेका थिए । उनीहरूले अर्थतन्त्रको 'राष्ट्रियकरण' शब्द झिकेर 'खुला बजार अर्थतन्त्र अनुरूप' राखे । जुन 'दफा ४ संशोधन'का नामले प्रसिद्ध भयो । बर्लोस्कोनीको उदय पनि यही नीतिको अवलम्बनबाट भएको थियो ।

कांग्रेसभित्रको नीतिगत बहसलाई निमिट्यान्नै पार्ने काम गिरिजाप्रसाद कोइरालाले गरेका हुन् । उनी प्रधानमन्त्री भएपछि मात्र होइन, त्यसभन्दा धेरै अघिदेखि नै पार्टीलाई संगठनको बलमा चलाउने शैली उनको रह्यो । उनको नीतिहरूमाथि बहसको माग गर्ने र सामान्यतः सबै बौद्धिक शास्त्रार्थ वा बहसप्रति नै गम्भीर घृणाभाव थियो । पार्टीको स्थापना कालदेखि नै पार्टीभित्रका बौद्धिक भनिनेहरूले आफूलाई दोस्रो कोटिको नेतामा राखेको उनको बुझाइ थियो । उनी प्रायः भन्थे, 'खोइ, सान्दाजु (बीपी) त्यत्रो विद्वान् प्रधानमन्त्री भएर आफ्नो पद र प्रजातन्त्र जोगाउन सक्नुभएन, मैले यति धेरै काम गरेँ ।' उनीपछि नेतृत्वमा पुग्ने सुशील कोइराला र शेरबहादुर देउवासँग त अलि लामो दोहोरो संवाद नै कसैको हुने सम्भावना रहेन । नीतिगत बहस परकै कुरा भयो । मुलुकलाई चरम रूपले गाँजेका अर्थतन्त्र, संघीयता कार्यान्वयन, कूटनीतिक सन्तुलन र सामाजिक सहअस्तित्व आदि मुद्दामा प्रस्ट दृष्टिकोण नभएको मात्र होइन, यसबारे छलफल हुने वातावरण नै नहुनु कांग्रेसको मूल समस्या हो ।

पञ्चायत कालमा कांग्रेस संगठनभन्दा आदर्शले बढी चलेको थियो । चप्पल लगाएर देश बदल्न हिँड्नेहरूप्रतिको जनआकर्षणले यसलाई बचाएको थियो । प्रजातन्त्र पुनःस्थापनापछि, गिरिजाप्रसादले त्यसलाई आदेशका भरमा चलाए । यो मूलतः सुशीलको सहयोगमा उनैले बनाएको संगठन थियो । योग्यता, क्षमता आदि भन्दा कोइराला व्यक्ति शक्तिमा आउने आधार बन्यो । गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईहरूले पार्टी छोड्दा कोइरालाहरू दुःखी भएनन् । संगठन जर्जर हुने क्रम त्यहीँबाट तीव्र भएको हो । कोइरालाहरूको संगठन सञ्चालनको तजबिजी शैली देखेका र त्यही सिकेका देउवाले यसलाई सके आफ्ना भक्तहरूले भर्ने, नसके निर्णय नै नगर्ने नीति लिए । स्वाभाविक थियो, आफूलाई वास्तविक कांग्रेस सम्झने हजारौँले नेतृत्वसँग संवादविहीन अवस्थामा पुगेको र बाहिरी पाटोमा परेको महसुस गरे । त्यही कारण हो, केही अनुहारलाई हराउनेहरूले पनि पार्टीलाई भने अझै मत दिँदैछन् । समानुपातिकमा कांग्रसले पाएको मतले त्यही देखाउँछ । पार्टीमा आएको नयाँ पुस्तामा मूलतः राजनीतिक दलालीबाट चाँडै धनी हुन चाहनेहरूको दबदबा छ । आदर्श र नैतिवानहरूलाई भित्र्याउने आकर्षण पार्टीले प्रस्तुत गर्न सकेको छैन ।

संगठनको प्रमुख हुनु र नेतृत्व दिने नेता हुनु एउटै कुरा होइन । देउवाको हातमा त सबै कुरा थियो, अझै छ । उनी पार्टीको निर्वाचित सभापति छन्, मुलुकका प्रधानमन्त्री छन् । कर्मचारी, प्रहरी, न्यायालय र संवैधानिक निकायहरूमा उनका आदेशहरूलाई सामान्यतः शिरोपर गर्ने गरी मानिसहरू भरिएका छन् । तापनि, कांग्रेसले चुनाव हाऱ्यो । चरम चाहना हुँदाहुँदै पनि आफ्नी श्रीमतीलाई समेत चुनाव जिताउन नसक्ने उनको लाक्षीपनको सीमारेखा हो, नेतृत्व होइन । नेतृत्व पद, पैसा र कानुनी प्राधिकार होइन । नैतिक प्राधिकार, उदाहरणीय आदर्श र समस्या समाधानको प्रमाणित योग्यता नभए पनि आशा हो । तर, अहिले देउवा मात्र होइन, कांग्रेसको नेतृत्व पंक्तिमा रहेका भनिएकाहरू यी कुनै पनि पक्षमा औसत कोटिका नहुनु पार्टीको मूल समस्या हो । र, यस्तो योग्यताका कसैलाई पनि पार्टीमा छिर्न

र बस्नै नदिने शैली यसको यतिखेरको मुख्य चरित्र भएको छ ।

प्राधिकारको दुरुपयोगको खासै कुरा गर्नु नै परेन । किनभने, नेपाली कांग्रेस मात्र होइन, अरू सबै पार्टीमा यतिखेर शक्तिको चरम दुरुपयोग गरेर रातारात धनी हुन चाहनेहरूको मात्र बाहुल्य छ, तलदेखि माथिसम्मै । स्थानीय तहमा गएको पैसा मिलिभगतमा हिनामिना गर्नेदेखि ठेक्कापट्टामा भागीदारी गर्नेहरू हैसियत अनुसार केन्द्र, प्रदेश र स्थानीय तहमा सक्रिय छन् । व्यापारिक स्वार्थ समूहहरू संसद् र पार्टीमा लेनदेनका आधारमा निर्णय गराउँछन् । यही मूल काम भएपछि लामो समय सत्तामा बसेको कांग्रेसमा यस्ता मानिसहरूको बाहुल्य हुनु स्वाभाविक नै हो । अहिले राजनीतिमा इमानदारी र निःस्वार्थ जनसेवाको कुरा गर्नेहरू स्वतः मूर्ख, खाने अवसर नपाएर चिढिएका बकम्फुसे वा केही गर्न नसक्ने लाक्षीको कोटिमा दरिन थालेका छन् । दीपक मनाङे र गणेश लामाहरूलाई झुकेर नमस्कार गर्न नसक्नेहरू पार्टीका दुस्मनमा दर्ता छन् । कांग्रेस अपवाद छैन ।

ऐँजेरु कांग्रेस निर्माण नयाँ पक्ष हो । यतिखेर, देउवाको संरक्षणमा उनको अधिकार प्रयोग गर्ने एउटा टोलीले पुरानो कांग्रेसको रूखमा नयाँ कांग्रेसको ऐँजेरु उमार्ने प्रयास गरेको छ । आधुनिक, अभिजात्य र विकासे भाषामा कुरा गर्ने कांग्रेस । यो ब्लेयरको जस्तो सिंगो पार्टीलाई नयाँ बनाउने अभियानभन्दा फरक हो । कांग्रसको त्यो टोलीमा मुखमा सुपारी हालेझैँ असजिलो गरी नेपाली बोल्नेहरू, मुखको सट्टा घाँटीबाट मात्र आवाज निस्कने आत्मविश्वासीहरू, इतिहास र त्यागको कुरा नरुचाउने व्यवहारवादीहरू, मूल कुरा अंग्रजीमा मात्र अभिव्यक्त गर्न सक्ने राष्ट्रवादीहरू, अवधारणा टिपोटका आधारमा मात्र छलफल गर्ने रणनीतिकारहरू छन् र बिनाप्रश्न आदेश पालना गर्नेहरूको गज्जब सम्मिश्रण छ । प्रश्न गर्न सकिन्छ, यसमा खराबी के छ ? एउटै समस्या छ, यो समूहले देखेको र बुझेको मुलुक र यहाँका समस्या र तिनको समाधान जनताले चाहेको र बुझेको भन्दा फरक छ । जनताको समस्यासँग भिजेको 'पुरानो' कांग्रेस जमातलाई निषेध गर्दा मात्र आफ्नो भविष्य सुरक्षित हुने मानसिकताले यो समूहले आफ्नो कार्यशैली बनाएको छ । त्यसलाई आमजनताको तहले मत दिन नचाहनु अस्वाभाविक भएन । कांग्रेस पराजयको यही कारण पर्याप्त छ ।

अहिले नेतृत्वको आलोचक देखिएका युवा नेताहरू पनि नेतृत्वसँग सुधारको माग गर्नेभन्दा ठूलो हैसियतमा छैनन् । उनीहरू पनि चारित्रिक रूपले संस्थापनभन्दा फरक प्रमाणित हुन सकेका छैनन् । कांग्रेस अहिलेको अवस्थामा आइपुगुन्जेल उनीहरू के हेरेर बसे ?

ब्युँताउने कसले ?

पूर्वीय राजनीतिक संस्कारको अपेक्षा निःस्वार्थ राजनीतिको हो । हाम्रा सबै बहस यही मान्यतालाई मियो बनाएर, राजनीति गर्नेहरूलाई गाली गरेर सुरु हुन्छ । तर, यथार्थ के हो भने राजनीति गर्ने पनि चरम स्वार्थप्रेरित हुन्छ । मात्र उसलाई राजनीतिइतर स्वार्थमा हाबी हुनबाट नियन्त्रित गर्ने राज्य संयन्त्र चाहिन्छ । सन् १९९८ मा हार्वर्डका अर्थशास्त्रीहरू आन्द्रे स्लेफर र रबर्ट विश्नीले *जर्नल अफ पोलिटिकल इकोनोमी*को अंक-६ मा लेखेका छन्, 'पहिलो, राजनीतिकर्मीको स्वार्थ के हो र उनीहरूको उद्देश्य अभिवृद्धिका लागि यी स्वार्थहरू कसरी नीति र संस्थाहरूमा रूपान्तरित हुन्छ, त्यही आधारमा मात्रै गम्भीर निर्णयहरू हुन्छन् ।' अथवा, स्वार्थबिना राजनीतिक निर्णयहरू गरिनु अव्यावहारिक कुरा हो, पश्चिमाहरू भन्छन् । कुरा त्यसलाई व्यवस्थित गर्ने मात्र हो ।

कसको प्रत्यक्ष स्वार्थमा छ, कांग्रेसलाई ब्युँताउनमा ? यसमा पहिलो स्वार्थ समूह भनेको वर्तमान नेतृत्व नै हो । तर, देउवा र उनको सहयोगी मण्डलीलाई शेखरलगायतका कोइराला परिवारका सदस्य अथवा केही युवा नेताहरूले माग गरे अनुरूप, परिआए पदत्यागसम्म गरेर कांग्रेसलाई पुनर्जीवन दिनु आफ्नो स्वार्थ अनुकूल होला ? प्रस्टै छ, देउवालाई बिलकुलै छैन । त्यसैले उनीबाट आफ्नै पहलमा समूल प्रकृतिको सुधार थाल्ने र गर्ने कुरा असम्भव छ । भारतीय कांग्रेसकी सोनिया गान्धी र राहुल गान्धीको चाम्रोपन देखेर हौसिएका उनलाई अहिले जत्रो आकारको कांग्रेस बचेको छ, त्यसबाट राजनीति गर्न पर्याप्त 'स्पेस' पुग्छ । त्यसभन्दा पर सोच्ने र झुक्ने मनसाय उनले देखाएका छैनन् । आलोचकहरूप्रति उनी आक्रोशित छन्, कमजोरी स्वीकार्न तयार छैनन् ।

सुधारको अर्को स्वार्थ समूह कोइराला परिवार हो । यही मौकामा देउवालाई नेतृत्वबाट बाहिर हुत्याएर आफ्नो परिवारमा कांग्रेसको नेतृत्व फिर्ता ल्याउने चाहना छ, यस परिवारका सबै नेतामा । तर, उनीहरू कसैले पनि धेरै अवसर पाउँदासमेत वैकल्पिक नेतृत्वको सम्भावना देखाउन सकेनन् । शशांक कोइराला हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने हैसियतमा छन् । निजी आर्थिक स्वार्थ प्रस्ट देखिएको छैन । तर, उनको वैचारिक प्रस्टता र नेतृत्व क्षमता कतै प्रकट भएको छैन । खास गरी देउवालाई चुनौती दिने हैसियतको त बनेकै छैन ।

तेस्रो समूह युवा नेताहरूको हो, जसले आफ्नो भविष्य पार्टीभित्र देखेका छन् । अहिले नेतृत्वको आलोचक देखिएका युवा नेताहरू पनि नेतृत्वसँग सुधारको माग गर्नेभन्दा ठूलो हैसियतमा छैनन् । उनीहरू पनि चारित्रिक रूपले संस्थापनभन्दा फरक प्रमाणित हुन सकेका छैनन् । कांग्रेस अहिलेको अवस्थामा आइपुगुन्जेल उनीहरू के हेरेर बसे ? अब पनि नेतृत्वले उनीहरूको आवाज सुनेन भने उनीहरूसँग के थप प्रभावकारी उपाय छ ? यो प्रस्ट छैन । त्यसभन्दा पनि, उनीहरू नेतृत्वमा स्थापित हुनुअघि नै सर्वज्ञानी हुनुको अभिनय गरेर जत्रो अहम्का साथ टाउकोभन्दा घाँटी ठूलो बनाएर कुरा गर्ने भएका छन्, त्यसबाट कांग्रेसलाई नयाँ जीवन दिन उनीहरू सक्षम र लचक होलान् भन्ने आशा गर्न कठिन छ ।

चुरो कुरा के हो भने सुधार जसले गरे पनि उल्लिखित पाँच रोगको उपचार नगरी कांग्रेसले नयाँ जीवन पाउँदैन । यो सुधारभन्दा, वाम गठबन्धनको असफलता पर्खेर वा सत्ताको च्याँखे थापेर अर्को चुनाव कुर्ने मानसिकता बिस्तारै जड बन्दै गएको र जाने देखिन्छ । सम्भवतः कांग्रेसीहरू अहिलेलाई देउवाले जति 'सुधार' खटाएर दिन्छन्, त्यतिमै चुप बस्ने सम्भावना बढी छ । किनभने, वास्तवमै कांग्रेसलाई ब्युँताउन ध्येयनिष्ठ भएर कोही पनि लागेकै छैन । ◆

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG

समाचार अझै सहज, अझै अनुकूल

सर्वाधिक नेपालीसँग जोडिएको राष्ट्रिय दैनिक अब छुट्टै एप र वेबसाइटमा

प्रदेशहरुको हालचाल होस् या देश-विदेशका जानकारी, आर्थिक जगत्को उतारचढाव होस् या नेपाली डायस्पोराका गतिविधि, आफ्नो प्रिय खेलकुद टिमलाई पछ्याउन होस् या मनोरञ्जनका खबर थाहा पाउन, बद्लिँदो समयसँगै सूचना ग्रहण गर्ने तौरतरिका फेरिनसक्छ, तर समाचार र विश्लेषणमा तपाईको हक सुनिश्चित गर्ने हाम्रो प्रतिबद्धता अपरिवर्तनीय छ ।

डाउनलोड गर्नुहोस्

GET IT ON Google Play

Available on the App Store

www.kantipurdaily.com



होलान्, फुल-टाइमर प्रधानमन्त्री ?

बहुपद ओगटेका कारण अहिलेसम्मका प्रधानमन्त्री फितला

बाबुराम विश्वकर्मा

देशको कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्रीले दैनिक औसत कति घन्टा काम गर्नुपर्ला ? यो प्रश्नको वस्तुगत जवाफ कसैसँग छैन । किनभने, राजनीतिक दल, प्राज्ञिक-बौद्धिक समुदाय, सञ्चारमाध्यम र नागरिक समाजले मात्र होइन, आमनागरिक र मतदाताले समेत सोध्दै नसोधेको र बेवास्ता गरेको तर सर्वाधिक महत्त्वपूर्ण प्रश्न हो यो । कार्यकारी प्रमुखको योग्यता, क्षमता, ज्ञान तथा दैनिक कार्य सम्पादनको सीधा साइनो हुन्छ- देशको सुशासन, सेवा प्रवाह र विकासको गतिमा । प्रधानमन्त्री जति धेरै कामकाजी र पूर्णकालीन (फुल-टाइमर) भयो, त्यसको सकारात्मक असर शासन सञ्चालनमा पर्छ ।

तर, दुर्भाग्य ! विसं ०४६ पछिका २७ वर्षमा देशले प्रधानमन्त्रीको भूमिकामा मात्र सीमित एक जना पनि पूर्णकालीन कार्यकारी पाएन । यस अवधिमा जो-जो प्रधानमन्त्री भए, ती सबै आफ्नो दलको सभापति/अध्यक्ष र संसदीय दलको नेता पनि थिए । धेरैजसोले तीनवटै पद (प्रधानमन्त्री, पार्टी प्रमुख र संसदीय दलको नेता) आगटेर आफूलाई 'पार्ट-टाइमर' (आंशिक) प्रधानमन्त्रीमा सीमित गरे भने तीनै पद नपाउनेले दुई पद (प्रधानमन्त्री र संसदीय दलको नेता) लिएर आफ्नो कार्यसम्पादन नै दुईतिर विभाजित गरे ।

प्रधानमन्त्री हुने व्यक्तिले दुई वा तीन पद नै लिए पनि सेवा प्रवाह, सुशासन र विकासमा खासै योगदान पुग्न सकेन । बरू, त्यसले सत्तारुढ राजनीतिक दल र सरकारबीचको सम्बन्धमा भने असर पार्‍यो । पार्टी प्रमुखबिना प्रधानमन्त्री मात्र भएको व्यक्ति हमेसा पार्टी नेतृत्वबाट असुरक्षित हुने र सरकारचाहिँ दलको निरीह छायाजस्तो बन्ने भएकाले प्रधानमन्त्री हुनेको रोजाइमा तीनवटै पद हुने गरेको हो । तर, यसरी प्रधानमन्त्री भएको व्यक्तिमा शक्तिशाली/हैकमवादी प्रवृत्ति हाबी भएको दृष्टान्त छ । राजनीतिशास्त्रका प्राध्यापक कृष्ण हाछेथु भन्छन्, "गुट-उपगुटले बनेका दलमा प्रधानमन्त्रीले सबै पद लिँदा सरकार शक्तिशाली हुने र पार्टी प्रमुख नहुँदा सरकार कमजोर हुने स्थिति देखियो । तर, जे भए पनि सरकारले दिने प्रतिफलमा चाहिँ खासै फरक परेन ।"

कार्यकारी प्रमुख मुलुकको सबैभन्दा गहन पद त हुँदै हो, कार्यबोझ र जिम्मेवारीको दृष्टिले समेत महत्त्वपूर्ण हो । तर, प्रधानमन्त्री भएका व्यक्तिले बहुपद लिएर त्यो मुख्य कार्यकारी पदको कार्यादेशलाई नै न्याय गर्न सकेका छैनन् । त्यसैको नतिजा हो, अहिलेसम्मका

एक व्यक्ति, तीन पद

मनमोहन अधिकारी
पद : प्रधानमन्त्री, संसदीय दलको नेता र अध्यक्ष, नेकपा एमाले
अवधिः नौ महिना, १४ मंसिर ०५१ देखि २७ भदौ ०५२

लोकेन्द्रबहादुर चन्द
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा अध्यक्ष, राप्रपा (चन्द)
अवधिः सात महिना, २९ फागुन ०५३ देखि २१ असोज ०५४

सूर्यबहादुर थापा
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा अध्यक्ष, राप्रपा
अवधिः सात महिना, २१ असोज ०५४ देखि २ वैशाख ०५५

गिरिजाप्रसाद कोइराला
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा सभापति, नेपाली कांग्रेस
२ वैशाख ०५५ देखि १७ जेठ ०५६
(एक वर्ष एक महिना)
९ चैत ०५६ देखि ११ साउन ०५८
(दुई वर्ष चार महिना)
१२ वैशाख ०६३ देखि १५ जेठ ०६५
(दुई वर्ष एक महिना
१५ जेठ ०६५ देखि २ भदौ ०६५ (तीन महिना)

पुष्पकमल दाहाल 'प्रचण्ड'
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा अध्यक्ष, नेकपा माओवादी केन्द्र
अवधिः नौ महिना, २ भदौ ०६५ देखि ११ जेठ ०६६



झलनाथ खनाल
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा अध्यक्ष, नेकपा एमाले
अवधि : सात महिना, २० माघ ०६७ देखि १२ भदौ ०६८

सुशील कोइराला
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा सभापति, नेपाली कांग्रेस
अवधि : एक वर्ष आठ महिना, २८ माघ ०७० देखि २४ असोज ०७२

केपी शर्मा ओली
पद : प्रधानमन्त्री, संसदीय दलको नेता तथा अध्यक्ष, नेकपा एमाले
अवधि : नौ महिना, २५ असोज ०७२ देखि १९ साउन ०७३

पुष्पकमल दाहाल 'प्रचण्ड'
पद : प्रधानमन्त्री, संसदीय दलको नेता र अध्यक्ष, नेकपा माओवादी
अवधि : नौ महिना, १९ साउन ०७३ देखि १० जेठ ०७४

शेरबहादुर देउवा
पद : प्रधानमन्त्री, संसदीय दलको नेता र सभापति, नेपाली कांग्रेस
अवधि : २३ जेठ ०७४ देखि हालसम्म

"प्रधानमन्त्रीले सबै पद लिँदा सरकार शक्तिशाली हुने स्थिति देखियो । तर, जे भए पनि सरकारले दिने प्रतिफलमा चाहिँ खासै अन्तर आएन ।"

कृष्ण हाछेथु
प्राध्यापक, राजनीतिशास्त्र

सरकारको फितलो र निष्प्रभावी कार्यसम्पादन अनि सुशासन, विकास तथा सेवा प्रवाह लज्जाजनक हुन् ।

कार्यसम्पादन र शासनशैलीका दृष्टिले सार्वजनिक तारो बनेका प्रधानमन्त्री शेरबहादुर देउवा आफैँ यसका दृष्टान्त हुन् । प्रधानमन्त्रीका रूपमा त देउवाको भूमिका कमजोर छ नै, पार्टी सभापति र संसदीय दलको नेताका रूपमा पनि उनी गतिहीन साबित भएका छन् । स्थानीय, संसदीय र प्रादेशिक निर्वाचनमा भएको उनको पार्टी नेपाली कांग्रेसको पराजयलाई यही कडीसँग जोडेर हेर्न सकिन्छ । खासमा, एक व्यक्ति तर तीन पदकै नतिजा हो यो । पार्टी सभापति अरू कसैलाई बनाएर प्रधानमन्त्रीको भूमिकामा मात्र देउवा केन्द्रित भएको भए स्थिति फरक हुन सक्थ्यो । देउवाको हकमा मात्र होइन, यसअघि प्रधानमन्त्री बनेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' हुन् वा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सबैको हकमा यही लागू हुन्छ । दोहोरो तेहेरो पदीय जिम्मेवारीले कुनै पनि नेतालाई सफल हुन दिएको छैन । राजनीतिक विश्लेषक विष्णु सापकोटा भन्छन्, "कुशासनको मुख्य कारण नै देशले पूर्णकालीन प्रधानमन्त्री नपाउनु हो । सबै प्रधानमन्त्री पार्ट-टाइमर भए । सरकार, पार्टी र संसदीय दलको प्रमुख एउटै हुनु नै काम नहुनु हो ।"

खराब अभ्यास

हुन पनि असल शासन र संसदीय लोकतन्त्रमा प्रधानमन्त्रीका रूपमा राज्यकोषबाट

एक व्यक्ति, दुई पद

कृष्णप्रसाद भट्टराई
पद : प्रधानमन्त्री र कार्यवाहक सभापति, नेपाली कांग्रेस
अवधि : १३ महिना, ६ वैशाख ०४७ देखि १२ जेठ ०४८

गिरिजाप्रसाद कोइराला
पद : प्रधानमन्त्री तथा संसदीय दलको नेता, नेपाली कांग्रेस
अवधि : साढे दुई वर्ष, १२ जेठ ०४८ देखि १४ मंसिर ०५१



शेरबहादुर देउवा
पद : प्रधानमन्त्री तथा संसदीय दलको नेता, नेपाली कांग्रेस
अवधि : डेढ वर्ष, २७ भदौ ०५२ देखि २९ फागुन ०५३

कृष्णप्रसाद भट्टराई
पद : प्रधानमन्त्री तथा संसदीय दलको नेता
अवधि : नौ महिना, १७ जेठ ०५६ देखि ९ चैत ०५६

माधवकुमार नेपाल
पद : प्रधानमन्त्री तथा संसदीय दलको नेता, नेकपा एमाले
अवधि : एक वर्ष आठ महिना, ११ जेठ ०६६ देखि २० माघ ०६७

बाबुराम भट्टराई
पद : प्रधानमन्त्री तथा संसदीय दलको नेता
अवधि : एक वर्ष सात महिना, १२ भदौ ०६८ देखि १ चैत ०६९

सेवा-सुविधा र सुरक्षा लिएपछि राजनीतिक पार्टी/संगठनको प्रमुख भएर त्यसमा समय दिन पाइँदैन, कार्यकारी पदमै पूरा समय केन्द्रित गर्नुपर्छ । तर, प्रधानमन्त्रीले पार्टी प्रमुख र संसदीय दलको नेता भएर अरू काम पनि गर्ने परम्परा बसाइएको छ, हामीकहाँ । नयाँ सरकार गठनका सन्दर्भमा नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले प्रधानमन्त्री, संसदीय दलको नेता र पार्टी अध्यक्ष एकै व्यक्ति हुने अभिव्यक्ति दिनु त्यसैको उदाहरण हो ।

प्रमुख कार्यकारीलाई राज्यको ढुकुटीबाट सेवा-सुविधा अरू कारणले दिइएको होइन, शासन सञ्चालनमा प्रधानमन्त्री पूर्ण रूपमा केन्द्रित होस् र उसको समय त्यसमै खर्च होस् भनेर नै हो । मन्त्री, सांसद हुन् वा अरू सरकारी पदाधिकारी, सबैको हकमा यही लागू हुन्छ । तर, यहाँ प्रधानमन्त्री, मन्त्री, सांसदको तलब-सुविधा लिएर पार्टीको काम गर्नुलाई नै असल अभ्यास मानिने दुर्भाग्यपूर्ण परम्परा छ । संवैधानिक मामिलाका जानकार पूर्वमहान्याधिवक्ता युवराज संग्रौला भन्छन्, "प्रधानमन्त्रीको पदमा बसेर पार्टीको काम गर्नु भ्रष्टाचार र अधिकारको दुरुपयोग हो । र, यो अनैतिक कृत्यलाई दल, समाज र कार्यकर्ता सबैले पचाएका छन् ।"

असल शासन भएका लोकतान्त्रिक देशमा राज्यकोषको सेवा-सुविधा, सुरक्षा र तलब लिएर राजनीतिक संगठन र पार्टी सञ्चालनको कामलाई अनैतिक, लोकतन्त्रविरोधी र भ्रष्टाचारजन्य कार्य नै मानिन्छ । त्यसैले सभ्य देशका प्रमुख कार्यकारी (राष्ट्रपति या प्रधानमन्त्री), मन्त्री, सांसदले राज्यको सुविधा लिएर पार्टीको काम गर्दैनन् । राज्यको जिम्मेवारीमा जानुअघिसम्म पार्टीको कार्यकारी भूमिकामा भए पनि राजकीय भूमिकामा गएपछि राजनीतिक संगठनबाट स्वतः बिदा लिने चलन लोकतान्त्रिक देशमा छ । तर, यहाँचाहिँ ०४६ को जनआन्दोलनपछि नै उल्टो अभ्यास आरम्भ गरियो र त्यसैलाई परम्पराका रूपमा कायम गरिएको छ । राजनीतिक विश्लेषक सापकोटा थप्छन्, "खराब अभ्यासले जितेपछि त्यही नै असल हो कि भन्ने भान हुन्छ, अहिले भएको त्यही हो । नत्र, लोकतन्त्रमा एउटै व्यक्तिलाई सबै पदको भारी बोकाउनुपर्ने थिएन ।"

विधि र पद्धतिविपरीत एउटै व्यक्तिमा धेरै पद राखेर आफू नै शक्तिकेन्द्र बन्ने गलत परिपाटीको सुरुआत ०४६ पछि लामो समय सत्ताको केन्द्रमा रहेका नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइरालाले गरे । ०४८ को आमनिर्वाचनमा तत्कालीन पार्टी सभापति कृष्णप्रसाद भट्टराईले चुनाव हारेका कारण प्रधानमन्त्री भएका गिरिजाप्रसाद कोइरालाले आफ्नो पहिलो कार्यकाल मात्र प्रधानमन्त्री र संसदीय दलको नेताका रूपमा दुई पदमा चित्त बुझाउनु पर्‍यो । ०५३ वैशाखमा काठमाडौँमा भएको पार्टीको नवौँ महाधिवेशनबाट सभापति भएयता भने उनी हमेसा तीन पदसहितका शक्तिशाली प्रधानमन्त्री बनिरहे । कागजमा लोकतन्त्र भने पनि पार्टी सत्ता र शासन सत्ता आफैँमा राख्ने प्रवृत्तिलाई कोइरालाले नै संस्थागत गरेको ठान्छन् राजनीतिक विश्लेषक श्याम श्रेष्ठ । भन्छन्, "पार्टी र सरकारलाई आफ्नो नियन्त्रणमा राख्दा मात्र आफ्ना गल्तीमा अरूले प्रश्न उठाउन

"नैतिकता र लोकतान्त्रिक मूल्यका दृष्टिले देशको प्रधानमन्त्रीले सबै पद लिनु लज्जाजनक कुचलन हो ।"

युवराज संग्रौला
पूर्वमहान्यायाधिवक्ता

"कुशासनको कारण नै देशले पूर्णकालीन प्रधानमन्त्री नपाउनु हो । सबै प्रधानमन्त्री पार्ट-टाइमर भए ।"

विष्णु सापकोटा
राजनीतिक विश्लेषक

नपाउने व्यक्तिवादी र केन्द्रीकृत पद्धतिको सुरुआत कोइरालाले नै गरेका हुन् । त्यो रोगपछि एमाले, माओवादीलगायत सबै दलमा सऱ्यो र अहिले भयावह भएको छ ।"

राजा र प्रधानमन्त्री उस्तै

विगतमा संवैधानिक राजाको भूमिकामा सीमित नभएर राजा ज्ञानेन्द्रले प्रधानमन्त्रीको समेत अधिकार हत्याउनकै लागि १८ असोज ०५८ मा प्रतिगामी कदम चाले । त्यतिबेला उनले एक साता प्रधानमन्त्रीको अधिकार प्रयोग गरे भने १९ माघ ०६१ देखि १२ वैशाख ०६३ सम्म संविधानमै नभएको मन्त्रिपरिषद्को अध्यक्षसमेत आफैँलाई घोषित गरेर प्रधानमन्त्री र राजा दुवै भए । राजा ज्ञानेन्द्रको पाँचवर्षे शाही शासनमा हैसियतबिनाका पूर्वपञ्च मात्र होइन, संसद् विघटनका कारण नेपाली कांग्रेसको कारबाही परेर नेपाली कांग्रेस (प्रजातान्त्रिक) बनाएका शेरबहादुर देउवा पनि प्रधानमन्त्रीका रूपमा परीक्षण गरिए । विडम्बना ! राजा ज्ञानेन्द्रका सबै परीक्षण निरर्थक भए । विश्लेषक श्रेष्ठ भन्छन्, "सामन्ती र पेटी बर्जुवा वर्गमा पदीय लालसा बढी नै हुन्छ । राजा-महाराजामा झन् बढी थियो, पछि राजनीतिक दलका नेतामा पनि पद ओगटेर शक्तिशाली हुने र हैकम देखाउने रोग सऱ्यो । यो रोगले व्यक्तिलाई बलियो, विधि विधान र लोकतन्त्रलाई कमजोर बनाउँछ ।"

देशले एउटा पनि पूर्णकालीन प्रधानमन्त्री पाँच वर्ष परीक्षण गर्न नपाएको मात्र होइन, २७ वर्षमा प्रतिवर्ष औसत एउटा सरकार झेल्नुपरेको छ । प्रधानमन्त्री, मन्त्री र सांसदका रूपमा परीक्षण हुन बाँकी अनुहार थोरै मात्र छन् । पार्ट-टाइमर प्रधानमन्त्री र सरकारबाट मुक्त हुनकै लागि यसपालिको आमनिर्वाचनमा वाम गठबन्धनलाई जनताले बहुमत दिए । त्यसको कारण हो- सुशासन, पाँचवर्षे स्थिर सरकार र समृद्धिको सपना । मुलुकले योग्यतम् प्रधानमन्त्री र सरकार पाउनेभन्दा पनि पाँचवर्षे पूर्णकालीन प्रधानमन्त्री र सरकार पाउने मतदाताको आकांक्षाका कारण चुनाव परिणाम वाम गठबन्धनको पक्षमा गएको हो ।

तर, पार्टी एकताको उद्देश्यसहित चुनावमा गएका वाम गठबन्धनका दुई दलको बोली फेरिएको मात्र छैन, चुनावअघि र पछिको परिदृश्य नै बदलिएको छ । एकीकृत पार्टीको अध्यक्ष र प्रधानमन्त्री पदको भागबन्डा एकताको झन्डै केन्द्रीय विषय बनेको छ । कार्यकारी प्रधानमन्त्री र पार्टी अध्यक्षलाई उस्तै-उस्तै ठानेर भागबन्डाको विषय बनाइँदैछ । तर, एकीकृत पार्टीको अध्यक्ष को हुने विषय सम्बन्धित दलको सरोकार हो, आममतदाता

विदेशको असल अभ्यास

लोकतान्त्रिक अभ्यासमा अभ्यस्त मुलुकमा एउटै व्यक्तिले समान्यतया बहुपद ओगट्दैनन् । यो बुझ्न धेरै टाढा जानुपर्दैन, छिमेकी भारतलाई नै हेरे पनि काफी हुन्छ । नरेन्द्र मोदी प्रधानमन्त्रीको भूमिकामा मात्र केन्द्रित छन् भने उनको सत्तारुढ भारतीय जनता पार्टीका अध्यक्ष हुन्, अमित शाह । यसअघिका भाजपा अध्यक्ष राजनाथ सिंह अध्यक्ष पद छाडेर केन्द्रीय सरकारको गृहमन्त्रीको जिम्मेवारीमा छन् । आलोपालो, आंशिक र अल्पकालीन प्रधानमन्त्रीबाट अहिले भारत मुक्त छ र द्रुततर गतिको आर्थिक विकासमा दौडिरहेको छ ।

यसअघि सत्ता सम्हालेको भारतीय कांग्रेसले पनि प्रधानमन्त्री, पार्टी अध्यक्ष र संसदीय दलको नेता अगल-अलग व्यक्तिलाई चुनेको थियो । सोनिया गान्धी पार्टी अध्यक्ष र संसदीय दलको नेता अनि अर्थशास्त्री मनमोहन सिंह दुई कार्यकाल प्रधानमन्त्री भए । अहिले मात्र होइन, भारतीय स्वतन्त्रता संग्रामपछि १७ वर्ष प्रधानमन्त्री भएका जवाहरलाल नेहरु कहिले पनि कांग्रेस आईका अध्यक्ष भएनन् । सिंहअघिको प्रधानमन्त्री कार्यकाल थियो, अटलबिहारी बाजपेयीको । उनी पनि त्यतिबेला पार्टी अध्यक्ष थिएनन् । राजनीतिशास्त्रका प्राध्यापक लोकराज बराल भन्छन्, "प्रधानमन्त्रीमा लोकप्रिय र योग्य व्यक्ति चाहिन्छ, पार्टी त जसले चलाए पनि हुन्छ । सबै भूमिका एउटै व्यक्तिले लिनु निकम्मा हुनु र हैकम कायम गर्नु मात्र हो, अर्थ छैन ।"

भारत छाडेर अलि विकसित देशतिर जाने हो भने पनि यसभन्दा फरक उदाहरण फेला पर्दैन । संसदीय लोकतन्त्रको जननी नै मानिने बेलायतमा सत्तारुढ कन्जरभेटिभ पार्टी प्रमुख प्याट्रिक म्याक्लिन र प्रधानमन्त्रीचाहिँ थेरेसा मे छिन् । अमेरिकाको सत्तारुढ दल रिपब्लिकन पार्टीका अध्यक्ष रेन्स रोम्नी छन् भने राष्ट्रपति डोनाल्ड ट्रम्प । त्यहाँ त विज्ञलाई मन्त्री छानिन्छ भने सांसद विधायककै भूमिकामा मात्र केन्द्रित हुन्छन् । पछिल्लो राष्ट्रपतीय चुनावसमेत त्यहाँ रिपब्लिकन पार्टीको भन्दा बढी प्रभाव ट्रम्पको देखियो । त्यसअघि पनि अमेरिकी सत्तारुढ दल डेमोक्रेटिक पार्टीको प्रमुखमा न बाराक ओबामा रहे, न त राष्ट्रपतिमा पराजित हिलारी क्लिन्टन नै ।

र देशको होइन । जबकि, प्रधानमन्त्री को हुने भन्ने विषयचाहिँ सम्पूर्ण देशवासीकै चासो र सरोकारको हो । राजनीतिक विश्लेषक सापकोटा भन्छन्, “प्रधानमन्त्री, दलको नेता र पार्टी अध्यक्ष पनि हुने लोभले फेरि पार्ट-टाइमर प्रधानमन्त्रीकै पुरानो अभ्यास दोहोरिने खतरा बढेको छ । प्रचण्ड र ओलीजी बीचको आलोपालोको किस्सा पार्ट-टाइमरकै रहरले आएको हो ।”

दलदल तन्त्र

धेरैजसो महत्त्वपूर्ण निर्णय राजनीतिक दलका शीर्ष नेता कोठामा हुन्छन्, छलफलमा जनप्रतिनिधिको उपस्थिति हुन्न । यसरी संसद्लाई बन्धक बनाउने अनि जनताबाट चुनिएका प्रतिनिधिले स्वतन्त्र रूपमा राय राख्न नपाउने परिपाटीले लोकतन्त्रलाई नै बदनाम गरिरहेको बताउँछन्, राजनीतिक विश्लेषक श्रेष्ठ । भन्छन्, “एउटा नेतालाई सबैथोक बनाइएकाले पार्टी र नेता अनि सरकारका कमजोरीमाथि व्यक्तिले स्वतन्त्र रूपमा बोल्नै नसक्ने स्थिति पैदा भएको छ ।”

लोकतन्त्रका नाममा दलतन्त्र हाबी भएकाले प्रधानमन्त्रीभन्दा पार्टी प्रमुख अनि सरकारभन्दा राजनीतिक दल बलियाजस्ता देखिएका हुन् । त्यही भएर दलहरू सरकार, संसद् र राज्यका सम्पूर्ण तह र निकायमा हाबी हुन पुगेका हुन् । जस्तो : सार्वजनिक महत्त्वका कैयौँ मुद्दामा सांसदहरू आफ्नो माउ पार्टीको कारबाहीमा परिने डरले चुपचाप बसे भने प्रधानन्यायाधीशलाई महाभियोग लगाउने प्रस्तावमा नेपाली कांग्रेसका सांसदहरूको पुरानो हस्ताक्षर प्रयोग भयो । यस्ता विषयमा सांसद र संसद् चुप बस्नुको कारण कारबाही हुन सक्ने दलीय भय थियो भने त्यो भयको कारणचाहिँ एउटै व्यक्तिले बहुपद ओगट्नु हो ।

दलभित्र र बाहिर पनि भय सिर्जना गरेर आफ्नो शक्तिलाई कायम राख्नकै लागि एउटै व्यक्तिलाई पार्टी अध्यक्षसहितका सबै पद चाहिएको यस्ता प्रकरणले नै पुष्टि गर्छन् । नत्र, पार्टी प्रमुख एउटा, संसदीय दलको नेता अर्को र प्रधानमन्त्री अलग व्यक्ति हुने व्यवस्था गर्न कुनै कठिन छैन । संविधानविद् पूर्वमहान्यायाधिवक्ता संग्रौला भन्छन्, “संविधानमै प्रधानमन्त्री, संसदीय दलको नेता र प्रधानमन्त्री अलग-अलग व्यक्ति हुने व्यवस्था गर्न सकिन्छ र त्यो नै असल अभ्यास हो ।”

क्यानडा, अस्ट्रेलियालगायत संसारको असल शासन र लोकतन्त्रको अभ्यास भएको देशमा कार्यकारी प्रमुख र पार्टी प्रमुख एउटै व्यक्ति हुँदैनन् । पूर्वमहान्यायाधिवक्ता युवराज संग्रौला भन्छन्, “शक्ति पृथकीकरण, सन्तुलन र अधिकार प्रत्यायोजनका दृष्टिले मात्र होइन, राजनीतिक नैतिकता र लोकतान्त्रिक मूल्यका दृष्टिले समेत देशको प्रधानमन्त्रीले सबै पद लिनु भनेको लज्जाजनक कूचलन हो ।” ♦

“सामन्ती र पेटी बर्जुवा वर्गमा पदीय लालसा बढी नै हुन्छ । पहिला राजा-महाराजामा बढी थियो, पछि राजनीतिक दलमा पनि सऱ्यो ।”

श्याम श्रेष्ठ
राजनीतिक विश्लेषक

“प्रधानमन्त्रीमा लोकप्रिय र योग्य व्यक्ति चाहिन्छ, पार्टी त जसले चलाए पनि हुन्छ । सबै भूमिका एउटै व्यक्तिले लिनु भनेको निकम्मा हुनु हो ।”

लोकराज बराल
प्राध्यापक, राजनीतिशास्त्र

होल-टाइमर बाबुराम

पहिलो संविधानसभा निर्वाचनपछि बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारको अर्थमन्त्री भएर प्रशंसा बटुलेका बाबुराम भट्टराईचाहिँ जति समय प्रधानमन्त्री भए, पूर्णकालीन भए । ०४६ यता पूरै समय प्रधानमन्त्रीको भूमिकामा केन्द्रित हुने सम्भवतः उनी मात्रै भए । हुन पनि अर्थमन्त्रीका रूपमा उनले पाएको सफलताले माओवादी पार्टी अध्यक्ष दाहाल हुँदा हुँदै दोस्रा वरीयताका नेता उनी १२ भदौ ०६८ मा प्रधानमन्त्री भएका थिए । त्यतिबेला उनी १ वर्ष ७ महिना प्रधानमन्त्री रहे ।

भट्टराई प्रधानमन्त्री भएका बेला पहिलो संविधानसभा संविधान जारी नगरी विघटन भएकाले त्यसमा उनलाई प्रमुख रूपमा जिम्मेवार मानिन्छ । तर, त्यसबाहेक उनी अरूभन्दा फरक रहे । विकास निर्माण होस् वा सुशासन उनको प्राथमिकता थियो । प्रधानमन्त्री हुँदा भट्टराईले दैनिक १४-१५ घन्टा काम गरेको प्रसंग त्यतिबेला पनि चर्चामा थियो । उनैको पालामा काठमाडौँलगायत मुलुकभर सडक विस्तार भएको हो भने लगानी बोर्ड बनाउने, आर्थिक विकासलाई गति दिने कार्यमा आफूलाई पूर्ण रूपमा केन्द्रित गरेका थिए । पार्टीलगायतको जिम्मेवारी नहुँदा उनले सिंहदरबारमा बढी समय दिन पाएका हुन् । त्यसैले उनलाई पार्ट-टाइमर होइन, फुल-टाइमर प्रधानमन्त्रीका रूपमा स्मरण गर्न सकिन्छ ।

अजय दीक्षित

उपत्यका सभ्यता र पानी

अंग्रेजीमा टुक्का छ, 'अ पिक्चर इज वर्थ ए थाउजेन्ड वर्ड्स' अर्थात् एउटा चित्र हजार शब्दसरह हुन्छ । विभिन्न अवधारणालाई सहज रूपमा बुझ्न तस्बिर सहयोगी हुन्छ । यही सन्दर्भमा, आफ्नो करिब दुईवर्षे ट्वीट यात्रामा मैले पछ्याउने एउटा ट्वीटर ह्यान्डल हो, नेपाल इन पिक्स । केही समयअघि यस ह्यान्डलबाट प्रेषित पशुपति क्षेत्र छेउछाउको तस्बिरले पंक्तिकारलाई आफ्नो स्मृतिमा लुकेको वाग्मतीमा पुऱ्यायो । स्कुले जीवनसम्म वाग्मतीसित मेरो सम्बन्ध चारवटा स्थानमा थियो । पशुपति क्षेत्र, काठमाडौं-पाटन जोड्ने थापाथली पुल, टेकु पुरेतघाट र वाग्मतीको पश्चिम किनारामा रहेको लेबोरेटरी स्कुलको नयाँ भवन ।

केटाकेटी उमेरमा परिवारका अग्रजसित गुह्येश्वरी र पशुपतिनाथ पुग्थ्यौं । राजराजेश्वरी र आर्यघाटमा बेलामौकामा माछा देखिँदा हामी केटाकेटी दंग पर्थ्यौं । वाग्मतीको पानीले सेचन गर्न लगाइन्थ्यो, हामी गर्थ्यौं । आर्यघाटमा अन्त्येष्टि हुँदै गरेका वा हुने क्रममा रहेका शव देख्दा नरमाइलो लाग्थ्यो । सन् १९६७ तिर लाजिम्पाट चेत भवनमा सञ्चालन भएको लेबोरेटरी स्कुल कीर्तिपुर छेउछाउ वाग्मती किनारामा निर्माण भएको भवनमा सऱ्यो । शिक्षकहरूको कडा निर्देशन हुन्थ्यो- बाढी आउँछ, नदीनिर नजानू । तैपनि, बेलाबेलामा मौका हेरी चौका मारिन्थ्यो । कीर्तिपुर पुगेपछि साँझ-बिहान स्कुल जाने र फर्कने क्रममा थापाथली पुलबाट यताउता गर्ने गरेको सम्झन्छु । ताहागल्ली गणबहालस्थित हाम्रो पुर्ख्यौली घरबाट करिब दुई किलोमिटरजति दक्षिण हुँदै वाग्मती बग्छ, त्यहीं पुरेतघाट छ । अहिलेजस्तो हाम्रो घर र वाग्मतीबीच भवनहरू थिएनन्, कौसीबाट वाग्मतीको खण्ड देखिन्थ्यो ।

परिवर्तित जलचक्र

स्कुल जीवनमा वाग्मती भनेको मन्दिर, अन्त्येष्टि, बालुवा र माछामा सीमित रहेको ज्ञान उमेर र शिक्षासँगै बढ्न थाल्यो । खानेपानी, सिँचाइ, जलविद्युत् र नदीका अन्य उपयोग ज्ञानपुञ्जमा जोडिन थाले । नदी सभ्यताको आधार हो भन्ने बुझ्न थालियो । स्वर्गीय हुतराम वैद्यले वाग्मती सभ्यताको महत्त्व हाम्रो पुस्तालाई सम्झाएर गए, आफ्नो निवृत्त जीवन त्यसको जगेर्नामा समर्पित गरेर ।

नेपाल इन पिक्सले प्रेषित गरेको वाग्मतीको तस्बिर कुनै शिल्पी कलाकारको अथक प्रयासको बिम्बस्वरूप लाग्छ । श्लेषमान्तक वनपारि खेतका फाँट देखिन्छन् । गुह्येश्वरी र आर्यघाटबीच रहेको खोँच हुँदै वाग्मती तिलगंगा आइपुगेको छ । वाग्मतीबाट निकालिएको कुलाले किनाराको खेत सिँचेको छ, सिञ्चित धानखेत र नदी एक-अर्कासित जोडिएका छन्, प्राविधिक भाषामा एकीकृत छन् (तस्बिर-१) । परिवर्तनको प्रचण्ड वेगमा अघि बढ्दै गरेको काठमाडौंका नदी किनारामा अब त ढुंगा र सिमेन्टका पर्खाल उठाइएका छन्, नदी र तिनका प्रशाखाका तटीय फाँट जोडिएका छैनन्, खण्डित भएका छन् ।

उपल्लो भेगमा वाग्मतीको एउटा प्रशाखा इच्छुमती नदी (टुकुचा) को स्थिति त भिन्नै भइसकेको छ । यो प्रशाखामाथि कंक्रिट स्ल्याब ढलान गरिएको छ, केही खण्डमाथि गाडी गुड्ने गर्छन् । चिनियाँ राजदूतावासछेउको सानो खण्डमा मात्रै ढल मिसिएको इच्छुमती बगेको देखिन्छ । आधुनिक बन्ने यात्राका प्रतिफल हुन्, यी परिवर्तनहरू ।

भनिन्छ, वाग्मती नदी प्रणाली सुन्दर बनाइँदैछ । जलचक्र अध्ययन र अध्यापन गर्दा, समग्रतामा विवेचना गरिन्थ्यो । उपल्लो वाग्मती जलाधारमा जलचक्रको व्याख्या अब त भिन्नै हिसाबले पनि गर्नुपर्ने भएको छ, परिवर्तित जलचक्रका रूपमा ।

तस्बिर-१ : वाग्मती क्षेत्र

तस्बिरमा चक्रपथ र आर्यघाटभन्दा दक्षिणतर्फ रहेको ब्यारेज देखिँदैन । सायद सन् १९६२ अगाडि नै लिइएको हो, यो तस्बिर । सन् १९६२ मा विश्व खाद्य तथा कृषि संगठन (एफएओ)को सहयोगमा पशुपति र गोकर्णमा दुई ब्यारेज निर्माण गरिएका थिए । गोकर्णको ब्यारेज वाग्मती निस्कने खोँचको ठ्याक्कै दक्षिणमा छ भने पशुपतिमा आर्यघाटको केही दक्षिणपट्टि । ब्यारेजबाट पुराना कुलामै पानी पठाइयो, स्याउले बाँधलाई सिमेन्ट-कंक्रिट प्रयोग गरी बनाइएको संरचनाले प्रतिस्थापन गऱ्यो । सन् १९८४ मा अमेरिकी स्वयंसेवीहरूको प्रशिक्षकका रूपमा पहिलोपल्ट कार्यरत रहँदा, तिनलाई ब्यारेज सिँचाइ प्रणाली भनेर यसैलाई बुझाइएको थियो । राजकुला र किसान निर्मित कुलाहरूका बारे पछि मात्र बुझ्न थालिएको हो ।

हिजोआज परिदृश्य कस्तो देखिने रहेछ भनेर तस्बिर लिन म त्यस क्षेत्र पुगेँ तर प्रयास सफल भएन । तस्बिर लिने उपयुक्त स्थान नै भेटिएन । धानखेत पूरै घरखेतमा परिणत भइसकेका थिए (तस्बिर-२) ।

ब्यारेज पुलको रूपमा प्रयोग हुने गरेको छ, सिँचाइ प्रयोजनमा होइन। ब्यारेजको केही पर श्लेषमान्तक वनमुनि निर्माण गरिएको सुरुङ वाग्मतीमा टुंगिएको छ। विद्युतीय शवदाह गृह त्यहीँ छ, सायद त्यस दिन त्यसले काम नगरेको हुँदा अन्त्येष्टिहरू घाटमै हुँदै थिए। आर्यघाटको छेउपट्टि काठका बक्सा थन्क्याइएका भेटिए, विदेशमा मृत्युवरण गरेकाको दाहसंस्कार गर्न मुलुक ल्याइएको वास्तविकता सम्झाउँदै।

नदीको पिँध तुलनात्मक हिसाबले सफा थियो, हरेक शनिबार सफा गर्ने अभियानको प्रतिफल। तर, वाग्मतीबाट ढलको दुर्गन्ध आउन रोकिएको थिएन। तथ्यांक भन्छ, नदीमा अनगिन्ती हानिकारक ब्याक्टेरिया छन्। जलचक्रबाट 'फ्रेस वाटर' अर्थात् शुद्ध पानी झिक्ने, त्यसलाई घरघरमा आपूर्ति गर्ने, फ्लस ट्वाइलेटमा मानव मलसँग मिलाउने अनि फेरि जलचक्रमा मिल्काउने आधुनिक सभ्यताले स्वीकारेको प्रविधि हो। विकसित मुलुकमा ढल प्रशोधन गर्ने गरिन्छ। तर, विकासोन्मुख मुलुकमा बिनाप्रशोधन नै नदी, तालतलैयामा फालिन्छ। जलचक्र र ढलचक्र छुट्टाछुट्टै राख्नु सभ्यताको ठूलो चुनौती हो।

तस्बिरमा देखिएको त्यो क्षेत्र अब छैन, स्मृतिमा मात्रै छ। त्यो क्षेत्र मात्रै होइन, पूरै उपत्यका धूवाँ, फोहोर, प्रदूषण, कोलाहल र ट्राफिक जामको चपेटामा छ। भलै, अनावश्यक हर्न बजाइरहने

तस्बिर-२ : तस्बिर-१ मा देखिएको धानखेतको ठाउँमा घरखेत (गुगल चित्र)

व्यवहार रोकिएको छ, जसले सफल नीति कार्यान्वयनको संज्ञा पनि पाएको छ। राजकुलाहरू मासिइसके। ढुंगेधारा, जह्रौं, पुराना पाटी र सत्तलहरू मासिने क्रममा छन्। थुप्रै पोखरीहरू मासिएका, बेवारिसे पारिएका र बाँकी रहेका धेरै फोहोर छन्।

रानीपोखरीको व्यथा

विसं ०७२ को गोरखा-भूकम्पले बिगारेको वाग्मती सभ्यताको एउटा धरोहर रानीपोखरीको उचित पुनःनिर्माण यतिबेला चरम विवादमा छ। निर्वाचित स्थानीय सरकारले लिएको रानीपोखरी पुनःनिर्माण विधि वाग्मती सभ्यता जगेर्ना गर्ने मान्यताको विपरीत छ भन्ने चासो व्यक्त भएका छन् युवा, प्रौढ, पाका सबैको। नागरिकका भावना सुन्ने र त्यस अनुरूप विधि परिमार्जन गर्ने दायित्व जनमतबाट अनुमोदित स्थानीय राज्यशक्ति प्रयोग गर्ने समूह र प्रतिनिधिको हो। अझ पुरातत्त्व विभाग र महानगरपालिकाका अगुवा पुनःनिर्माणको विषयमा एकमत हुन नसकेको खबर सार्वजनिक भएको छ। मेयर र उपमेयर पनि एकै ठाउँमा आएका छैनन्।

विकेन्द्रित शासनपद्धतिको मान्यताले भन्छ, स्थानीय सरकारमा नागरिकको पहुँच सहज हुन्छ र तिनका चासो पनि सुनिने गरिन्छ, सिंहदरबारको तुलनामा। चल्दै गरेको विवादले यस्तो हुन नसकेको वास्तविकता बताउँछ। लाग्छ, काग कराउँदै गर्छ, पिना सुक्दै गर्छ।

रानीपोखरी एउटा पानी जमाउने खाल्डो मात्रै होइन, पानीसँग जोडिएको महत्त्वपूर्ण सम्पदा हो। यसर्थ, थप संवेदनशीलता आवश्यक भएको हो। पानीबिना धरती उजाड बन्छ, सभ्यता जीवन्त रहन सक्दैन। हाम्रो शरीर ६५ प्रतिशत पानी हो, पानीबिना हामी जीवित रहँदैनौं।

आजभन्दा ३ सय ५० वर्षअघि राजा प्रताप मल्लले रानीपोखरी निर्माण गराए, उपलब्ध प्रविधि प्रयोग भयो। आधुनिक विज्ञान र प्रविधिको यात्रामा हामीले न आफ्ना स्थानीय ज्ञान बुझ्ने, संवर्द्धन गर्ने प्रयास गर्‍यौं, न त हाम्रा संस्थाहरूलाई पूर्ण रूपमा आधुनिक प्रविधि प्रयोग गर्न सक्षम बनाएका छौं। स्थानीय ज्ञानपुञ्ज हराउँदैछन्। स्थानीय ज्ञान, प्राकृतिक विज्ञान र समाजशास्त्रलाई जोड्ने नयाँ ज्ञान सिर्जना हुन सकेको छैन। बरू, हाम्रो उच्च शिक्षा प्रणाली ह्रासोन्मुख छ। उदाहरणका लागि त रानीपोखरीको पुनःनिर्माण नै काफी छ।

स्थानीय ज्ञानलाई मर्न नदिन व्यक्तिगत स्तरमा केही लागिपरेका छन्। तर, राज्यको स्तरबाट दायित्वबोध देखिँदैन। चीनको सिनजियाङ प्रान्तको तुरपान मरुभूमिको कारेजमा दुई हजार वर्षअघि जमिनमुनि बनाइएका प्रणालीले मरुभूमिको निश्चित क्षेत्रमा पानी आपूर्ति गरिरहेका छन्। यी धरोहरको उचित संरक्षण गर्ने चीनका प्रधानमन्त्रीको प्रतिबद्धता पढेको थिएँ, त्यही प्रणाली हेर्न गएको बखत करिब १६ वर्षअघि। हाम्रा नेताहरू ठूलठूला कुरा त गर्छन् तर तपसिलमा ध्यान दिँदैनन्। ढुंगेधारा, राजकुलो, पोखरी एवं तालतलैया बचाएर राख्ने प्रतिबद्धता त निकै टाढाको प्रसंग भयो।

राजधानी सहरका नवनिर्वाचित पिताले भनेजस्तै फोहोरा भएको राता-हरिया-पहेँला बत्तीले झकिझकाउ पोखरी, कफी सप आदि, इत्यादि परिकल्पना गर्न र निर्माण गर्न पाइँदैन कसैले भनेको छैन। तर, मौलिक सम्पदामा यस्ता परिकल्पना किन थोपर्ने ? आस्थाका स्थलमा डिस्को डान्स गरिँदैन, गर्नै हुन्न। रानीपोखरीलाई यसको मौलिकता अनुसार पुनःनिर्माण गरौं। साथै, नदी र सहर सभ्यता आफ्नो मौलिकता अनुरूप बनाऔं, विकासका नाममा जथाभावी नगरौं।

काठमाडौंमा अझै बाँकी रहेको कुनै सार्वजनिक स्थलमा फोहोरा, राता-हरिया-पहेँला बत्ती, रमझम, कफी सप भएका नयाँ पोखरी निर्माण गर्ने प्रस्तावबारे छलफल सुरु गरौं। यसबाट नगरवासीलाई घुम्ने नयाँ स्थान पनि उपलब्ध हुनेछ। ८२ वर्षपछि हाम्रा सन्ततिले भन्नेछन् कि यो पोखरी-कफी सपको निर्माण सन् २०१८ मा हाम्रा अघिल्ला पुस्ताले चुनेका प्रतिनिधिहरूले सुरु गरेका थिए। ८२ वर्षपछि अर्थात् सन् २१०० लाई मैले जलवायु परिवर्तनको सन्दर्भमा चुनेको हुँ। सन् २१०० जलवायु परिवर्तनको आख्यानमा प्रयोग हुने वर्ष हो। भोलि के होला- निश्चित छैन, जलवायु परिवर्तनले त झन् अनिश्चितता थपेको छ। ◆

उहिले थियो, अहिले छैन

सुगम संगीतमा अर्थपूर्ण गीतको अभाव

■ **राजकुमार बानियाँ**

काठमाडौं उपत्यकामा मात्रै ६० वटा रेकर्डिङ स्टुडियो छन् । दर्जनौं 'होम स्टुडियो' छन् । तिनमा दिनैपिच्छे दुई-तीनवटा आधुनिक शैलीका गीत रेकर्ड भएकै हुन्छन् । ५० वटा एफएम रेडियोले ती गीत घन्काइरहेकै छन् । एकल एलबम आउने क्रम केही सुस्त भए पनि युट्युब रिलिज चलिरहेकै छ । तर, तिनको जीवन त लामो छैन नै, प्रभाव पनि खासै देखिँदैन ।

नयाँ गीत आक्कलझुक्कल सुन्छन्, संगीत पारखी वसन्त थापा । आफैं खोजेर होइन, ट्याक्सी या सार्वजनिक सवारी चढेका बेला । एउटा स्कुल वा ढाँचामै अभ्यस्त उनका लागि सुगम संगीतका अन्तिम स्तम्भ नै दीप श्रेष्ठ हुन् ।

"यसको अर्थ सबै खराब हुन् भन्ने होइन । कतिपय संगीत स्तरीय पनि होलान्," उनी सुगम संगीतलाई हल्का व्यंग्य गर्छन्, "ठमेलमा झिलीमिली होला, थुप्रै कुरा होलान् । तर, म त्यहाँ टेक्दै टेक्दिनँ ।"

साथीभाइसँगको जमघटमा पुराना गीतकै सहारा लिनुपरेको कटु अनुभव छ अर्का स्रष्टा विप्लव प्रतीकसँग । संसारभरिका संगीत सुनेपछि अन्त्यमा तिनै नारायणगोपाल, गोपाल योञ्जन, बच्चुकैलाश, अरुण थापा, दिव्य खालिङ, तारादेवी, दीप श्रेष्ठ आदिकै शरण परेको स्थिति छ । "गायकगायिका एउटा शब्द मन परेका आधारमा गाइरहेका छन् । गीतले के भनेको हो ? उनीहरूलाई पत्तै छैन," उनको असन्तुष्टि छ, "केटीले ब्वाइफ्रेन्डका लागि र केटाले गर्लफ्रेन्डका लागि गाउने चलनसमेत आइसक्यो ।"

आधुनिक गीतको पार्टपुर्जा खुस्किएको साल ०५१ अर्थात् एफएम रेडियो स्टेसनहरूको लहरपछि नै भएको निष्कर्ष छ संगीतविज्ञहरूको । त्यसअघि *रेडियो नेपाल*ले स्वरपरीक्षा उत्तीर्ण नगरी गाउन दिँदैनथ्यो । त्यसका जाँचकी जस्तोसुकै होऊन्, गीतका शब्द जाँचपास गर्नुपर्थ्यो । "जहाँ पनि रेकर्ड गर्ने चलन आयो । न गीतको छनोट भयो, न संगीतमा ध्यान दिइयो," विप्लव भन्छन्, "एफएममा राम्रा गीत बज्न त बज्छन् तर राति १२ बजेदेखि ३ बजेसम्म मात्रै । अरू समय थोत्रा र हल्काफुल्का गीतकै बोलवाला हुन्छ । आरजे (रेडियो जक्की)हरूमै सांगीतिक साक्षरता छैन ।"

उसो त बजारमा सबै गीत स्तरीय भएर चलेका पनि होइनन् । स्तरीय गीतको खोजी हुन्थ्यो भने कालीप्रसाद रिजाल, किरण खरेल, यादव खरेल, शिवशंकर थापा आदि गीतकार छुट्टीमा हुन्थेनन् । 'गाला रातै, गाला रातै' मार्का गीतकार मात्र बेफुर्सदी देखिन्छन् ।

संगीतकार न्ह्यु बज्राचार्य भने समस्या पुरानो पुस्तामै औंल्याउँछन् । खास गरी नयाँभन्दा पहिले सुनिसकेका कुरा नै खोज्ने । "पहिले *रेडियो नेपाल*मा सीमित हुनुपर्थ्यो । उसले जे दिन्थ्यो, त्यही सुन्नुपर्थ्यो । अहिले विकल्प छन्," उनी भन्छन्, "उसले हामीलाई संगीत भनेको यही हो भनेर ब्रेन वास गरेको छ । हाम्रो उमेर समूहमा त्यसको धेरथोर प्रभाव छ ।" यसो हुँदाहुँदै पुरानो पुस्ता नयाँमा नअडिने, नयाँ पुस्ता पुरानोमा नपुग्ने अवस्था छ ।

विप्लव त झन् *अल इन्डिया रेडियो*को फर्मायसी कार्यक्रम 'विविध भारती'को नक्कल गरी आधुनिक गीतलाई 'दुर्गम, सुगम र मुलायम' भन्नु जरुरी देख्दैनन् । न्ह्यु भने लोकगीतकै 'इम्प्रोभाइज्ड भर्सन' मान्छन्, सुगम संगीतलाई । "यो न लोकगीत हो, न त राग," उनी भन्छन्, "यसमा रागको प्रभाव पनि छ, लोकगीतको प्रभाव पनि ।"

संगीत विश्वभाषा हो र सर्वोच्च दर्शन पनि । अम्बर गुरुङले पहिल्यै भनिसकेका छन्, 'नेपाली संगीतलाई कसरी परिभाषित गर्ने ? बम्बैया संगीतमा नेपाली शब्द हटाउने वा नेपाली संगीतमा बम्बैया शब्द झिकेमा के हुन्छ ?'

गायक-गायिका, संगीतकारदेखि गीतकारसम्म 'समयले मागे अनुसार'कै उत्पादन

गरेको दाबी गर्छन् । यद्यपि, रुचि भनेको बनाउन सकिने कुरा हो। अग्रज पुस्ताले हिन्दी गीतमा लट्ठिएका श्रोतालाई मौलिकतासहितको आधुनिक नेपाली गीतमा तानेकै हो । नयाँ पुस्ताको रुचिलाई स्तरीय र परिष्कृत गर्न सकिने ठाउँ पनि नभएको होइन ।

हिजोको पुस्ता साधनामा विश्वास गर्थ्यो, अहिलेको पुस्ता व्यापारमा । चौतर्फी बजार र प्रविधि हाबी छ। बजारका लागि लेख्छन्, बजारका लागि बजाउँछन् र बजारकै लागि गाउँछन्। गायक, संगीतकार या गीतकार बन्न बजार नरिझाई सुखै छैन। त्यसैले नातिकाजी, शिवशंकर, गोपाल योञ्जन, अम्बर गुरुङ, चन्द्रराज शर्मा आदि मर्मज्ञ भेटिँदैनन् पनि ।

'मेरो गीत म उभिएको धूलोले सुनोस्, मेरो गीत यहीँको चुपचापले सुनोस्, मेरो गीत कसैले सुन्दैन भने आकाश-बतासले सुनोस्... ।' 'मेरो गीत मेरो प्रतिविम्ब होइन। यो टुटिजाने होइन, फुटिजाने होइन, आकाशजस्तो अमर गीत मेरो, मजस्तो दुई दिनको पाहुना होइन.... ।' यस्ता मान्यता राख्ने नारायणगोपाल या गोपाल योञ्जन पैसाको पछि लाग्ने कुरै भएन । उनीहरूलाई लोकप्रियताको पनि उति साह्रो पर्वाह थिएन। आफ्नो गीत १० वर्षपछि सुनियोस् या कहिल्यै पनि नसुनियोस् ।

संगीतकार न्हुु बज्राचार्यका शब्दमा अबको पुस्ताबाट 'नमान लाज यस्तरी...' 'तिम्रोजस्तो मुटु मेरो पनि ...' शैलीका गीतको अपेक्षा गर्न सकिँदैन। "रहनसहन, व्यवहार र सम्बन्ध नै फरक भइसक्यो । समय अनुसार संगीतमा पनि बदलाव आउँछ, आउँछ," उनी भन्छन्, "नयाँ पुस्ताले संसार हेरेको छ, बुझेको छ। उनीहरू कसरी क्याची हुने भन्ने ध्याउन्नमा छन् ।"

त्यसो त स्वरांकनकै लागि ठूलो खर्च उठाएर विदेश जानुपर्ने र ट्र्याकमा नभएर सीधै लाइभ रेकर्ड गर्नुपर्ने त्यो जमाना र आज आफ्नै सहर-टोलमा बसेर गायनलाई नै व्यवसाय बनाउन सकिने यो जमाना । उदेकलाग्दो त के भने कतिपय संगीतकारलाई आफ्नै कम्पोजको प्याटर्न र बिट थाहा हुन्न।

"नेपाली संगीतको यस्तो दुरावस्था कहिले पनि थिएन । न्हुु बज्राचार्यको नयाँ गीत आएको छैन, दीपक जंगमको आएको छैन । उनीहरूले मात्रै पनि कति गर्ने ?" विप्लव थप्छन्, "सबै गीत कामचलाउ छन्, अनुप्रास मात्र मिलाइएका । जोन लेननको इम्याजिन, देयर इज नो हेभन..., बब डिलनको हाउ मेनी रोड्स... कविता भएकाले नै ५० वर्षपछि पनि गुनगुनाइरहेका छौं ।"

गीतको मेरुदण्ड नै शब्द हो भन्ने हेक्का देखिँदैन । तर, राजादेखि रैतीसम्मको रहर गीतकार हुनेमै छ । यसका दृष्टान्त हुन्, सचिव, डाक्टर, राजदूत वा व्यापारीहरूका गीत। उनीहरूका लागि संगीत आत्मरतिको बाटो मात्रै भयो। तिनको प्रभावमा वास्तविक गीत श्रोतासम्म पुगेनन् ।

"दैनिक १० वटा लेख्दा, १० वटा संगीत गर्दा वा १० वटै गाउँदा गुणवत्तामा ह्रास आउँछ नै। संगीत एक राते दही या चैते धानजस्तो होइन। दुई-चार दिनमै बेपत्ता हुने चीज पनि होइन," गीतकार थापा भन्छन्, "गीत भनेको जरुवा पानीजस्तो हो, आफैं उम्रने । मूलै नभएको ठाउँमा पाइप लगाएर जबर्जस्ती तानेर ट्यांकी भरेजस्तो होइन ।"

उनको विचारमा शब्द आफैंमा अकबरी सुन हो। त्यसलाई संगीत वा स्वरको बैसाखी चाहिँदैन। संगीत वा स्वरले सुनमा सुगन्ध थप्ने मात्र हुन् । "कवि, संगीतकार वा गायकप्रति मेरो अत्यन्त सम्मान छ तर यो चानचुने काम होइन," उनी भन्छन्, "काव्य नभएको गीत आत्माबिनाको शरीर हो। अहिले त जोडजाड गर्‍यो अनि मेड इन नेपाल लेख्यो।"

त्यसो त सुगम संगीतको भर्पाई फिल्मी गीतले पनि गर्न सकेनन् । सन् १९५० र ६० को दशकमा भारतमा प्राइभेट एलबम निकाल्ने चलनै थिएन। श्रोताको गीति प्यास फिल्मी गानाले नै मेटे । किनभने, बम्बैया फिल्म उद्योगका नौशाद, मदनमोहन, रोशन, आरडी बर्मन, एसडी बर्मन आदि एकसेएक संगीतशिल्पी एकै कालखण्डमा सक्रिय थिए। नेपालमा भने श्रोताको प्यास मेटाउने *रेडियो नेपालका* आधुनिक गीत मात्रै भए ।

सुगम संगीतको उत्थान हुन नसक्नुमा एफएम रेडियो मात्र नभएर मागेर नै सुन्ने, पाइरेसीमा आँखा चिम्लने प्रवृत्तिलाई पनि संगीतका स्रष्टाहरू दोषी मान्छन्। उनीहरूका अनुसार भर्चुअल बजारमै सीमित हुनुपरेपछि गायकगायिकाहरू विदेशमा कन्सर्ट गरेर जीविकोपार्जन गरिरहेका छन् । मिडियालाई गीत भनेको गायक-गायिकाको मात्रै हो भन्ने भ्रम छ। गीतकार-संगीतकारको रोयल्टी पनि व्यवस्थित हुन सकेको छैन । संगीत-नाट्य प्रज्ञा-प्रतिष्ठान प्राज्ञहरूका लागि गाडी जोरजाममै व्यस्त देखिन्छ ।

संगीतकर्मीले भर्चुअल दुनियाँमा भरपर्दो पाइला बढाउन सकेका छैनन् । "मिडियाले महत्त्व दिएका बाहेकका प्रतिभा पनि छन् । गजल समूहमा पनि त्यस्ता होनहार प्रतिभा भेटिन्छन्," न्हुु भन्छन्, "सीडी नचलेको हो, संगीत नचलेको होइन। प्रविधिमा अपडेट हुन सकेका छैनौं। बेच्ने तरिका पनि थाहा छैन।"

अहिलेकै अवस्थामा सुगम संगीतका निम्ति पुरानो कालखण्ड नै गजबको युग हो। स्रष्टाहरू चाहन्छन्, त्यो प्रारम्भिक स्वर्णिम काल होस्, स्वर्णिम कालको उत्कर्ष अब आइदिओस् । दुई-चार प्रतिभाले त्यो सम्भव छैन । निराशावादी भएर हेर्दा त्यो कहिल्यै हुनेवाला छैन । आशावादी भएर हेर्दा त्यो आउला । तर, कहिले आउँछ ? रामजाने ! ◆

न्यूनतम पारिश्रमिक १५ लाख रुपियाँ

महँगा हुँदैछन्, नेपाली फिल्मका चलेका कलाकारहरू

गोकर्ण गौतम

लुटमा देखिन पाउनु नै ठूलो उपलब्धि थियो, विपिन कार्कीलाई । पारिश्रमिकको के कुरा भयो र ! त्यसपछि पनि *कालो पोथी, ताण्डव, सुन्तली*लगायतका फिल्ममा चास्नी भूमिकामा सीमित भए । तर, *पशुपतिप्रसाद*को भस्मे डन चरित्रबाट धेरैको आँखामा परे । *जात्रा* हिट हुनुको मूल कारण उनी नै मानियो । एवंरीतले *लुट २* मा आइपुग्दा झन्डै अढाई लाख रुपियाँ पारिश्रमिक पाए ।

भूमिका त सहायक नै थियो तर मुख्य चरित्रभन्दा विपिनले ज्यादा प्रशंसा कमाए । यही कारण हुनुपर्छ, *लुट* र *लुट २* का निर्देशक निश्चल बस्नेतको नयाँ फिल्म *फनफनी*मा

१७ लाख २५ हजार रुपियाँमा अनुबन्ध भएका छन् उनी । रंगमञ्च पृष्ठभूमिका यी अभिनेता हिरोको परम्परागत मानकमा फिटिक्कै अटाउँदैनन् । तैपनि, यति विघ्न पारिश्रमिकको हकदार बने। जबकि, करिअरको सुरुआतमा उनले 'फिल्म खेल्छु' भन्दा जोकोही गिज्जाउँथे, उनको शारीरिक बनोट देखेर ।

अभिनयमा बडो दिलचस्पी थियो, प्रदीप खड्काको। तर, कतै मौका पाएनन्। आफ्नै लगानीमा *इस्केप* बनाएर हिरो हुनुको विकल्प बाँकी देखेनन्। तर, फिल्म डुब्यो। विरक्तिएरै हुनुपर्छ, अस्ट्रेलिया जान तम्तयार भए। त्यही बेला *प्रेमगीत*को अडिसन आह्वान भयो । प्रदीपले अन्तिम प्रयास गरे। भाग्यवश छानिए। एकल हिरो थिए । तैपनि, पारिश्रमिक पाए, जम्मा १ लाख ५० हजार रुपियाँ । *प्रेमगीत* व्यावसायिक रूपमा सफल भयो, प्रदीपले पनि अभिनयबाट तारिफ बटुले । यही फिल्मको सिक्वेल *प्रेमगीत* २ मा निर्माता सन्तोष सेनले दुई लाख रुपियाँ पारिश्रमिक दिए र दुई वर्षको प्रदीपको व्यक्तिगत खर्च बेहोरे । त्यति मात्र होइन, फिल्म रिलिज भएपछि त कार नै उपहार दिए । यसका लागि प्रदीपले सन्तोषको आगामी फिल्म खेल्नुपर्ने मौखिक सहमति भएको छ। *प्रेमगीत* २ पछि प्रदीपको क्रेज थप चुलियो। फलतः *लिलीबिली*मा २२ लाख रुपियाँमा अनुबन्धित भए ।

देख्दा हिरो नलागे पनि विपिनको अभिनय दमदार छ । प्रदीप त चकलेटी अनुहारका धनी भइहाले। तर, फरक कोटिका यी दुवै अभिनेताले लिएको पारिश्रमिक केही वर्षअगाडिसम्म सपनाजस्तै थियो । न कलाकारले माग्ने आँट गर्थे, न निर्माताकै दिल उदार हुन्थ्यो । राजेश हमालले समेत आफ्नो करिअरको उच्चतम विन्दुमा हुँदा यति पारिश्रमिक पाएनन्। औसत पाँच लाख रुपियाँमा उनले फिल्म खेलेको उनीनिकटका फिल्मकर्मीहरू बताउँछन्। अन्य हिरोको हालत कस्तो थियो होला ? सहजै अनुमान लगाउन सकिन्छ । त्यसैले त 'फिल्म खेलेर जीवन चलाउन मुस्किल हुन्छ' भन्ने आममान्यता थियो। फिल्ममा भ्याइनभ्याई हुँदा अमेरिका पलायन भएका सरोज खनालले पनि कमाइ नहुने र जीवनशैली व्यवस्थित पार्ने धौधौ हुने पीडा पोखेका थिए। जसमा सत्यताको पल्ला भारी थियो। तर, अहिले समय बदलिएको छ। चलेका कलाकारले चित्तबुझ्दो पैसा पाउन थालेका छन्। निर्देशकका अलावा निर्माता र अभिनेतासमेत रहेका निश्चल भन्छन्, "बजार विस्तार भएसँगै कलाकारको पारिश्रमिक बढेको छ । यसले अन्ततोगत्वा फिल्मकै समृद्धि हुन्छ। कलाकारलाई जिम्मेवार बनाउँछ। निर्मातालाई कमाइका थप स्रोत खोज्न घचघचाउँछ ।"

आफ्नो क्षमता र लोकप्रियता अनुसार पारिश्रमिक माग गर्ने पहिलो श्रेय जान्छ, अनमोल केसीलाई । उनले लगातार चार हिट फिल्म दिए, *होस्टेल, जेरी, ड्रिम्स* र *गाजलु* । सहरिया युवापुस्तामाझ ढुकढुकी बने। पाएजति फिल्म खेलेनन्। त्यही कारण उनको साख धुमिलिएको छैन, अहिलेसम्म। यसकै फाइदा उठाए उनले, फिल्म *कृ*बाट २० लाख रुपियाँ पारिश्रमिक लिएर । नेपाली फिल्म उद्योगमा यति ठूलो रकम लिने पहिलो अभिनेतामा दरिए उनी । शारीरिक व्यायाम र नृत्य प्रशिक्षणको खर्च पनि निर्माण पक्षले नै बेहोऱ्यो। वितरक तथा निर्माता गोविन्द शाही भन्छन्, "अनमोलमाथि गरेको लगानी बजारबाट फिर्ता आउने पक्कापक्की छ। त्यसैले निर्माताबीच उनलाई अनुबन्ध गराउन हानथाप हुनु सामान्य कुरा हो।" *कृ* २६ माघमा प्रदर्शन हुँदैछ तर अहिले नै ५० लाख रुपियाँको प्रस्ताव आइसकेको अनमोल स्वयंले स्वीकारेका छन् । *कृ*को ट्रेलरले युट्युबमा सर्वाधिक भ्युज बटुल्ने नेपाली फिल्मको ट्रेलरका रूपमा रेकर्ड राखेको छ ।

अनमोलपछि 'फेस भ्यालु' भएका अर्का हिरो मानिन्छन्, प्रदीप । उनी आफू सुरुमै पैसा माग नगर्ने बताउँछन् । पटकथा, त्यसलाई न्याय गर्न सक्ने निर्देशक, फिल्मका अन्य सदस्य, मेकिङजस्ता पक्ष मजबुत हुने आत्मविश्वास पैदा भयो भने पैसामा अड्किँदैनन् । हाल *लिलिबिली*को सुटिङका लागि युरोपमा रहेका यी अभिनेता भन्छन्, "तर, टिम चित्त बुझेन र मेरो मिहिनेत अनुसार प्रतिफल आउने देखिनँ भने जति पारिश्रमिक दिए पनि खेल्दिनँ ।" आफूलाई निर्माताले उपलब्ध गराएको पैसा उठाउन हरेक कलाकार जिम्मेवार हुनुपर्ने तर्क छ उनको ।

त्यस्तै, *म यस्तो गीत गाउँछु*को सफलतापछि पल शाहको भाउ ह्वात्तै बढेको छ । टिम चित्त नबुझेपछि पलले फिल्म *अनुराग*बाट १८ लाखको प्रस्ताव नकारे, अब उनी १५ लाख रुपियाँ लिएर निरक पौड्यालको नयाँ फिल्ममा काम गर्दैछन् । म्युजिक भिडियोबाट ठूलो पर्दामा फड्को मारेका पल खास गरी युवतीमाझ प्रिय मानिन्छन्। पल त यतिबेलाका 'हटकेक' भइहाले, करिब किनारामा पुगिसकेका चकलेटी हिरो आर्यन सिग्देललाई समेत १५ लाख रुपियाँ दिएर *रुद्रप्रिया*मा खेलाएका थिए, निर्माता रमेश पौड्यालले । दुर्भाग्य ! फिल्म फ्लप भयो। आर्यनको 'कमब्याक'को प्रयास तुहियो। डेब्यु फिल्म *ए मेरो हजुर* २ हिट भएपछि सलिनमान बनियाँकहाँ १० लाख रुपियाँको प्रस्ताव लिएर पुग्न थालेका छन् निर्माताहरू तर उनी अहिलेसम्म कुनै फिल्ममा अनुबन्ध भएका छैनन्।

*लुट*मा सौगात मल्लको पारिश्रमिक ५१ हजार रुपियाँ थियो । यही फिल्मको हाकु काले चरित्रले उनलाई स्टार बनायो। वर्षमै आधा दर्जन फिल्म खेल्न थाले। *लुट* २ सम्म आइपुग्दा पाँच लाख रुपियाँ पुग्यो । अहिले उनी प्रतिफिल्म औसत १० लाख रुपियाँ लिने गर्छन् । भलै, पाए जस्तै फिल्म पनि खेल्ने सूत्र शिरोधार्य गरेकाले सौगातको करिअर चेपुवामा पर्दै गएको छ । पारिश्रमिकको मामलामा उनीभन्दा अगाडि छन्, दयाहाङ

राई। उनले भैरे नामक फिल्ममा १८ लाख रुपियाँ लिए। यद्यपि, उनी पारिश्रमिक तेस्रो प्राथमिकतामा राख्छन्, विषयवस्तु र टिमपछि। भन्छन्, “स्क्रिप्ट चित्त बुझ्यो तर निर्मातासँग पैसा छैन भने त्यत्तिकै पनि खेलिन्छ। निर्माताको ध्येय नै पैसा कमाउने छ, नयाँपन केही छैन तर फिल्म खेल्न कर गर्‍यो भने सकेजति धेरै पारिश्रमिक लिइन्छ।”

तर, दुःखको कुरा ! हिरोहरूको तुलनामा हिरोइनको पारिश्रमिक ज्यादै न्यून छ। साँच्चै भन्दा, साम्राज्ञीराज्यलक्ष्मी शाहबाहेक कुनै हिरोइन न आत्मविश्वासका साथ पारिश्रमिक माग गर्न सक्छन्, न निर्माताले पत्याउँछन्। ‘बोल्ड हिरोइन’को परिचय बनाएकी साम्राज्ञीले नयाँ फिल्म *कायरा*बाट १० लाख रुपियाँ पारिश्रमिक लिएकी छन्।

कुनै समय बेवास्ता गरिने निर्देशकहरूचाहिँ अहिले चर्को पारिश्रमिक असुल्न थालेका छन्। निश्चल बस्नेत, *कबड्डी*बाट उदाएका रामबाबु गुरुङ र *पशुपतिप्रसाद*का दीपेन्द्र के खनाल करिब ३० लाख रुपियाँ सजिलै लिन्छन्। प्रेमकथावाला फिल्म बनाउन माहिर मानिएका सुदर्शन थापा र *जात्रा*का निर्देशक प्रदीप भट्टराई पनि महँगा निर्देशकमा दरिन्छन्। पटकथाकारमा प्रदीप भारद्वाज र सामिप्यराज तिमल्सिना अग्रपंक्तिमा छन्। “अभिनय, निर्देशन वा लेखन सिर्जनात्मक कुरा हुन्। यत्ति नै दरभाउ हुन्छ/हुनुपर्छ भन्ने छैन। जति पनि डिमान्ड गर्न सकिन्छ,” *फनफनी* निर्देशनमा जुटेका निश्चल भन्छन्, “निर्माताले पनि जोमाथि लगानी सुरक्षित देख्छ, उसैलाई छान्ने हो। त्यसैले पारिश्रमिक बढाउँदा कसैले टाउको दुखाउनु आवश्यक छैन।” उनका अनुसार पारिश्रमिक मात्र नभई प्रोडक्सनदेखि निर्माताले कमाउने बाटाहरू फराकिलो भएको छ।

तर, निर्माता माधव वाग्लेचाहिँ मनलाग्दी ढंगले पारिश्रमिक डिमान्ड गर्ने अहिलेको प्रवृत्ति प्रत्युत्पादक हुने दाबी गर्छन्। खास गरी आफैँ हिरो हुनुपर्ने, आफ्नी प्रेमिकालाई हिरोइन बनाउनुपर्ने वा अन्य भित्री स्वार्थ लिएर आउने निर्माताले हचुवाका भरमा पारिश्रमिक बाँडेको आरोप छ उनको। “बाहिर भनिएझैँ बजार विस्तार भएको छैन। त्यसैले अरू कारोबार नगर्ने विशुद्ध फिल्म मात्र बनाउने हामीजस्ता निर्मातालाई अहिलेकै हालतमा चर्को पारिश्रमिक दिन समस्या छ,” *लुट, रेशम फिलिली,* छड्केजस्ता फिल्मका निर्माता वाग्ले भन्छन्, “तर, बजार बिगार्नुमा पटके निर्माता मात्र होइन, मुर्गा फसाउने र सपनाको खेती गर्ने निर्देशक पनि उत्तिकै दोषी छन्।”

वाग्लेको पीडा आफ्नै ठाउँमा होला तर कलाकार तथा निर्देशकको पारिश्रमिक बढ्नु सुखद पक्ष हो। सँगै, फिल्म वृत्तले पनि विस्तारै खुला बजारको नीतिलाई आत्मसात् गरिरहेको संकेत मिलेको छ। यसमा चाहिँ सन्देह छैन। ◆

(नोट : सबै रकम रुपियाँमा)
स्रोत : सम्बन्धित फिल्मका निर्माता तथा कलाकारहरू)

करचाहिँ कतिले तिर्छन् ?

कलाकारले यति र उति लाख रुपियाँ लिएको चर्चा चल्छ। तर, उनीहरूले सरकारी नियमबमोजिम कर तिर्छन् त ? यो सवालचाहिँ प्रायः छायामा पर्ने गरेको छ। कलाकारहरूलाई सोध्दा पनि आनाकानी गर्थे। न निर्माताहरूले नै खुलेर बताउँथे। आखिर व्यावसायिकताको शैशव कालमा न थियो, नेपाली फिल्म उद्योग। अब भने करका मामलामा कलाकारहरू उत्तरदायी देखिने क्रम बढेको छ। जस्तो : अहिले चलेका प्रायः कलाकारले ‘प्यान नम्बर’ लिएका छन्। दयाहाङ भन्छन्, “पहिले-पहिले प्यान नम्बर नहुँदा निर्माताले आफैँ बुझाइदिन्थे। अचेलचाहिँ म आफैँ बुझाउँछु। करका सवालमा पारदर्शी हुन थालिएको छ।” कहिलेकाहीँ सहमति अनुसार निर्माताले नै कलाकारको कर तिरिदिने गर्छन्। जस्तो : दयाहाङले भैरे फिल्मबाट १८ लाख करबाहेक लिएका हुन्। त्यस्तै, *फनफनी*बाट २ लाख २५ हजार रुपियाँ निर्माताले नै कर तिरिदिएको अभिनेता विपिन कार्की बताउँछन्।

तर, यहाँ उल्लेखनीय पक्षचाहिँ बाहिर हल्ला हुने र कलाकारले पाउने वास्तविक रकमचाहिँ भिन्न हुन्छ। अनि, कलाकारले कर तिर्ने भनेको पाएको रकमबाटै हो। निर्माता तथा वितरक गोविन्द शाही ढाँट्दैनन्, “फिल्मको हल्ला गराउन कहिलेकाहीँ वास्तविक पारिश्रमिकभन्दा अलि बढाएर भन्ने गरिन्छ। तैपनि, लिएको खास पैसाबाट कि कलाकारले नै कर तिर्छन्, कि हामी आफैँ तिरिदिन्छौँ।”

विश्वास हमाल

स्वदेश र विदेशको पढाइ

क्यानडाको राजधानी ओटावामा रहेको कार्लटन विश्वविद्यालयमा विद्यार्थी हुँदा एउटा कोर्स उत्तीर्ण गर्नका लागि १५ मिनेटको 'प्रिजेन्टेसन' दिनुपर्ने थियो, आफैँले रोजेको विषयमा । 'विकास र अर्थशास्त्र' विषय भएकाले मैले 'नेपालको जलविद्युत्का सम्भावना र चुनौती' विषय रोजेको थिएँ । आफ्नो प्रस्तुति सकिएपछि अनेकौँ प्रश्न आउने सम्भावना भएकाले पूर्ण तयारीमा थिएँ । नेपालमा किताब मात्रै घोत्लिएर पढेको मजस्ताका लागि विदेशको यस्तो पढाइ अनौठो मात्रै होइन, रमाइलो पनि थियो । त्यो १५ मिनेटको प्रिजेन्टेसन बनाउँदा मैले नेपालको जलविद्युत्बारेमा यति धेरै महत्त्वपूर्ण कुराहरू सिकेको थिएँ कि सायदै मैले कोर्सका पुस्तकबाट त्यस्तो ज्ञान पाएको थिएँ ।

काठमाडौँ छँदा म पाटन संयुक्त क्याम्पसमा भर्ना भएको थिएँ । घरबाट अलि टाढा पर्ने भएकाले कक्षा लिन कहिले मीनभवन क्याम्पस त कहिले कहिले शंकरदेव जान्थेँ । बीबीएसको त्यो पढाइ केवल भन्नका लागि जस्तै थियो । परीक्षा आउन एक महिनाअगाडि पुतलीसडकमा पाइने खैरो रंगको पातलो निमा गेस पेपर पढेर नै धेरै परीक्षा उत्तीर्ण गरियो । पढाइ भनेको नै कोर्समा जे-जे छन्, त्यही परीक्षामा लेख्नेबाहेक केही थिएन । जसरी हुन्छ, पास हुने । न त दुई-चार जनाको अगाडि उभिएर कहिल्यै केही विषयमा बोल्नुपर्‍यो । न 'टिमवर्क'मा केही गरियो, न त समस्या समाधान विधि अपनाएर केही नयाँ कुरा नै गरियो । नतिजा पनि प्रतिशत-प्रतिशतमै अल्झिएको थियो ।

स्नातक गर्न पहिलोपल्ट फिनल्यान्डको ताम्पेरे विश्वविद्यालय आइपुग्दा यहाँको तौरतरिका देखेर अचम्भित भएँ । भौतिक विकास देख्दा अचम्म पर्नु त सामान्य हो । तर, मलाई सबैभन्दा प्रभावित पारेको कुरा थियो, शिक्षक-विद्यार्थीको सम्बन्ध । वार्षिक कार्यतालिका, समय, भवन, कोर्स, शिक्षक नामावली, कोठा नम्बर र सम्पर्क ठेगाना सबै समेटिएको पुस्तिका पाउँदा झन् अनौठो लाग्यो । सुरुका दुई-तीन महिना कुनै शिक्षकलाई बोलाउन नै सकिनँ । किनभने, नेपालमा जस्तो सर-म्याडम कसैले नभन्दा रहेछन् । नामले बोलाउन निकै अप्ठ्यारो लाग्ने । बिस्तारै बानी पर्दै गयो । नेपालमा शिक्षकहरूलाई कक्षाकोठाबाहेक अन्त कतै भेटिँदैनथ्यो । सोधेको कुराको जवाफ त परै जाओस्, नमस्ते फर्काउँदा पनि पैसा पर्लाजस्तो गर्थे । तर, यहाँ भने अफिस समयमा मात्र होइन, राती-बिहानको समयमा पनि केही समस्या परेमा जवाफ तुरुन्त इमेलबाट दिइहाल्थे । केही समस्या लिएर जाँदा शिक्षकहरूले गर्व महसुस गरेको भेटेँ । शिक्षकहरू साथीजस्तै भएपछि अलि खुल्न पनि सकियो । क्याम्पसबाहिर पनि भेटघाट, कफीगफ आदिले सम्बन्ध गाढा बनाउँदो रहेछ । तर, नेपालमा जस्तो गुरुलाई सम्मान-आदर गरेको भने खासै भेटिनँ ।

नेपालको जस्तै विद्यार्थी संगठनको सान र इज्जतको लोभमा आएको दोस्रो वर्ष नै अन्तर्राष्ट्रिय विद्यार्थीको चुनावमा सचिवमा उठेर जितेँ पनि । तर, यहाँ न कसैलाई भर्ना गराउन सोर्सफोर्स लगाउन मिल्ने, न त कुनै राजनीतिक पार्टीसँग नजिकिन पाइने । सबै काम विश्वविद्यालयले आफैँ गर्ने भएकाले हाम्रो काम मनोरञ्जन गराउनु, पार्टी गर्नु, घुमघाम गर्नु, अफ्रिकातिर हुने मानवाधिकार उल्लंघनविरुद्धमा स-साना कार्यक्रम गर्नु र फेरि अर्को पार्टी गर्नु 'डान्स फर अ कज' भन्ने नाराका साथ । यस्तै थिए, विद्यार्थी राजनीतिका अनुभव ।

विदेशतिर के पढाइन्छ भन्दा कसरी पढाइन्छ भन्ने जान्नमा उत्सुक थिएँ । विश्वकै उत्कृष्ट शिक्षा प्रणाली मानिएको फिनल्यान्डको पढाइप्रति पनि मेरो निकै कौतूहल थियो । मिलेसम्म धेरैभन्दा धेरै कलेजमा कोर्स लिएँ । एक ठाउँमा भर्ना भएर जुनसुकै ठाउँमा पढ्न पाइने भएकाले मैले देशभरिका पाँच ठाउँमा क्लास लिएँ । स्वीडेन बसाइमा पनि उप्साला विश्वविद्यालयमा विद्यार्थीको एकमहिने अनुभव बटुलेँ । त्यसपछि जुरेको थियो, क्यानडामा विद्यार्थी बन्ने अवसर ।

पश्चिमी शिक्षा प्रणालीको अनुभव लिएपछि अफ्रिकातिर जाने निर्णय गरेँ । भएभरको जुक्ति अपनाएर आफ्नै विश्वविद्यालयबाट पूर्वी अफ्रिकाको तान्जानिया जाने मौका जुराएँ । देशकै उत्कृष्ट दार ए सलाम विश्वविद्यालयमा एक सेमेस्टर बिताएँ । कीर्तिपुरको त्रिविकै झल्को दिने त्यहाँको अनुभवले मलाई विकसित र अविकसित देशमा कसरी सक्नेले नसक्नेलाई दबाउँछन् भन्ने कुराको फेरि अनुभव भयो । त्यहाँ नेपालमा जस्तै घमन्डी शिक्षक देखेँ । भौतिक संरचनादेखि शिक्षण पद्धतिमा धेरै समानता पाएँ ।

युरोप, अमेरिका र अन्य विकसित देशतिर मुख्यतः समूहमा कसरी काम गर्ने भनेर अनेकौँ 'ग्रुप वर्क' गरिन्छ, आफ्नो विषय कसरी राख्ने र अरूले सोधेको प्रश्न कसरी समाधान गर्ने भनेर आफैँले रोजेको विषयमा १०-१५ मिनेटको प्रिजेन्टेसन दिइन्छ । अनि, कुनै पनि कुराको स्वतन्त्र अनुसन्धान र त्यही विषयमा सूक्ष्मभन्दा सूक्ष्म कुराका बारे पेपर लेख्न लगाइन्छ । लिखित परीक्षा एकदमै थोरै हुन्छ । पछि व्यावसायिक जीवनमा काम लाग्ने पनि तिनै कुरा रहेछन् ।

नेपालमा अप्ठ्यारो तरिकाले र पाठ्यपुस्तकलाई मात्रै आधार बनाएर पढेकाले यतातिरको पढाइ रमाइलो मात्र होइन, धेरै सजिलो पनि लाग्यो । नेपाल र विदेशमा पढाइने विषयवस्तुमा मैले खासै फरक भेटिनँ । त्यसैले होला, विश्वका जस्तोसुकै ठाउँमा पनि पढ्ने भनेर आएका नेपाली विद्यार्थीले निकै राम्रो गरिरहेका छन् । संसारका कुनै पनि विद्यार्थीभन्दा नेपाली विद्यार्थी केही कुरामा पनि कम छैनन् । ◆

निर्वाचनको नालीबेली

माधव बस्नेत

लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष मानिन्छ, आवधिक निर्वाचन र नागरिक मताधिकारको सम्मान । आवधिक निर्वाचन, निर्वाचित जनप्रतिनिधि र तिनले जनताको परोक्ष सरोकारका विषयमा काम गर्नु नै लोकतन्त्रको सौन्दर्य हो । लोकतन्त्र र निर्वाचन एक-अर्काका परिपूरक हुन् । लोकतन्त्रका पहरेदार जनताको चाहना हुन्छ, जननिर्वाचित प्रतिनिधिद्वारा मुलुकको शासन व्यवस्था परिचालित होस् । सभ्य, विकसित र पूर्ण लोकतन्त्रको उपयोग भइरहेका देशहरूमा चार-पाँच सय वर्षयता निरन्तर आवधिक निर्वाचन भइरहेका छन् ।

तर, हामी लोकतान्त्रिक विधिको विकास र निर्वाचनका सवालमा निकै पछि छौं भनेमा अत्युक्ति हुँदैन । किनभने, नेपालमा निर्वाचनको इतिहास त्यति लामो छैन । निर्वाचन सुरु भएयता पछिल्ला १० वर्ष छाड्ने हो भने त्यसमा पनि निरन्तरता छैन । जनताले राणा शासनविरुद्धको संघर्ष चर्काउँदै लगेपछि विधिको शासन छनोट गरेको देखाउन पद्मशमशेरले निर्वाचनको सुरुआत गरेका थिए । तर, त्यो केवल लोकलाजलाई भ्रम दिन मात्र थियो । त्यसबेला शासकहरूले निर्दिष्ट गरेबमोजिम नै नेतृत्व छनोट भएको थियो । प्रजातान्त्रिक पद्धतिको निर्वाचनको आरम्भपूर्व परम्परागत ढंगले नेतृत्व छनोट गर्ने प्रचलन थियो । परम्परादेखि आधुनिक कालसम्मका निर्वाचनहरूको नालीबेली समेटेर निर्वाचन आयोगले *नेपालको निर्वाचन इतिहास* पुस्तक प्रकाशित गरेको छ ।

पौराणिक काल, प्राचीन काल, मध्य काल (पूर्वमध्य काल, उत्तरमध्य काल), भोग्दै नेपाल आधुनिक कालमा प्रवेश गरेको हो । अहिले हामी त्यही आधुनिक कालको चरणमा छौं । पौराणिक कालमा गोपाल वंश र महिषपाल वंश, प्राचीन कालमा किराँत वंश र लिच्छवि वंश, मध्यकालको पूर्वमध्य कालमा देव वंश, मल्ल वंश, वंद्धन वंश (बनेपा), खस वंश (पश्चिम नेपाल) र मध्य कालकै उत्तर मध्य कालमा मल्ल वंश, पश्चिमा मल्ल वंश, सेन वंश र आधुनिक कालमा शाह वंश, राणा काल र गणतन्त्र (राष्ट्रपति)ले शासन गरेका



नेपालको निर्वाचन इतिहास
प्रकाशक : निर्वाचन आयोग नेपाल, कान्तिपथ काठमाडौं
पृष्ठ : ८७१
मूल्य : उल्लेख छैन

छन् नेपालमा । यी शासनमध्ये छिटफुट रूपमै सही, लिच्छवि कालदेखि परम्परागत ढंगबाट नेतृत्व छनोट गर्ने चलन अपनाउँदै आएको पाइन्छ ।

जेठ ००४ मा स्थानीय निकाय अन्तर्गत काठमाडौँ म्युनिसिपलिटीको निर्वाचन नै नेपालको पहिलो आधुनिक निर्वाचन हो । ०१० सालमा पनि काठमाडौं म्युनिसिपलिटीको निर्वाचन भयो । तर, विधायिकाको हकमा भने ०१५ को आमनिर्वाचन नै नेपालको पहिलो निर्वाचन हो । यद्यपि, यो निर्वाचन पनि निरन्तर चल्न पाएन । तत्कालीन राजा महेन्द्रले १ पुस ०१७ मा जननिर्वाचित सरकारलाई बर्खास्त गरेर लोकतन्त्रको चीरहरण गरे । यसपछि २० वैशाख ०३७ मा मात्र मुलुकमा जनमतसंग्रहको निर्वाचन भयो ।

००४ र ०१० को निर्वाचनमा महिलाहरूलाई मताधिकार थिएन । २५ वर्ष नाघेका पुरुषले मात्र निर्वाचनमा भाग लिने अधिकार पाएका थिए । ००४ को निर्वाचनमा काठमाडौं म्युनिसिपलिटीमा ११ वडा थिए । तिनमा १३ हजार ५ सय १३ घर संख्या र ६८ हजार १ सय १८ मतदाता थिए । यो निर्वाचनमा सरकारी जागिरदारहरूलाई समेत उम्मेदवार बन्न पाउने सहुलियतका कारण सरकारी जागिरे पनि निर्वाचित भएका थिए । ००५ सालबाट यस्तो नियममा रोक लगाइएको थियो ।

पुस्तकमा समाविष्ट धेरै तथ्य र जानकारीले निर्वाचनसँग सम्बन्धित विषय मात्र नभएर देश/विदेशको विभिन्न कालखण्डको राजनीतिक अवस्था, परिवेशलाई बुझ्न सहयोग पुऱ्याउँछ । अमेरिका, फ्रान्स, दक्षिण अफ्रिकाजस्ता देशका संविधान र निर्वाचनबारे पनि उल्लेख गरिएको छ । वर्तमान निर्वाचन पद्धति मात्र देखे/भोगेका नयाँ पुस्ताका लागि पुस्तकका कतिपय सूचना तथा निर्वाचनीय तथ्यहरू अपत्यारिला छन् ।

०४८ को आमनिर्वाचन, ०४९ को स्थानीय तह, ०५१ को मध्यवधि, ०५४ को स्थानीय र ०५६ को दोस्रो आमनिर्वाचनमा कति खर्च भएको थियो भन्नेजस्ता विवरण समावेश छैनन् । ००४ र ०१० सालमा भएको काठमाडौँ म्युनिसिपलिटीको निर्वाचनमा को को निर्वाचित भएका थिए ? प्रतिस्पर्धी को को थिए भन्नेजस्ता विवरण पनि पुस्तकमा पाइन्न । पुस्तक हातमा पर्दा जेजति अपेक्षा गरिएको हुन्छ, पाना पल्टाउदै जाँदा ती सामग्री पाउन सकिन्न । भएका सामग्री पनि क्रम मिलाएर राखिएको छैन । पुस्तक प्रकाशनको प्रमुख हकदार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त दोलखबहादुर गुरुङ हुन् । हुँदै नहुनुभन्दा केही भए पनि हुनु राम्रो भन्ने अर्थमा गुरुङ धन्यवादका पात्र बनेका छन् ।

नेपालमा निर्वाचनको पृष्ठभूमि, निर्वाचनको अवधारणा र नेतृत्व छनोट, निर्वाचन व्यवस्थापन निकाय, संवैधानिक एवं कानुनी व्यवस्था, स्थानीय निकाय निर्वाचन, राष्ट्रिय जनमतसंग्रह, नेपालमा राष्ट्रिय विधायिकाको निर्वाचन, दुवै संविधानसभा सदस्य निर्वाचन र विविध गरी परिच्छेद विभाजन गरिएको छ ।

पुस्तकको पाण्डुलिपि सम्पादन र छपाइ कार्यमा यूएनडीपी/ईएसपीले सहयोग गरेको उल्लेख छ । तर, पुस्तक सम्पादन कार्य भने त्यति स्तरीय लाग्दैन । मूल्य उल्लेख नगरी एक हजार रुपियाँमा पुस्तक बिक्री गरिनु त झन् असुहाउँदो पक्ष हो । ◆

प्रशासनको विकासक्रम

रामबहादुर रावल

जनप्रशासन क्याम्पसमा प्राध्यापन, त्रिभुवन विश्वविद्यालयको आर्थिक तथा प्रशासनिक अध्ययन केन्द्र (सेडा)मा अनुसन्धान, लोकसेवा आयोगको सदस्य र अन्य प्राज्ञिक अभ्यासहरूको अनुभव सँगालेका प्रा भीमदेव भट्टको निवृत्त जीवनको फसल हो, *नेपालको प्रशासनिक इतिहास* । नाम अनुसार नै पुस्तकले नेपाल राज्यको उत्पत्तिदेखि हालसम्मको प्रशासनिक व्यवस्थाको चित्रण गरेको छ । किराँतकालदेखि हालसम्म मुलुकले अपनाउँदै आएको प्रशासनिक संरचनामा आएको तथ्य विवरण तथा विभिन्न राजनीतिक कालखण्डमा भएका प्रशासनिक परिवर्तन र सुधार एवं परिमार्जनका प्रयासहरू पनि यसमा समेटिएका छन् ।

००७ सालको राजनीतिक परिवर्तनसँगै प्रशासनिक क्षेत्रमा आधुनिकीकरणको प्रयास भयो । भारतीय विज्ञ टोली आएर सुझाएको आधुनिक ढाँचामा मुलुकमा प्रशासनिक संरचना पदसोपान कायम गरियो । त्यसयता हरेक राजनीतिक परिवर्तनसँगै प्रशासन क्षेत्रमा पनि पुनःसंरचनाको प्रयास भएको यस पुस्तकले जानकारी दिन्छ । बेलाबेलामा शासकैपिच्छे हुने प्रशासनिक परिवर्तन र तिनको प्रभावको मूल्यांकन एउटा विज्ञको दृष्टिले यसमा गरिएको छ ।

किराँतकाल, लिच्छविकाल, मल्लकाल, शाहकाल र राणा शासनकालमा राज्यका निकायले गर्ने कामका विवरण पढ्दा इतिहासका रोचक तथ्यको बोध हुन्छ । १९ खण्डमा विभक्त यस पुस्तकमा सरकारी निकायहरूको कार्यविभाजन मात्रै होइन, तलबमान, निवृत्तिभरण आदिको व्यवस्थाको विवरणसमेत उतारिएको छ । कतिसम्म भने विसं १९९७ मा राणा सरकारले चार सहिदलाई मृत्युदण्ड दिँदा लगाइएको अलग-अलग अभियोग र सजायको तरिकाको समेत वर्णन गर्न लेखकले भ्याएका छन् । यसर्थ, निजामती प्रशासनको मात्र इतिहास नभई मुलुकको न्याय प्रणालीको विकासक्रम नियाल्न समेत यो पुस्तकले आधार दिन्छ ।

प्रशासनलाई राजनीतिक व्यवस्थाबाट अलग राखेर हेर्न सकिँदैन । तसर्थ, यो पुस्तकको अध्ययनले प्रशासनिक ढाँचाका अलावा तत्कालीन राजनीतिक परिवेशको समेत जानकारी दिन्छ । जस्तो कि, राणा शासनकालको अन्त्य हुनुका



नेपालको प्रशासनिक इतिहास

लेखक : प्रा भीमदेव भट्ट
प्रकाशक : सोपान मासिक
पृष्ठ : ४४४
मूल्य : ५५०

कारण खोतल्ने क्रममा लेखकले राजनीतिक, आर्थिक, पारिवारिक, सामाजिक र अन्तर्राष्ट्रिय आयामबाट व्याख्या-विश्लेषण गरेका छन् । र, रोचक तर्क प्रस्तुत गरेका छन् । ००७ सालको परिवर्तनमा जनताको आन्दोलनले त भूमिका खेल्यो नै । त्यसबाहेकका पनि विभिन्न पक्षहरूले भूमिका खेलेका थिए । दरबारभित्रै राणाप्रति राजा तथा राजपरिवारको असन्तुष्टि, राजनीतिक स्वतन्त्रता र परिवर्तनकारी आन्दोलनको विश्वव्यापी लहर, राणा परिवारमै आएको कलह र विखण्डन, आर्थिक विभेद र सामाजिक उत्पीडन लगायतका तत्त्वहरूले पारेको प्रभावले पनि त्यसमा भूमिका खेलेको लेखकको दलील छ । त्यसैगरी ००७, ०४७ र ०६३ को राजनीतिक परिवर्तनसँगै नयाँ संविधानले परिकल्पना गरेको राजनीतिक व्यवस्था र त्यस अन्तर्गत भएका प्रशासन पुनःसंरचनाका प्रयासको चर्चा गरिएको छ । ००७ सालयता प्रशासन सुधारका नाममा ११ वटा त आयोग नै बनिसकेका रहेछन् । ती आयोग गठनको सन्दर्भ र प्रतिवेदनको सारसंक्षेप पनि यसमा समेटिएको छ ।

यस पुस्तकको सबैभन्दा उपयोगी पक्ष ऐतिहासिक तथ्यहरूको अभिलेख हो । हालसम्मका शासक, प्रमुख प्रशासक, संवैधानिक आयोगका प्रमुख एवं आयुक्तहरूको नामावली र तिनको कार्यकालको लगत यस पुस्तकमा छ । नेपालको राजनीतिक, आर्थिक, सामाजिक वा प्रशासनिक आदि समाज विज्ञानका जुन कुनै विधाको अध्ययन-अनुसन्धानका क्रममा यो पुस्तक सन्दर्भ सामग्रीका रूपमा उपयोग गर्न सकिन्छ । त्यसैगरी जनप्रशासनका विद्यार्थीदेखि विभिन्न प्रतियोगितात्मक परीक्षाको तयारीका क्रममा समेत यो सहयोगी बन्ने देखिन्छ ।

अर्को कुरा, यो पुस्तकको अध्ययनले नेपाल राज्य निर्माणको प्राचीनतालाई दर्शाउँछ । मुलुकले प्राचीनकालदेखि अँगालेको राज्यको मौलिक स्वरूप, प्रशासनको ढाँचा र त्यसले आन्तरिक रूपमा झेलेका ऊहापोहहरूको वृत्तान्त पुस्तकमा छन् । आज कतिपय यस्ता मुलुक छन्, जसको वर्तमान छ तर आफ्नै स्वतन्त्र इतिहास छैन । कतिपयको इतिहास छ तर वर्तमान छैन । हामीसँग इतिहास र वर्तमान दुवै छ । तसर्थ, इतिहासप्रति गौरव गर्दै भविष्यप्रति आशावादी बन्ने ठाउँ दिन्छ । आजका आँखाले प्रशासनिक इतिहासलाई चियाउँदा प्रशस्त कमी-कमजोरी औँल्याउन सकिन्छ । तैपनि, तत्कालीन समयको सापेक्षतामा हेर्दा हाम्रो प्रशासनको विकासक्रमसँग मानसपटलमा आउने यो राज्यको निर्माण र विकासको क्रमले सन्तुष्टि नै दिन्छ ।

यति हुँदाहुँदै पनि पुस्तकमा विश्लेषणात्मक पक्ष कम र विवरणात्मक पक्षले बढी स्थान ओगटेको छ । बजारमा चल्तीका सामान्य पुस्तकभन्दा तुलनात्मक रूपमा यो पुस्तक स्तरीय र निकै मिहिनेतपूर्वक तयार गरिएको देखिन्छ । हाम्रो मौजुदा प्रशासनतन्त्रका कमी-कमजोरी, चुनौती र प्रभावकारी प्रशासन सञ्चालनका निम्ति विचार पुर्‍याउनुपर्ने पक्षसमेत उनले औँल्याएका छन् । तर, ती कुरा पनि अति सामान्य र परम्परागत रूपमा चर्चा गरिँदै आएका विषय हुन् । प्रा भट्टले आजसम्मको अध्ययन, अनुसन्धान र अनुभवको आलोकमा समग्र प्रशासन र राजनीतिक नेतृत्वसमेतलाई दिग्दर्शन हुने गरी नवीन दृष्टिकोण दिन सक्नुपर्थ्यो, जसले यो पुस्तकलाई सामान्यबाट विशिष्ट बनाउन सक्थ्यो । आजको आवश्यकता पनि हो- हाम्रो प्रशासनको निर्मम समीक्षा गरी उस्तै परे यसलाई विघटन गरी कसरी नयाँ र जनमुखी बनाउन सकिन्छ भन्नेसम्मको दृष्टिकोण । हुन त इतिहासप्रति सन्तुष्टि मात्र लिएर बस्ने छुट आजको पुस्ताका कुनै सदस्यलाई छैन । ◆

संस्मरण

। रामेश श्रेष्ठ

एउटा गीतको जन्म

त्यतिबेला काठमाडौँलाई नेपाल भनिन्थ्यो । नेपाल जाने क्रममा तातो मन्थली खहरे पार गर्छु । तामाकोसीको चिसोपानी पेटभरि पिएपछि कोसीकिनारमा उभिएका सिमलका बोटहरूमुनि सुस्ताउन पुग्छु । माटोमाथि पाटेजरा फैलाएर उभिएका हुन्छन् बडाबडा बूढा सिमलका बोटहरू ! पोहोर साल फागुनतिर आइपुग्दा रूखभरि राताम्मे सिमल फुलिरहेका थिए । सिमलफूलको रस पिउन आएका फूलचरीहरू अनेक भाकामा मस्त गीत गाइरहेका थिए ।

डुंगा लाग्ने ठाउँमा बूढी मझेनी आमा खेवा माग्न बसिरहेकी हुन्छिन्, 'खेवा दिएर जाऊ है, खेवा दिएर जाऊ ।' सानो फुर्लुङभित्र नाउ चढेर आउने/जानेहरूले दिएको पैसा जतनले राख्छिन् । पैसा नदिई जान खोज्नेलाई 'भारा लाग्छ है भारा, खेवाको भारा दिएर जाऊ । नदिई गए दसा लागेर मर्छौ' भन्छिन् ।

गर्मीले खङ्रिएको छ कोसीकिनार । एक झिल्को भेट्नेबित्तिकै हवार्रै बल्लाजस्ता माझीका बुकुराहरू । 'जाँड खाएर जाऊ, नानी हो ! शीतल हुन्छ ।' घाँटीभरि गलगाँड बोकेका मझेनीहरू जाँड बेचेर दुई-चार पैसा कमाउन कराइरहेका हुन्छन् । 'काँचा आँप पिरो नुन-खुर्सानीमा चोपेर ट्वाक्क खान पाए त हगि ?' घाममा धापिएर आएको बटुवाको बोली सुनिन्छ । खरका बुकुराभित्र भुसुक्कै निदाइरहेका हुन्छन् नांगाभुतंगा माझीका बच्चाहरू ।

बिहानैदेखि डुंगा लाग्छ घाटमा । सिमलु डुंगाभित्र बसेर कोसी वारपार गर्छन् यात्रीहरू । चकमन्न घाट निकैबेर कुरेर एक झमट बटुवाहरू तारेपछि ठूलो ढुंगामा नाउ बाँधेर बूढो माझी केके बर्बराउँदै सिमलबोटमुनिको बुकुरातिर आइपुग्छन् । बूढो अनुहार, मुखैभरि चाउरी नै चाउरीका धर्सा अनि हातपाखुरा, निधार, गालातिर घाउका थुप्रै खतहरू । उनकी छोरी कि बुहारी हो, ठूलो बटुकोभरिको जाँड उसको हातमा राखिदिन्छे । घटघट जाँड पिएर डकार्दै गर्दा कोसीपार जान आएका एक जना बूढो बाहुन यसो नियाल्दै उनीछेउ आएर आश्चर्य मान्दै भन्छन्, 'राम राम... बान्ने माझी होइनौ ? फुलेर सेतै भएछौ त ! तिम्रा निधारमा त्यो खत नभए के ठम्याउनु मैले ? कस्तो मजाको बलिष्ट तन्नेरी हेर त ..!' 'तिम्रो पनि त दाँत फुक्लेर कस्तो चिन्नै नसक्ने भएछौ ! कस्तो पुष्ट बाहुन केटो थियौ । अड्डाको काममा माझीगाउँ पस्दा मसँग मीत लाएर सबै काम सकेर हिँडेका थियौ ।' 'मुड्कीले ढुंगा फुटाउलाजस्तो हेर हेर, आज त्यै मान्छे होइनजस्तो !' 'के गर्नु त बाजे, सिमल रुख जत्तिको पनि रैनछ त मान्छेको आयु । कोसीमाथिको आकाश नीलै थियो कोसी पनि नीलै छ तर म मात्रै कपाल फुलेर सेतै भइगएँ त ! डुंगा ख्याउँदाख्याउँदै हातगोडा गलिगए । माछीजाल बोकेर पानीका रहहरू चहार्दाचहार्दै कालको नजिक पुगिगइयो ।' 'के गर्नु त बाबै, म बुद्धि घोटेर तिमी बल घोटेर बूढो भयौं । बाबै.. भगवान्हरू त बूढा भएर मरेर गए भने ...!' म बाहुन मित्र र बान्ने माझीको कुरा उनीहरूतिर नहेरी एकचित्त लाएर सुनिरहेको हुन्छु । 'जति बाँच्यो उति आयु घट्ने हगि बाजे मान्छेको ?' 'अब तिमी पनि हेर्दाहेर्दै काम गर्न नसक्ने हुने होलाउजस्तो लाग्छ...।' 'हो त, तर मान्छे मरे पनि काम त मर्दैन नि बाजे । हामी नभए पनि डुंगा चलिरहन्छ । आउनेजाने बटुवाहरू पनि भइरहन्छन् । खेवाको पैसा उठाउने अर्कै कोही होला..!' एकछिन चुप्प लागेर माझी बूढाले फेरि पुरानो कुरा उप्काए, 'अनि, उहिले तिमीले मसँग मीत लाएको कुरा चैं बिर्स्यौ बाजे ?' 'तालुका रौँहरू त सप्पै खुइलिसके, के गर्छौ हिजोका कुरा ! मीत लाएको कुरा सम्झेर अब हुने के पो हो र ! त्यो पनि खुइलिसक्यो !' अलि बाउँडिएको कुरा सुनेर बान्ने माझीले नमज्जा मान्यो । सायद उसको मनले भन्यो होला, 'बाठो बाहुन, काम फत्ते पार्न मीत ला'को नाटक गर्‍याथिस् नि उहिले !' बूढो माझीलाई जङ चलेको प्रस्टै थाहा हुन्थ्यो । बाहुनलाई त्यहाँ त्यसै छोडेर ऊ जाँड बेच्ने अर्को बुकुरोतिर लाग्यो ।

◆◆◆

निकै लामो समय बितेर गयो । म राल्फा गायक भएको थिएँ । गितार सिक्दै थिएँ । जहिले पनि हातमा गितार ! गितार बजाइरहँदा मनभित्र लयका अनेक छालहरू उर्लिरहन्थे । तिनलाई सतहमा ल्याउन निरन्तर प्रयत्न गर्थें । गुनगुन लयहरू गुनगुनाइरहन्थेँ । निरन्तरको कोसिसले एक दिन अमूर्त रूपमा गुन्जिरहने एउटा लय मैले मनवाट बाहिर निकालेर छाडेँ अनि बिर्सुँला कि भनेर बारबार गुनगुनाइरहेँ । लय पहिला बनेकाले

त्यसमा सुहाउने भावपूर्ण शब्दको खोजीमा लागेँ म । लयलाई बुझेर त्यसमा भाव अनुसारको गीत लेख्न सक्ने गीतकार पाउनु निकै कठिन कुरा मानिन्छ संसारका प्रायः सबै ठाउँमा । मन्जुलले लेखेका धेरै गीतलाई मैले संगीतले सजाएको थिएँ । एक दिन मन्जुललाई यस विषयमा कुरा गरेँ । मैले रचना गरेको धुनमा उसलाई गीत लेख्न आग्रह गरेँ । 'यस्तो ढंगबाट त मैले गीत लेख्ने गरेको छैन रामेश । संगीतको त्यति धेरै ज्ञान नभएको म, तिमीले रचना गरेको लयमा टेकेर म कसरी गीत लेख्न सक्छु होला !' उसले जवाफ दियो । कसले लेख्ने त यो लयमा गीत ? मै लेखूँ ? म गीतकार त होइन । केही गरी मैले लेखेँ भने ! मलाई संकोचको अनुभव भयो । धेरै समय मेरो लय गीतविहीन बस्यो । तर, त्यो लयमा मेरो मनले शब्दहरू आफैँ जुराउन खोजिरहेको थियो ।

एक दिन साँझ मन्थली घाटको पुरानो सम्झना मेरो मनमा उदायो । बूढो माझीले भनेका कुरा मेरो चित्तले सम्झ्यो । माझीको यही भावलाई गीति लयमा मिलाएर एक दिन अकस्मात् मेरो मुखबाट गीतको एउटा यस्तो लहर निस्क्यो :

कोसीछेउ उभ्भेको सिमल जत्ति नि बाँच्दिनँ म
त्यै सिमल काटी बनेको डुंगा जत्ति नि बाँच्दिनँ म ।

लय भावसँग शब्द भाव एकदमै मिलेजस्तो लाग्यो । मैले मन्जुललाई सुनाएँ । उसले भन्यो, 'राम्रो छ' । अरू शब्द उसले रचना गर्ला मैले सोचेको थिएँ । तर, ऊ कताकता अलमलिरह्यो । अलिअलि गर्दै मैले जानी नजानी त्यो लयमा सुहाउने शब्दहरू थप्दै गएँ । पारिजात दिदीलाई एक दिन मैले गितारमा त्यो धुन सुनाएँ । दिदीले भन्नुभयो, 'राम्रो लाग्यो, छिट्टै पूरा गर ।' चञ्चल मन्जुललाई एक दिन मैले कोठामा ल्याएँ र भनेँ, 'यो गीत जसरी भए पनि आज पूरा गर्नुपर्छ । माथिल्लो एक अन्तरा मैले लयसँग भाव मिलाएर बनाइसकेको छु । अब अर्को अन्तरा बनाऊ । मैले रचेको पहिला अन्तराको लय र शब्द सुनाएँ मन्जुललाई :

त्यो माथिमाथि आकाश नीलो छ
डुंगामुनिको नदीको दह अझै नीलो छ
यी दुवैको बीचको बहना लिएको म
सेतैसेतै भइसकेँ
त्यै सिमल काटी बनेको डुंगा जत्ति नि बाँच्दिनँ म
कोसीछेउ उभ्भेको सिमल जत्ति नि बाँच्दिनँ म ।

मैले मन्थली घाटको बूढो माझीका कुराहरू सुनाएर अरू अन्तरा थप्न कर गरिरहेँ । उसलाई कतै जान नदिई धेरै जोड गरेपछि मन्जुलले दोस्रो अन्तरा लेख्यो :

माछा मार्ने जाल फ्याँक्दा मेरो एउटा आयु खस्छ
नाउ वारिपारि गर्दा मेरो जम्मै आयु खस्छ
नदी पनि सुकेको छैन, आकाश पनि झरेको छैन
यी दुवैको बीचको बहना लिएको म, मृत्युनजिक भैसकेँ
त्यै सिमल काटी बनेको डुंगा जत्ति नि बाँच्दिनँ म ।

उसले रचना गरेको गीति शब्दमा मैले संगीत बनाएँ । तर, गीत पूरा भएजस्तो लागेन मलाई । यो गीत गाउँदा केही अरू पनि बाँकी छजस्तो सधैँ लागिरह्यो । करिब दुई वर्षपछि अपूरो लागेको गीतको अन्तिम अन्तरा लेख्न थालेँ, जसको लय मैले रचना गरिसकेको थिएँ । त्यो दिन जम्मा चार हरफ थपेँ :

एकदिन म मरुँला, संसारमा नरहुँला
मेरो सिमलकाठको डुंगा पनि मक्किएर जाला
तर युगयुगसम्म यो नदी, यो आकाश रहिरहला
नदी तार्ने बूढो माझीको काम यो संसारमा रहिरहला ।

अझ पूरा भएन गीत । एक दिन मन्जुललाई फेरि समातेर ल्याएँ र भनेँ, "ल आज चैं यो गीत पूरा गरेरै छाडौँ ।" मैले लेखेको चार लाइन सुनेपछि उसले निकै गम खाएर एक हरफ गीत थप्यो :

ओहो जीवन भन्नु के हो र
बाँच्दा गरिने काम न हो ।

त्यसपछि मन्जुललाई थामेर थामिनसक्नु भयो । हतारमा ऊ कतै हिँडिहाल्यो । बाँकी लहरहरू धेरै समय लगाएर मैले पूरा गरेँ :

अघिअघिका पूर्खाहरू, पछि आउने सन्ततिहरू
यी दुवैको बीचको बहना लिएको म
एकदम बूढो भइसकेँ सेतै सेतै भइसकेँ
त्यै सिमल काटी बनेको डुंगा जत्ति नि बाँच्दिनँ म
कोसीछेउ उभ्भेको सिमल जत्ति नि बाँच्दिन म ।

यसरी ठूलो मिहिनेत र समय लगाएर यो गीत तयार भयो । 'राल्फाकाल' र 'संकल्प गीति अभियान'का कार्यक्रममा यो गीत धेरै गाएँ मैले । समय र साल बित्दै गयो । बिस्तारै यो गीत त्यसै हराउँदै गयो । किन किन बिर्सँदै पनि गइयो । अरू नै गीत रचना गर्दै गाउन थालियो । उमेरसँगै आउने अनेकखाले काममा जीवन त्यसै त्यसै अल्झिँदै गइरहेको थियो । तर, केही वर्षदेखि ती गीतहरू सुनेका पुराना साथी र नयाँ गीत-संगीतप्रेमी भाइहरूले निरन्तर भन्न थालेका थिए, 'दाइ ! तपाईंहरूले गाउनुभएका त्यस्ता उत्कृष्ट गीतहरू सबै त्यसै मर्ने ? त्यस्ता गीतहरू रचना गर्न अब तपाईंहरूलाई पनि मुस्किलै पर्छ । समय छैन, उमेर छैन । व्यस्तताले पिटेको छ । रामेश दाइ, तपाईं अझै सक्नुहुन्छ, ती गीतहरू गाउन । तपाईंहरूको मित्रताले सिर्जना गरेका ती सुन्दर गीत दिएर नयाँ पुस्ताको हौसला बढाउनुहोस् । नेपाली संगीतको ढुकुटीमा यस्ता गीतको रचना पनि भएको थियो भनेर केही चिनो छाडेर जानोस् । राल्फा समयमा गाइएका ती गीतको उमेर पनि पचास/एकाउन्न वर्षको भइसक्यो । दाइ ढिला नगरौँ ।'

सत्य थिए ती भनाइहरू । सपनामा पनि ती गीतहरू गाइरहेको देख्न थालेँ । मैले गीत रेकर्ड गर्ने निर्णय गरेँ । ०७२ सालदेखि करिब दुई वर्ष साथीभाइले छानेका गीत रेकर्ड गर्न निरन्तर लागिरहेँ । संगीतज्ञ भाइहरू सुरेन्द्र श्रेष्ठ र जीवित जल्मीसँगको लामो सहकार्यबाट आज सबैका सामु राल्फा र संकल्पकालका केही गीत रेकर्ड भएर जनतासमक्ष आउँदै छन् । गीति एल्बमको शीर्षक पनि *कोसीछेउ उभेको सिमल* नै छ, जसमा सबै रचना मन्जुलको अनि संगीत र स्वर मेरो छ । अरू पनि धेरै छन् राल्फा र संकल्पकालीन मूल्यवान् गीत-संगीत । तर, अहिले गीति एल्बममा प्रस्तुत छन् केही ती गीतहरू, जसले नेपाली संगीतमा केही नयाँ नयाँ परिचय दिन प्रयत्न गरेको छ :

त्यो माथिमाथि आकाश नीलो छ
डुंगामुनिको नदीको दह अझै नीलो छ
यी दुवैको बीचको बहना लिएको म
एकदम बूढो भइसकेँ, सेतै सेतै भइसकेँ
त्यै सिमल काटी बनेको डुंगा जत्ति नि बाँच्दिन म । ◆

"लयलाई बुझेर त्यसमा भाव अनुसारको गीत लेख्न सक्ने गीतकार पाउनु निकै कठिन कुरा मानिन्छ ।"

ओप्पोको नयाँ स्मार्टफोन

चिनियाँ स्मार्टफोन कम्पनी ओप्पोले फेरि अर्को नयाँ स्मार्टफोन ओप्पो ए८३ को घोषणा गरेको छ । चीनमा ए७५ र ए७५एस रिलिज गरेसँगै एट३ को घोषणा गरिएको हो ।

ओप्पोका अनुसार यो नयाँ स्मार्टफोनमा ३२ जीबीको आन्तरिक मेमोरी क्षमता हुनेछ । यसको ऱ्यामको क्षमता चार जीबी रहनेछ । प्रयोगकर्ताले आफ्नो आवश्यकता अनुसार यसमा २ सय ५६ जीबीको मेमोरी कार्ड पनि प्रयोग गर्न सक्नेछन् ।

यो स्मार्टफोनमा १३ र आठ मेगापिक्सेलका दुई

क्यामेरा रहनेछन् । र, यसमा ३१ सय ८० एमएएच क्षमताको ब्याट्री रहने बताइएको छ । एट३ को मुख्य आकर्षण फेस अनलक फिचर हो । ओप्पोले बताए अनुसार प्रयोगकर्ताको अनुहार पहिचान गर्न यसले १ सय २८ फिचरहरूको स्क्यान गर्नेछ । र, ०.१८ सेकेन्डमै अनलक हुनेछ । फेसियल रिकग्निसनलाई नै मुख्य अनलक फिचर बनाएको ओप्पोले यो स्मार्टफोनमा फिङ्गर प्रिन्ट सेन्सर नराख्ने बताएको छ ।

एन्ड्रोइड ७.१ अपरेटिङ सिस्टममा आधारित रहने यो स्मार्टफोको डिस्प्ले ५.७ इन्चको हुनेछ । र, यसको मूल्य २ सय १५ डलर रहनेछ । यो स्मार्टफोन यही डिसेम्बर महिनाको अन्त्यबाट बजारमा आउनेछ ।

रनरका बाइक बजारमा

रनर अटोमोबाइल्सले उत्पादन गरेका सात मोडलका बाइक नेपाली बजारमा लन्च भएका छन् । रनर बंगलादेशी मोटर कम्पनी हो । नेपालमा लन्च गरिएका रनरका बाइकको मूल्य १ लाख ४८ हजारदेखि २ लाख ३५ हजार रुपियाँसम्मका छन् ।

लन्च गरिएका मध्ये रनर नाइट राइडर सबैभन्दा अधिक मूल्य भएको बाइक हो । यसमा १ सय ५० सीसीको इन्जिन छ । यसको इन्जिनले अधिकतम ११.९३ ब्रेक हर्सपावर शक्ति निकाल्छ । र, यसको टर्क क्षमता १२.२० न्युटन मिटरको छ ।

नेपालमा लन्च गरिएका सबै बाइकको माइलेज राम्रो भएको दाबी गरिएको छ । नाइट राइडरले प्रतिलिटर ५० किलोमिटर माइलेज दिने अनुमान गरिएको छ । र, यो १ सय २० किलोमिटर प्रतिघन्टाको अधिकतम गतिमा कुद्न सक्छ ।

माइक्रोसफ्टको ध्यान आर्टिफिसियल इन्टेलिजेन्समा

माइक्रोसफ्टले आर्टिफिसियल इन्टेलिजेन्स (एआई)को प्रयोगबाट आफ्ना सेवाहरूलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भनेर लागिरहेको छ । हालै माइक्रोसफ्टले एआईसँग सम्बन्धित केही नयाँ फिचरको प्रयोगबाट अफिस ३६५, सर्च इन्जिन र कोर्टानालाई अझ आकर्षक बनाइएको जनाएको छ ।

अफिस ३६५ माइक्रोसफ्टको सर्भिस सफ्टवेयर हो, जसको मद्दतबाट प्रयोगकर्ताले माइक्रोसफ्टका थुप्रै एप र टुलहरू विन्डोज, एन्ड्रोइड वा म्याक ओएसबाट चल्ने डिभाइसमा प्रयोग



कम्पनीका अनुसार यी बाइकहरू नेपाली प्रयोगकर्ताका आवश्यकता अनुसार डिजाइन गरिएका हुन् । नेपालमा लन्च भएका रनरका अन्य बाइक ८५ देखि १ सय २५ सीसी इन्जिन क्षमताका छन् । रनरका अनुसार नेपालमा एक सयदेखि १ सय ५० सीसी इन्जिन क्षमताका बाइकहरू धेरै रूचाइन्छन् ।

गर्न सक्छन् । माइक्रोसफ्ट अफिस पनि यसै अन्तर्गत पर्छ । माइक्रोसफ्टले यसमा अफिस ३६५ अन्तर्गतको एक्सेललगायतका टुलमा पनि एआई प्रयोग भएको जनाएको छ । यसले प्रयोगकर्ताले एक्सेलमा राखिएका विभिन्न डाटालाई विश्लेषण गर्न मद्दत गर्नेछ ।

बिङ माइक्रोसफ्टको डिफल्ट सर्च इन्जिन हो । यसले पनि अब एआईकै सहयोगबाट हरेक सर्चमा प्रयोगकर्ता अनुसारका सर्च रिजल्ट दिने बताएको छ । त्यस्तै माइक्रोसफ्टले कोर्टोनाको क्षमतामा पनि अपडेट गरेको जनाएको छ । कोर्टोना माइक्रोसफ्टको भर्चुअल एसिस्टेन्ट हो । कोर्टोनाको प्रयोग विन्डोज टेनमा भएको छ । कोर्टोनाले अब प्रयोगकर्ताका कुन इमेल कतिको महत्त्वपूर्ण छन् भनेर वर्गीकरण गर्न सक्छ । र, प्रयोगकर्ताले चाहेको खण्डमा ती इमेल पढेर पनि सुनाउन सक्छ । कोर्टोनालाई प्रयोगकर्ताले बोलेरै कमान्ड दिन सक्छन् ।



इन्स्टाग्राम लाइभमा अपडेट

इन्स्टाग्रामले लाइभ भिडियो सेयर गर्न मिल्ने नयाँ अपडेट ल्याएको छ । हालै डाइरेक्ट म्यासेज फिचरलाई इन्स्टाग्राम एपबाट हटाएर छुट्टै एपको रूपमा परीक्षण गर्ने इन्स्टाग्रामले जनाएको थियो । नयाँ अपडेट अनुसार प्रयोगकर्ताले लाइभ भिडियो डाइरेक्ट म्यासेजमार्फत नै सेयर गर्न सक्नेछन् ।

आफ्नै लाइभ भिडियो वा अरू कसैको भिडियो म्यासेजमार्फत सेयर गर्न मिल्नेछ । तर, त्यो भिडियो लाइभ भएमा मात्र म्यासेज पाउने व्यक्तिले हेर्न मिल्नेछ । म्यासेज बक्सबाटै लाइभ भिडियो हेर्न मिल्नु यसको अर्को राम्रो पक्ष हो । म्यासेजमार्फत भिडियो सेयर गर्न मिल्ने भएपछि इन्स्टाग्रामका लाइभ भिडियोहरू अझै धेरै प्रयोगकर्तामाझ पुग्ने अनुमान गरिएको छ ।

इन्स्टाग्राममै कमेन्टमा पनि अपडेट आएको छ । प्रयोगकर्ताले कुनै इन्स्टाग्रामका कुनै पोस्टमा अरू पोस्टको तुलनामा बढी समय लगाएर हेरेको खण्डमा त्यहाँ कमेन्ट गर्ने अप्सन आफैं देखिन्छ ।



संयोजन : ज्ञानेन्द्र आचार्य

खुला विद्यालय

शब्द/तस्बिर : मैत्या घर्ती मगर

रुकुमको तक्सेरामा अहिले तापक्रम माइनस तीन डिग्रीभन्दा तल झरेको छ । बिहान र बेलुका ठिहि्र्याउने जाडो छ । दिउँसो पनि घाम नलाग्ने ठाउँमा एकैछिन टिक्नसमेत सकस छ । चिसो आतंककै कारण बालबालिकाहरू स्कुल जान लगभग छाडेका छन् । विद्यार्थीहरू गयल हुन थालेपछि यहाँका विद्यालय घाम लागेको खुला चौरमा कक्षा सञ्चालन गर्न बाध्य छन् । तस्बिरमा दिउँसोको पारिलो घाममा अध्ययन गरिरहेका मातृभूमि इंग्लिस बोर्डिङ स्कुलका विद्यार्थीहरू । ◆

फेरि छायामा !

रूद्रमा निखिल उप्रेतीसँग रोमान्स गर्न पाउँदा फुरूङ्ग थिइन्, सारा सिर्पाली । तर, जसै फिल्म रिलिज भयो, साराको सारा उत्साह उडेर गयो । फिल्मले न पैसा कमायो, न प्रशंसा । त्यसअगाडि निखिलसँग स्क्रिन सेयर गरेका अनु शाह, वेनिशा हमालगायतका हिरोइनको हालत त्यसभन्दा भिन्न थिएन । कतिसम्म भने निशा अधिकारी र प्रियंका कार्कीलाई समेत निखिलसँगको

रिलिजको मुखैमा बाइबाई

झोलेमा प्रियंका कार्की थिइन् तर *मिस्टर झोलेमा* निर्देशक रामबाबु गुरूङले उनलाई 'आउट' गरे, वर्षा राउतलाई 'इन' । जबकि, हिरोचाहिँ उनै हुन्, दयाहाङ राई । *मिस्टर झोले* २८ माघमा प्रदर्शन हुँदैछ । निर्माण युनिटले प्रचारप्रसारलाई तीव्र बनाएको छ । यस्तो बेला कलाकारको साथ चाहिन्छ नै । तर, वर्षाले यही बेला बाइबाई गरेकी छन् । ९ पुसमा अस्ट्रेलिया उडेकी यी हिरोइन दुई महिनापछि मात्र नेपाल फर्कने योजनामा छन् । अर्थात् *मिस्टर झोले* रिलिजका क्रममा उनको उपस्थिति हुनेछैन । यसरी 'प्रमोसन'लाई बेवास्ता गरेपछि निर्माण पक्षको चित्त त दुख्ख नै । तर, भर्खर-भर्खर व्यस्त हुन थालेकी वर्षाको साखमा चाहिं असर नपर्ला र ? ◆

सहकार्य फलदायी रहेन । कारण, एक्सन स्टार हुनुको नाताले फिल्मको केन्द्रमा हुन्छन्, निखिल । हिरोइन त सधैं छायामा । यही तीतो नियतिको सिकार भइसकेकी सारा फेरि निखिलसँग देखिँदैछिन्, *पिज्जा ब्याक अगेनमा* । प्रचारप्रसारमा निखिल प्राथमिकतामा पर्ने भइहाले । सारालाई पनि बेवास्ता गरिएको छैन । तर, निखिलको छायाबाट उम्किएर दर्शकमाझ पर्न उनलाई फलामको चिउरा चपाएजस्तै हुनेमा चाहिं शंकै छैन । आखिर विगत त्यस्तै जो छ ! ◆



दीपिकाको दोस्रो कहिले ?

दीपिका प्रसाईंको डेब्यु फिल्म *ऐश्वर्य* हिट भएन, जसोतसो लगानीचाहिं उठायो । फिल्मको एकल हिरोइन थिइन् उनी । अभिनय र सौन्दर्यले धेरथोर चर्चा बटुल्यो पनि । यस हिसाबले उनलाई फिल्मको कमी नहुनुपर्ने । किनभने, हामीकहाँ फिल्म फ्लप हुँदासमेत हिरोइनलाई भ्याइनभ्याई हुन्छ । तर, दीपिकालाई यस्तो मौका मिलेको छैन । र, अझसम्म कुनै फिल्ममा औपचारिक रूपमा अनुबन्ध भएकी छैनन् । *जानी नजानीमा* उनको अभिनय रहने त भनिएको छ । तर, औपचारिक सम्झौता हुन बाँकी छ । फिल्म नपाउँदा कतिपय हिरोइन म्युजिक भिडियोमा व्यस्त हुन्छन् । दीपिकालाई म्युजिक भिडियोमा समेत देखिएको छैन । फिल्म र म्युजिक भिडियो नपाएको हो कि नखेलेको ? उनी आफैं जानून् । तर, फिल्मवृत्तमा उनको चर्चा सेलाउँदै गएको चाहिं सत्य हो । ◆

तस्बिर : महेश प्रधान

हाँस्न नसकेका हसन

आफैं लगानी गरेर हिरो हुनेको कमी छैन हामीकहाँ । विडम्बना ! तीमध्ये अधिकांशको सपना तुहिन्छ । यस्तै भएको छ, हसन खानको हकमा पनि । हसनले आर्यन सिग्देललाई लिएर *अलबिदा* बनाए, आफू पनि खेले । तर, दर्शकले प्रदर्शनको सुरूआतबाटै फिल्मलाई 'अलबिदा' भनिदिए । फिल्मको आधा लगानी पनि उठेन । बरू आर्यनसँग सम्बन्धमा पूर्णविराम लाग्यो । तैपनि, हसनले हरेस खाएनन् । अढाई वर्षको अन्तरालपछि *रोमियो* बनाए । मुख्य भूमिकामा आफैंले खेले । प्रमोसनमा खास कन्जुस्याइँ गरेनन् । तर, व्यापार *अलबिदाको* भन्दा नाजुक रह्यो । फिल्मले न सिंगल थिएटरमा दर्शक बटुल्यो, न मल्टिप्लेक्समा । अभिनय करिअर त चम्किएन नै, लगानी पनि डुब्यो । न बाहिरी ब्यानरले पत्याउँछन् । अनि, कसरी हाँस्नु त हसन ? ◆

सशक्त विद्रोह

गोकर्ण गौतम

महिला अधिकार र स्वतन्त्रताको सवाल संक्रमणमा छ यतिबेला । न महिलालाई घरभित्र सीमित गर्ने आँट छ समाजसँग, न पूर्ण स्वतन्त्रता प्रदान गर्ने उदारता नै । मुख्य उपलब्धिचाहिँ युवतीहरू आफैँ आफूमाथिको अन्यायको विरुद्धमा आवाज उठाउन थालेका छन्, कुनै न कुनै माध्यमबाट । यही विद्रोही चरित्रले पुरुष (समाज ?)सँग दूरी र द्वन्द्व बढाएको छ । तैपनि, स्वतन्त्रताको चस्काले छोइसकेका महिला पछि हट्ने अवस्थामा छैनन् । अलन्कृता श्रीवास्तवले यिनै 'क्रान्तिकारी' महिलालाई समेटेर फिल्म बनाएकी छन्, *लिपिस्टिक अन्डर माई बुर्का* । अर्को कोणबाट यो फिल्म महिला हिंसा, दमन, कुण्ठा र आक्रोशको एलबम हो । यसलाई विषय, प्रस्तुति र अभिनयका हिसाबमा पछिल्ला वर्षहरूमा बनेका हिन्दी फिल्ममध्ये अघिल्लो लहरमा राख्न हिचकिचाउनु पर्दैन । महिला सशक्तीकरणको अभियानमा कलात्मक योगदान गर्ने ल्याकत बोकेको छ फिल्मले ।

भारतको भोपालको एउटै गाउँमा बस्ने चार फरक उमेर समूहका युवतीको कथा हो यो । ५५ वर्षकी आन्टी उषा (रत्ना पाठक) धार्मिक किताबभित्र लुकाएर यौन उपन्यास पढ्छिन्, जसलाई लक्का जवानसँग संसर्ग गर्ने उत्कट चाह छ । तीन बच्चाकी आमा शिरीन (कोंकोणा सेन शर्मा) हरेक रात आफ्नै पतिबाट 'बलात्कृत' हुन्छिन्, उनलाई आर्थिक रूपमा आत्मनिर्भर हुनु छ । सामान्य ब्युटीपार्लर चलाउने लीला (आहाना कुम्रा) आफ्नो प्रेमीसँग संसार घुम्न मरिहत्ते गर्छिन् । तर, उनको अर्कै केटासँग इन्गेजमेन्ट भइसकेको छ । कलेज अध्ययनरत रिहाना (पल्बिता बोर्ठाकुर) बुर्का लगाउन बाध्य छिन् । तर, उनलाई जिन्सलगायत आधुनिक पहिरन लगाउन र उन्मुक्त जीवन जिउने चाह छ । कठोर सामाजिक बन्धनमा जेलिएका उनीहरूको सपना पूरा होला त ? क्लाइमेक्समा चुरोटको प्रयोग प्रतीकात्मक लाग्छ ।

हरेक पात्र प्रत्यक्ष रूपमा सम्बन्धित छैनन् । पटकथाकारसमेत रहेकी निर्देशक श्रीवास्तवले पात्रका कथा र तिनका भोगाइलाई बेग्लाबेग्लै भन्दै जान्छिन् । तर, दर्शकलाई उनीहरू कहीँ न कहीँ जोडिएका छन् भन्ने महसुस हुन्छ । आखिर कथा त उनीहरूको आवेगकै न हो । परिवारको 'इज्जत' जोगाउनकै खातिर उनीहरूलाई प्रत्यक्ष/प्रत्यक्ष रूपमा आफ्नो सपनाको बलिदानी दिन दबाब दिइन्छ । यस्तो पुरुषवादी प्रवृत्तिविरुद्धमा हुन्छन् उनीहरू । तर, खुलेर बोल्न सक्दैनन् । उषा लुकेर स्विमिङ जान्छिन् र आफूले चाहेको केटालाई भेट्छिन् । घरघर पुगेर सामान बेचे पनि शिरीन पतिलाई भन्न सक्दिनन् । उनका श्रीमान् कन्डम प्रयोग गर्न मान्दैनन्, सोही कारण महिनैपिच्छे गर्भपतन गराउन बाध्य छिन् । लीलालाई न परिवारको साथ छ, न प्रेमीको । रिहानालाई त जिन्स पाइन्ट लगाउन पनि अनुमति छैन । दक्षिण एसियामा यस्ता युवतीहरू छ्यासछ्यास्ती भेटिन्छन् । त्यसैले हरेक पात्रलाई सहजै आत्मसात् गर्न सकिन्छ ।

लिपिस्टिकलाई पितृसत्तात्मक समाज, जो आफैँ बुर्काको सीमित घेरामा पिल्सिएको छ, मा बस्ने महिलाको चाहको प्रतिविम्बका रूपमा प्रयोग गरिएको छ । तर, यसले चर्को स्वरमा नारीवादको वकालत गरेको छैन । न यो पुरुषविरोधी फिल्म नै हो । सिर्फ भिन्न महिलाका भिन्न प्रकृतिका पीडालाई पर्दामा उतारिएको छ, जहाँ हरेक पात्रको अन्तर्यमा स्वतन्त्रता र यौन लुकेको छ । यद्यपि, प्रमुख पात्रसँग सरोकार राख्ने पुरुषलाई नकारात्मक रूपमा उभ्याइएको छ । जस्तो : उषा र लीलाका प्रेमी, शिरीनका श्रीमान् अनि रिहानाका बाबु र प्रेमी । यद्यपि, अतिरञ्जित नगरिएकाले हरेक पुरुष पात्र स्वाभाविक लाग्छन् । 'न्युड पेन्टिङ' गर्ने कलाकारसामु नाँगिने लीलाकी आमा सम्झनालायक अर्की पात्र हुन् । साँच्चै भन्दा अनेक दमन झेलिरहेका महिलालाई एकै ठाउँमा उभ्याएर निर्देशक श्रीवास्तवले आधुनिक भनिएको समाजसामु नैतिकताको तीर हानेकी छन् ।

विषयवस्तुजस्तै कलाकारको अभिनय फिल्मलाई अब्बल बनाउने अहम् कारण हो । खारिएका रत्ना र कोंकोणाले मात्र होइन, भर्खरै करिअर सुरु गरेका आहान र पल्बिताले समेत पात्रमा आफूलाई पुरापुर रूपान्तरण गरेका छन् । चारै मुख्य चरित्रले यौन क्रिया गरेका दृश्य छन् । तर, कुनै अश्लील लाग्दैनन् । यस्तो कलात्मक प्रस्तुतिका लागि निर्देशक श्रीवास्तव प्रशंसाको भागीदार छिन् । यस्तो संवेदनशील विषयमाथि फिल्म बनाउन खोज्नु आफैँमा दुस्साहस थियो । तर, उनले चुनौतीलाई अवसरमा बदलेकी छन् ।

लिपिस्टिक अन्डर माई बुर्का निःसन्देह हेर्नैपर्ने फिल्म हो । किनभने, यसले 'कथित' मनोरञ्जन त दिन्छ नै, सँगै जोकोहीलाई आफ्नो सोच र चरित्रमाथि प्रश्न उठाउन बाध्य तुल्याउँछ । ◆

'सगरमाथा आरोहणको महत्त्व घटिरहेछ'

भनिन्छ- एउटा असफलताले सफलताको नयाँ ढोका उघारिदिन्छ, पहिल्याउन मात्रै सक्नुपर्छ । एसएलसी परीक्षामा असफल दोलखा रोल्वालिङ गाउँपालिकाकी **दावा याङ्जुम शेर्पा**, २७, का लागि यस्तै सफलताको ढोका खुल्यो । पढाइमा ब्रेक लागेपछि हिमाल आरोहणमा हाम फालेकी उनी अन्ततः अन्तर्राष्ट्रिय पर्वतारोहण गाइडको प्रमाणपत्र पाउने दक्षिण एसियाकै पहिलो महिला बनिन् । इन्टरनेसनल फेडरेसन अफ माउन्टेन गाइड एसोसियसनले शेर्पालाई गत हप्ता प्रमाणपत्र दियो । सबैभन्दा कम उमेरमा पाकिस्तानको के-२ हिमाल चढ्ने महिला पनि उनी नै हुन् । यसै सन्दर्भमा उनीसंगको कुराकानी :

हिमाल आरोहणप्रति कसरी आकर्षित हुनु भो ?

पहिले म अल्ट्रा धाविका (उचाइमा दौडने) थिएँ । त्यसपछि ट्रेकिङ गाइड भएँ । ट्रेकिङ जाँदा पाहुनाले नजिकैका हिमाल देखाउँदै 'चढेकी छस्' भनेर सोध्थे । 'छैन' भन्दा मुख बिगार्थे । 'चढेकी छु' भन्यो भने 'वाह !' भन्दै धाप मार्थे । त्यसपछि हिमाल चढ्नैपर्ने रहेछ भन्ने लाग्यो र सन् २००८ मा नेपाल माउन्टेनरिङ एसोसिएसन (एनएमए)बाट आधारभूत तालिम लिएँ ।

कहिल्यै सोच्नुभएको थियो, आफ्नो नाममा रेकर्ड बन्ला भनेर ?

अहँ । एसएलसी पास भएको भए म यो फिल्डमै आउँदिन थिएँ होला ।

व्यावसायिक रूपमा कहिलेदेखि लाग्नुभयो ?

तालिम अवधिमै ५ हजार ५ सय २० मिटर उचाइको यल पिक, ६ हजार १ सय ८९ मिटरको आइल्यान्ड पिक चढियो । त्यसपछि साथीहरूसँग मिलेर सन् २०११ मा आमादब्लम चढेँ । मैले 'गेस्ट' लिएर गएको चाहिँ सन् २०१२ मा सगरमाथा हो । नेसनल जियोग्राफीको टिम लिएर गएकी थिएँ ।

'करिअर'को सुरुमै सगरमाथामा पाहुना लिएर जान आँट आयो त ?

सुरुमा त तर्सिएँ । त्यसअघि म सोखका लागि मात्रै चढेकी थिएँ । सकिनँ भने के होला भनेर मनमा कुरा खेलिरह्यो । २६ जनाको आरोही टिम धन्न सफलतापूर्वक चढेर फर्कियो । विश्वको सर्वोच्च शिखरमा पुगेसँगै मेरो आत्मविश्वाससमेत चुलियो ।

व्यावसायिक र सोखिन आरोहणमा के फरक रहेछ ?

व्यावसायिक रूपमा अरूलाई चढाउने जिम्मेवारी हुन्छ । उनीहरूको सामान बोक्नेदेखि खानाको बन्दोवस्तसम्म गर्नुपर्छ । उस्तै परे मानिस नै ठेलठाल गर्नुपर्छ । यस्तो झमेला आफैं मात्र चढ्दा हुँदैन । चढाउन गाह्रो, चढ्न सजिलो ।

अमेरिकामा आरोहणसम्बन्धी क्लाइम्बिङ रेन्जर/प्याट्रोलिङ तालिम लिनुभयो । नेपालमा त्यसको उपयोग हुन्छ ?

आफ्नो ज्ञानका लागि मात्रै हो । हामीकहाँ फिल्डमा उद्धार कार्य र अनुगमनका लागि जनशक्ति खटाउने प्रचलन छैन । सरकारी अधिकारीहरू बेसक्याम्पसम्म पुग्ने मात्र हुन् ।

हिमाल चढ्दा सबैभन्दा रमाइलो कतिखेर हुन्छ ?

दिउँसो तापक्रमका कारण चिप्लिने, पहिरो/चट्टान खस्ने डर भएकाले हिमाल रातभरि चढिन्छ । बिहानीपख घाम झुल्कनुअघि पूर्वतिर देखिने सुनौलो क्षितिजले रातभरिको सबै थकान, दुःख भुलाइदिन्छ । त्यो दृश्य कहिल्यै वाक्कलाग्दो हुँदैन ।

धेरैको रहर अमेरिकामै बस्ने हुन्छ । तपाई पनि वर्षमा एकाध महिना उतै काम गर्नुहुन्छ । बाँकी जीवन उतै बिताऊँजस्तो लाग्दैन ?

हिमाल चढ्नु नशाजस्तै हो । अमेरिकामा पनि हिमालै चढ्ने काम गर्छु । तर, नेपाली हिमालको यादले बस्नै सकिँदैन ।

किन त्यति साह्रो याद ?

चिनजानका धेरै यतै छन् । यताको हिमाल चढ्दा जत्तिको सुरक्षित कहीँ हुँदैन । उताका हिमाल निर्जीव छन्, नेपाली हिमालसँग भने भावना जोडिएको छ ।

सगरमाथा आरोहणमा थुप्रैले विभिन्न खाले रेकर्ड राखेका छन्, ती रेकर्ड ब्रेक गर्ने रहर त पक्कै होला ?

छैन । सगरमाथाको रेकर्डमा म प्रतिस्पर्धा गर्दिनँ ।

किन ?

दोहोऱ्याएर उही हिमाल चढ्न मन लाग्दैन । मैले अमेरिका बस्दा थाहा पाएँ, त्यहाँ सगरमाथा आरोहीको भन्दा कसैले नचढेका हिमाल चढ्नेको उचाइ अग्लो हुने रहेछ । म नयाँ हिमाल चढ्न र रुट पहिल्याउन मन पराउँछु । भर्खरै यसअघि मानव पाइला नपरेको दोलखाकै ल्हाङदुङ हिमाल चढेर फर्केकी हुँ ।

यसको मतलब सगरमाथा आरोहणको महत्त्व घटिरहेछ ?

हो, जसले जसरी पनि चढ्ने भएपछि यसको मूल्य विश्वमै घटिरहेको मैले पाएँ ।

मनबहादुर बस्नेत

नोटबुक

॥ दीपक अधिकारी

पान्डा कूटनीति

चीनको पश्चिमी प्रदेश सिचुवानको राजधानी छन्दुबाट १० किलोमिटर यात्रा गरेपछि पुगिन्छ, पान्डाको विशाल वासस्थल । हालैको एक बिहान त्यहाँ पुगेको दक्षिण एसियाली प्रतिनिधिको टोलीमा म पनि थिएँ । रेड पान्डा (नेपालीमा हाब्रे)को वासस्थान (इलाम, पाँचथर, ताप्लेजुङ)मा हुर्किएको मलाई 'जायन्ट पान्डा' भनिने यो कालो-सेतो रंगको मायालाग्दो जनावर हेर्ने धोको थियो ।

हामीलाई अलिक हतार किन पनि थियो भने बिहान १० बजेपछि पान्डा मस्तसँग निदाउँछ भनिएको थियो । बसबाट ओर्लिएर हामी सरासर पान्डा भएतिर लम्कियौँ र फोटो खिच्न थाल्यौँ । घाँटी तन्काउँदै पान्डाका गतिविधि हेर्ने चिनियाँ पर्यटकको घुइँचो थियो । हामीलाई गाइडका रूपमा सहयोग गर्ने चिनियाँ युवती बताउँदै थिइन्- यो ओलम्पिकको मस्कटमा प्रयोग भएको पान्डा, यो सबैभन्दा ठूलो पान्डा, यसको शल्यक्रिया गरिएको आदि इत्यादि ।

म बढी नै उत्साहित हुनुको अर्को कारण थियो, बेलायतबाट निस्कने *फाइनासिन्एल टाइम्स* (एफटी)मा हालै प्रकाशित आलेख 'हाउ द पान्डा बिकेम चाइनाज डिप्लोम्याटिक विपन अफ च्वाइस' । एफटीका एसिया सम्पादक जमिल एन्डरलिनी लिखित उक्त आलेखमा कसरी चीनले आफ्ना मित्र राष्ट्रलाई पान्डा उपहार (तर, भाडामा र बच्चा फिर्ता गर्ने सर्तमा) दिएर 'सफ्ट पावर'को अभ्यास गर्दैछ भन्ने खुलस्त पारिएको छ । उक्त आलेख अनुसार गत जुलाईमा चिनियाँ राष्ट्रपति सी चिनफिङले बर्लिनमा एक समारोहबीच जर्मन चान्सलर एन्जेला मर्केलमार्फत दुईवटा पान्डा त्यहाँको एक चिडियाखानालाई १५ वर्षका लागि हस्तान्तरण गरे । तीनवर्षे मेङ मेङ (लिटल ड्रिम) र सातवर्षे जीआओ किङ (डार्लिङ) नामका पान्डा जर्मनीलाई १० लाख अमेरिकी डलरमा कोसेली दिइएको बारे एफटी लेख्छ, 'यो नै चीनको पान्डा कूटनीतिको सबैभन्दा सफल र विशिष्ट रूप थियो ।'

छन्दुस्थित पान्डा साइन्टिफिक डिस्कभरी सेन्टरबाट बाहिरिँदै गर्दा मेरो मनमा एउटा प्रश्न खेलिरहेको थियो, नेपालले सुरु गरेको गैँडा कूटनीतिचाहिँ कहाँ पुग्यो होला ?

चमत्कारी विकास

अग्ला स्काइस्क्र्यापरको म उति साह्रो प्रशंसक नभएकाले छन्दुका गगनचुम्बी भवनले उति तानेनन् । तर, हामीलाई घुमाइरहेका सिचुवान विश्व विद्यालयका मेधावी विद्यार्थी होमर (चिनियाँ नाम काउ ल्याङ)ले सुनाएको एक तथ्यले सोच्न बाध्य बनायो । सिचुवान प्रदेशमा सन् २००८ मा आठ रेक्टर स्केलको भूकम्प जाँदा करिब ७० हजारको ज्यान गएको थियो । भूकम्पको केन्द्रविन्दु छन्दुबाट ८० किलोमिटर पश्चिम उत्तरमा रहेछ । तर, होमरका अनुसार छन्दुका ती गगनचुम्बी भवनले 'ग्रेट सिचुवान अर्थक्वेक' भनिने त्यो कम्पन थेगेका थिए । अर्को उल्लेख्य पक्ष थियो, नेपालको आधा जनसंख्या रहेको उक्त महानगरमा भूकम्प जोखिमका बाबजुद बनेका 'भर्टिकल' संरचना । काठमाडौँले थेग्न नसक्ने गरी जनसंख्याको चाप बढ्दै गर्दा हामी पनि अपार्टमेन्ट प्रणालीमा जानुपर्ने हो । होमर आफैँ पनि एयरपोर्ट नजिकैको एक अपार्टमेन्टको २५औँ तलामा सपरिवार बस्दा रहेछन् । तर, आफ्नो घर नभई नहुने हामीलाई यो कुरा कसले सम्झाइदिने ?

छन्दुमा केही दिन बिताउँदा थाहा भयो, उदारीकरण र आर्थिक वृद्धिको जग बसाल्ने आधुनिक चीनका नेता देङ सियाओ फिङले आफ्नो गृहनगरलाई प्राथमिकता दिएका रहेनछन् । उनले चाहेका भए त्यसो गर्न सक्थे तर सिचुवान प्रान्तमा जन्मिएका देङले बेइजिङ, सांघाईजस्ता सहरको विकासपछि मात्र आफ्नो गृह प्रदेशलाई ध्यान दिए रे ! सन्देश प्रस्ट छ, पहिला पूरै देशको विकास अनि मात्र आफ्नो जिल्ला वा नगरको । आफ्नो क्षेत्रमा बजेट पार्न मरिहत्ते गर्ने हाम्रा राजनीतिकर्मीले यो कुरा मनन गर्लान् ?

नाकचुच्चे रेलको अनुभव

पहिलेको 'रेलै घुमेर, गयो बैनीको आधी उमेर...' देखि पछिल्लो 'पूर्व-पश्चिम रेल...'सम्म आउँदा संगीतको स्वाद बनेर जनजिब्रोमा रेल झुन्डिएकै हो । कलेज पढ्दाताका साथी राजेन्द्र घिमिरेको विवाहमा चक्रघट्टी (सुनसरी) जाँदा रेलवे लिगको अवशेष हेर्नेदेखि '५० को दशकमा नेपालगन्जमा एमालेको महाधिवेशनको रिपोर्टिङ गर्न जाँदा रूपैडिहा पुगेर भारतीय रेलको अनुभव लिइएकै हो ।

नेपालमा चिनियाँ रेलको चर्चा चल्दै गर्दा हामीलाई आतिथ्य दिने होमरको सौजन्यमा छन्दुबाट दुई स्टेसन परसम्म चीनको अत्याधुनिक द्रुत रेल चढ्ने मौका मिल्यो । घरेलु विमानस्थलको भूमिगत स्टेसनमा सुलुलुलु आइपुगेको नाकचुच्चे रेलका डिब्बाका ढोका खुले । हामी भित्र पस्यौँ र पायौँ आफूलाई विमानभित्रझैँ । केहीबेरमै स्टेसन छाडेको रेलको हाम्रो डिब्बाअगाडिको स्क्रिनमा गति लेखिएको थियो, १५० किमि प्रतिघन्टा । होमरले रेल सहरनजिक गुडिरहेकाले मात्र गति धीमा भएको नत्र तीन सय किमि प्रतिघन्टासम्म पुग्ने बताए ।

वास्तवमै सफ्ट पावरका लागि पान्डा प्रजनन केन्द्र खोलेको चीनले पछिल्लो समय विकास गरेको उच्च प्रविधिको द्रुत रेल सेवा सबैको चासोको विषय बनेको छ । युरोप-अमेरिकामा समेत यस्तो द्रुत रेल प्रविधि विस्तार गर्ने राष्ट्रपति सीको योजना छ । चीनको सानो छिमेकी नेपालमा चाहिँ हिमाल र तिब्बतका पठार छिचोलिरहेको रेल मार्ग केरूङ हुँदै काठमाडौँ आइपुग्ने व्यग्रतापूर्वक प्रतीक्षा भइरहेको छ ।

यो नै हो त नेपाल जाने रेल ? मेरो प्रश्नको जवाफ होमरसँग थिएन । तर, मलाई त्यसको वास्ता पनि थिएन । म त चिनियाँ रेल नेपाल आइपुगेको स्वैर कल्पनामा मस्त थिएँ । ◆

सदा सुरक्षित

आफ्नै क्लिङ्करद्वारा उत्पादित

एडभान्स सिमेन्ट

ADVANCE GROUP

अरनिको सिमेन्ट ईन्डष्ट्रिज
अरनिको आँबुखैरेनी सिमेन्ट ईन्डष्ट्रिज
रोल्पा सिमेन्ट प्रा. लि.

BAJAJ MOTORCYCLES
पेट्रोल बाहेक सबै खर्च हाम्रो !
- २ वर्षसम्म नि:शुल्क -
स्पेयर पार्टस् + इञ्जिन आयल + सर्भिसिङ + लेबर खर्च
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
BUSINESS ADVANTAGE - 5823 - 2017
*शर्तहरु लागू हुनेछन् ।
Discover
थप जानकारीको लागि आफ्नो नजिकको बजाज शोरुममा जानुहोस् ।
अब नयाँ डिस्कभर बाइक किन्नुहोस् र २ वर्षसम्म स्पेयर पार्टस्, इञ्जिन आयल, सर्भिसिङ र लेबर खर्च नि:शुल्क प्राप्त गर्नुहोस् ।*
SOLE DISTRIBUTOR FOR NEPAL:
Hansraj Hulaschand & Co. Pvt. Ltd.
Teku Road, Kathmandu., Ph. No: 4230001/4268088
Fax: 4220491 Url: bajajauto.com.np /hhbajaj
Discover 150
Rs. 204,900
Discover 125
Rs. 187,900 (Disc)
Rs. 178,900 (Drum)